# अध्याय एक

## १. पृष्ठभूमि (Background)

### १.१ नेपालमा पत्रकारिताको विकास

पन्ध्रौं शताब्दीदेखि आधुनिक छपाई प्रविधि सुरु भए पनि नेपालमा प्रेस आउन चार सय वर्ष कुर्नुपर्‍यो । वि.सं. १९०८ मा बेलायत भ्रमणबाट फर्कंदा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले प्रेस ल्याएका थिए । प्रेस स्थापना भएको ४७ वर्षपछि मात्रै नेपालमा पहिलो पत्रिकाको रूपमा *सुधासागर* मासिक प्रकाशित भयो । यो नै नेपाली भाषामा नेपालबाटै प्रकाशित पहिलो पत्रिका हो । यसअघि मोतीराम भट्टले वि.सं. १९४५ सालमा बनारसबाट प्रकाशित गरेको *गोरखाभारत जीवन* लाई नेपाली भाषामा प्रकाशित पहिलो पत्रिकाको रूपमा लिइन्छ ।"*गोरखा भारत जीवन* साप्ताहिक वा मासिक कुन रूपमा निस्कियो, यकिनका साथ भन्न नसकिए पनि त्यो पत्रिका लगभग दुई वर्षसम्म चलेको दाबी इतिहासकारहरूको छ ।" (पाण्डे, २०५५ : १)

वि.सं. १९५५ मा काठमाडौंबाट *सुधासागर* को प्रकाशन भइरहेका बेला बनारसमा मासिक रूपमा *उपन्यास तरंगिणी* नामक साहित्यिक पत्रिका प्रकाशित थियो । तर, यो पत्रिका केही अंक प्रकाशित भएपछि बन्द भयो । त्यसैबेला देहरादुनमा *जागृत गोरखा* नामक त्रैमासिक पत्रिका प्रकाशित थियो । वि.सं. १९५८ मा दार्जीलिङबाट *गोर्खेखबर कागज* को प्रकाशन सुरु भयो । यसलाई दार्जीलिङबाट नेपाली भाषाको पत्रिका प्रकाशनको प्रारम्भविन्दु मान्न सकिन्छ । "*गोर्खेखबर कागज* ४० वर्षसम्म लगातार प्रकाशित भएर वि.सं.१९९८ मा बन्द भएको थियो ।" (पाण्डे, २०५५ : ३) । यता नेपालमा भने *सुधासागर* प्रकाशित भएको तीन वर्षपछि सरकारकै सक्रियतामा साप्ताहिक रूपमा [1] *गोर्खापत्र* प्रकाशित भयो ।

> *सुधासागर* मासिक पत्रिका निस्केको करिब दुई वर्ष दश महिनापछि संवत् १९५८ बदी सोमबारको दिन नेपालबाट निस्केको पत्रिकामा माहिलो भई *गोरखापत्र* जन्मियो । पत्रिकाको लहरमा यो माहिलो पत्रिका भए पनि नेपाली माटोमा समाचारपत्रको रूपमा उम्रेका बिरुवाहरूमा यसलाई जेठो मान्नुपर्छ । श्री नरदेव मोतीकृष्ण शर्माद्वारा श्री पशुपतप्रेस ठहिटी नेपालमा छापिई भर्खर निस्कँदा सात-सात दिनमा प्रत्येक सोमबारको दिन यसलाई भेट्न सकिन्थ्यो । (देवकोटा, ०५९ : २९)

वि.सं. १९६३ मा बनारसमा रहेका नेपालीहरूले साहित्यिक पत्रकारिता गर्ने क्रममा *सुन्दरी* नामक साहित्यिक मासिक पत्रिकाको सुरुवात गरे । तर, यो पत्रिका १८ महिनापछि नै बन्द भयो । यो पत्रिका बन्द

[1]त्यतिखेर साप्ताहिक रूपमा प्रकाशित भएको त्यही *गोर्खापत्र* ४२ बर्षपछि पहिलोपटक वि स २००० साल असोज २९ गतेदेदि साताको दुईपटक,वि.सं.२००३ साल पुष ८ गतेदेदि साताको ३ पटक हुँदै वि स २०१७ साल फागुन ७ गतेदेदि दैनिक रूपमा प्रकाशित भएको हो । अहिले पनि यो *गोरखापत्र*को नामले नियमित रूपमा प्रकाशित हुँदै आएको छ । त्यसैले अनुसन्धानका क्रममा लेखिएको *गोर्खापत्र* र *गोरखापत्र* एउटै पत्रिका हुन् ।

भएको लगत्तै *माधवी* नामक साहित्यिक मासिकको प्रकाशन सुरु भयो । यो पत्रिका पनि लामो समयसम्म टिक्न सकेन । प्रकाशन सुरु भएको ८ महिनापछि नै बन्द भयो ।

वि.सं. १९७० को दशक नेपाली पत्रकारितामा महत्त्वपूर्ण मानिन्छ । यो अवधिमा प्रवासबाट *चन्द्र, गोर्खाली, चन्द्रिका, जन्मभूमि* जस्ता पत्रिकाहरू प्रकाशित भए । दार्जीलिङबाट प्रकाशित हुने *गोर्खाली*को मुख्य उदेश्य चन्द्रशम्शेरको शासनको विरोध गर्नु थियो । "*गोर्खाली*को प्रभाव कम गर्न असफल भएपछि चन्द्रशमशेरले अंग्रेज सरकारसँग अनुरोध गरेर एक वर्षपछि गोर्खाली बन्द गराए । नेपाली पत्रकारितामा सरकारी कोपको सिकार हुने पहिलो पत्रिका र पहिलो उदाहरण *गोर्खाली* नै थियो ।" (पाण्डे, २०५५ : ५)

वि.सं. १९८० को दशक पनि नेपाली पत्रकारिता प्रवासमा नै केन्द्रित रह्यो । तर, त्यतिखेर प्रवासमा पनि नेपाली पत्रकारिताको केन्द्र बनारस नभई देहरादून थियो । देहरादूनबाट ठाकुर चन्दनसिंहले वि.सं.१९८२ मा *गोरखासंसार* प्रकाशित गरे भने अर्को वर्ष *हिमालय टाइम्स* नामक अंग्रेजी साप्ताहिकको प्रकाशन सुरु गरे । *हिमालय टाइम्स*मा *गोरखासंसार*कै समाचारका सारांशहरूको अंग्रेजी उल्था प्रकाशित हुन्थ्यो । पछि उनले चन्द्रशमशेरको प्रलोभनका कारण यी प्रकाशन बन्द गरे । र, सिहंदरबारकै सहयोगमा *तरुण गोरखा*को प्रकाशन आरम्भ गरे । "नेपाली पत्रकारिताको इतिहासमा सरकारले पत्रकारहरूलाई प्रलोभन दिएर आफ्नो पक्षमा गराएको यो नै पहिलो घटना थियो ।" (पाण्डे, २०५५ : ६) । यही ८० कै दशकमा वनारसबाट *राजभक्ति*, दार्जीलिङबाट *आदर्श* मासिक प्रकाशित भएका थिए ।

यता नेपालमा भने ८० को दशकमा पनि *गोर्खापत्र* बाहेक अर्को अखबार थिएन । *गोर्खापत्र* सरकारी सूचनापत्रका रूपमा परिवर्तन भइसकेको थियो । *गोर्खापत्र* बाहेक नेपालबाट प्रकाशित हुने अरू नेपाली पत्रिका पढ्नका लागि चाहिं ९० को दशक पर्खिनुपर्‍यो । वि.सं. १९९१ को फागुन महिनामा *शारदा* साहित्यिक मासिकको प्रकाशन सुरु भयो । साहित्यिक पत्रिका भए पनि तत्कालीन नेपालको विषम राजनैतिक तथा सामाजिक परिवेशलाई उद्घाटन गराउन *शारदा* ले विशेष भूमिका निर्वाह गरेको पाइन्छ । यो पत्रिका लगातार रूपमा २७ वर्षसम्म प्रकाशित भएर बन्द भयो । वि.सं. १९९२ को भदौदेखि *उद्योग* नामक पाक्षिक पत्रिकाको प्रकाशन सुरु भयो । प्रवासबाट पनि पत्रिकाहरू प्रकाशित भइरहेका थिए । वि.सं. १९९२ मा सिलाङबाट *गोरखा सेवक*, वि.सं. १९९३ मा बनारसबाट *उदय* मासिकजस्ता पत्रिकाहरू प्रकाशित भए पनि यी पत्रिकाहरू छोटो समयमै बन्द हुन पुगे ।

वि.सं. २००० सालसम्म साहित्यिक पत्रिकाहरू मात्रै प्रकाशित थिए । एकतन्त्रीय जहाँनिया राणाशासनका कारण राजनीतिक विचारप्रधान पत्रिकाहरू खासै प्रकाशित हुन सकिरहेका थिएनन् । प्रवासबाट विस्तारै राणाविरोधी पत्रिकाहरूको प्रकाशन आरम्भ हुन थालेको थियो । यही क्रममा वि.सं. २००४ सालमा बनारसबाट *युगवाणी* प्रकाशित भयो, जसले राणाशासनविरुद्धका राजनीतिक लेखहरूलाई प्रमुखताका साथ छाप्ने गर्दथ्यो । वि.सं. २००५ साल कात्तिकदेखि कलकत्ताबाट प्रकाशित *नेपाल पुकार* पनि राणाशासनको विरुद्ध देखापर्‍यो । नेपाली पत्रकारिताको इतिहासमा सात सालको क्रान्तिलाई सफल पार्न यी दुवै पत्रिकाहरूको योगदान उल्लेखनीय रहेको छ ।

राणाशासनको आखिरी समयताका चाहिं नेपालबाटै पनि राजनीतिक विषयलाई समावेश गरिएका पत्रिकाहरू प्रकाशित हुन थालेका थिए । वि.सं. २००७ साल फागुन ४ गतेदेखि *जागरण* साप्ताहिक प्रकाशित

भयो । त्यसको केही दिनमा नै नेपालमा प्रजातन्त्रको स्थापना भयो । त्यसपछि पत्रपत्रिकाहरूको प्रकाशनमा बाढी नै आयो । प्रजातन्त्र स्थापना भएको भोलिपल्ट ८ फागुन २००७ देखि *आवाज* दैनिकको सुरुवात भयो ।

वि.सं. २०११ सालमा पशुपतदेव पाण्डेको सम्पादनमा *समाज* दैनिक प्रकाशन सुरु भयो । यसै कालखण्डमा *सन्देश, दैनिक समाचार, नेपाली समाचार, जय नेपाल, नेपाल भाषा, नेपाल टाइम्स, द कमनर, समय, हालखबर, एभरेष्ट न्युज, सही सन्देश, सत्याग्रह, दियालो, पासा, गोरेटो, भूगोलपार्क, नयाँ समाज, स्वतन्त्र समाचार, जनमत, डेली मिरर, जनता, मदरल्याण्ड, तरंग, राँको, झिल्को, राष्ट्रवाणी, आलोक, सही रस्ता, युगदुत* जस्ता पत्रपत्रिकाहरू प्रकाशित भए । यी पत्रिकाहरू कुनै न कुनै रूपमा राजनीतिक पार्टीसँग सम्बन्धित थिए ।

> वि.सं. २००७ देखि २०१७ सालसम्मको प्रकाशन गतिविधि राजनीतिक पार्टीसँग प्रत्यक्ष सम्बन्धित हुन पुग्यो । प्रकाशनहरू कुनै न कुनै राजनीतिक दलको मुखपत्रको रूपमा बजारमा देखिन थाले । कुनै कम्युनिस्ट पार्टीको प्रखर मुखपत्रको रूपमा आउन थाले भने अधिकांश समाचारपत्रहरू नेपाली कांग्रेसको वकालत गर्नमा आफूलाई सबल देखाउन थाले । त्यस्तै स-साना पार्टीहरूले पनि आफ्नो प्रचार माध्यम मुखपत्रको रूपमा प्रकाशनलाई बनाउन नसके पार्टी अस्तित्व नै समाप्त हुने अनुभव गर्न थाले र प्रकाशन दर्ता गरी प्रचार गर्न सुरु गरे । (वकहुलवादी नेपाली समाजमा आमसञ्चार, २०५४ : ८०) ।

वि.सं. २०१७ सालको राजनीतिक परिवर्तनपश्चात् प्रकाशनको क्षेत्रमा पनि परिवर्तन आयो । राजनीतिक विविधताको कुराहरू एकीकृत हुन पुगे । पञ्चायत व्यवस्थालाई आघात पुऱ्याउने कुनै पनि वास्तविक कुराहरू प्रेसमा आउन नसक्ने कानुनी प्रावधान राखिए । यसले गर्दा प्रेसको भूमिका साँघुरिएन मात्रै कतिपय पंचायतविरोधी विचारधाराका पत्रिकाहरूलाई प्रतिबन्ध नै लगाइयो । "राजनीतिक उद्देश्यले प्रकाशित पत्रपत्रिका तथा पार्टीका मुखपत्र वि.सं.२०१७ साल पुस १ गतेदेखि बन्द गरिए ।" (पाण्डे, २०५५ : ४७) । त्यसैले यस अवधिमा राजनीतिक पत्रपत्रिकाभन्दा पनि साहित्यिक पत्रपत्रिकाहरू बढी प्रकाशित भए । त्यतिखेर *नेपाली रूपरेखा, स्वास्नीमान्छे, साहित्य, धरती, रचना, मुकुट, सिंहनाद, बगैंचा, विहान, भानु, रत्नश्री, अरूणोदय, फूलपाती, पूर्णिमा* जस्ता साहित्यिक पत्रिकाहरू थिए । २०१७ सालदेखि २०३६ सालसम्मको अवधिमा निरंकुश पंचायती व्यवस्थाका कारण राजनीतिकभन्दा साहित्यिक पत्रपत्रिकहरूकै बाहुल्यता रह्यो । राजनीतिक विषयवस्तु समेटिएका पत्रपत्रिकाहरू पनि पंचायतको गुणगान गाउनमा मात्रै सीमित थिए ।

वि.सं. २०३६ सालको जनमतसंग्रहका लागि गरिएको शाही घोषणापछि चाहिं नेपाली पत्रकारिता नयाँ चरणमा प्रवेश गऱ्यो । छापाखाना र प्रकाशनसम्बन्धी विद्यमान ऐन कानुनहरू निष्क्रिय भए । जनमतसँग्रहको घोषणालाई प्रचार प्रसारका लागि छुट दिने व्यवस्था गरियो । वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन, २०३७ को दफा ३ (१) मै उल्लेख गरियो, "कसैले आमसभा, जुलुस वा प्रदर्शन गर्दा जनसाधारणको सुविधा र सार्वजानिक हितलाई ध्यानमा राखी स्थानीय प्रशासनद्वारा मनाही गरिएको ठाउँ र समयमा बाहेक अन्य ठाउँ र समयमा आमसभा, जुलस वा प्रदर्शन गर्न पाउनेछ ।" (प्रेस काउन्सिल नेपाल, ०४९ : १९९)

त्यस्तै सोही ऐनको दफा ३ (२) मा "कसैले पोस्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्दा वा भित्तामा लेख्नेजस्तो काम गर्दा जनसाधारणको सुविधा र सार्वजनिक हितलाई ध्यानमा राखी स्थानीय प्रशासनद्वारा

मनाही गरिएको ठाउँमा बाहेक अन्य ठाउँमा टाँस्न वा लेख्ने काम गर्न पाउनेछ" (प्रेस काउन्सिल नेपाल, ०४९ : १९९) भन्ने उल्लेख गरियो । ऐनमा गरिएका यस्ता प्रावधानहरूका कारण नेपाली पत्रकारिताले केही खुला वातावरणको अनुभव गरेको थियो । त्यसैले कतिपय पत्रिकाहरूले प्रष्ट रूपमा प्रजातान्त्रिक परिवर्तनको पक्षमा वकालत गर्न थाले भने केही पत्रिका पंचायती व्यवस्थाकै पक्षमा समेत उभिएका थिए । त्यतिखेर पंचायती व्यवस्थाका हिमायती र बहुदलीय शासन व्यवस्थाका पक्षधर प्रकाशनहरूबीच जुहारी नै चलेको थियो । "जनमतसँग्रहपछि नेपालमा प्रकाशनहरू स्पष्टतः दुई खेमामा विभाजित भएका थिए । पहिलो खेमा जो पंचायतको पक्षमा वकालत गर्दथे भने दोस्रो खेमामा विभाजित बनेका प्रकाशनहरू जनमतसँग्रहको समयमा खुलेर अभ्यास गर्न पाएको अवसर चुकाउन चाहँदैनथे ।" (बहुलवादी नेपाली समाजमा आमसञ्चार, २०५४ : ८२) ।

नेपाली पत्रकारिताले केही मात्रामा खुला वातावरणको अनुभव गरिरहेको यस समयमा प्रकाशन दर्ता गराउने होडबाजी नै चल्यो । तर, प्रकाशन दर्ता गराउनेसँगै केही अंक निकालेर बन्द गर्नेहरूको संख्या पनि उल्लेखनीय नै रह्यो । यो प्रवृत्ति २०३७ सालको जनमतसँग्रहसम्म रह्यो । जनमतसँग्रहपश्चात् पनि पत्रपत्रिकाहरू राजनीतिक रूपमा विभाजित नै देखिए । कसैले पंचायती व्यवस्थाको समर्थन गरे त केही पत्रपत्रिकाहरू यसको विरोधमा देखिए । "नेपालमा जनमत सग्रहपछि सुरु भएको सशक्त पत्रकारिताको स्वरूप केही व्यावसायिक देखिए पनि यो मिसन पत्रकारिता नै थियो ।" (पाण्डे, २०५५ : ७०) । यस अवधिमा *राष्ट्रपुकार, देशान्तर, जनसंवाद, राजधानी, माध्यम, दृष्टि, प्रकाश, छलफल, समीक्षा, पुनर्जागरण, समाज, मातृभूमि, रातो युगधारा, नेपाल टाइम्स, कमनर, प्रतिध्वनि, जन्मभूमि, विमर्श, नेपाल पोस्ट* लगायतका दैनिक तथा साप्ताहिक पत्रिकाहरू प्रकाशित थिए ।

०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भयो । त्यतिन्जेलसम्म देशमा सरकारी लगानीमा *गोरखापत्र* र *दी राइजिङ् नेपाल* प्रकाशित थिए । निजी क्षेत्रको लगानीमा ठूला आकारका दैनिक पत्रिकाहरू प्रकाशित थिएनन् । साप्ताहिक पत्रिकाहरू भने थुप्रै थिए । ती साप्ताहिक पत्रिकाहरूको प्रमुख उद्देश्य पंचायती व्यवस्थालाई ढाली बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु थियो । यस हिसाबले पनि साप्ताहिक पत्रिकाहरूको मुख्य मिसन भनेकै प्रजातन्त्रको पुनःस्थापना गराउनु रहेको थियो ।

> वि.सं. २०४६ सालको जनआन्दोलनमा नेपाली पत्रकारहरूले पनि सेन्सरसिप, गिरफ्तारी, यातना र मुद्दा सहेर पनि आन्दोलनको पूर्वतयारीदेखि नै जनताको अभिमत बनाउने सक्दो प्रयास गरे । पत्रकारहरूले विदेशमा बसेर पनि नेपाली आन्दोलनबारे समाचार प्रकाशित गराएर विश्व जनमतलाई जनआन्दोलनबारे सुसूचित गराए । (पाण्डे, २०५५ : ६७) ।

यस हिसाबले प्रजातन्त्रको पुनःस्थापनाका लागि साप्ताहिक पत्रिकाहरूको भूमिका उल्लेखनीय रहेको देखिन्छ । प्रजातन्त्रको पुनःस्थापनापछि नेपाल अधिराज्यको संविधान, ०४७ जारी भयो । संविधानको धारा १३ मा छापाखाना तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था गरियो ।[2] संविधानमा नै प्रेस स्वतन्त्रताको प्रत्याभूति

---

[2] संविधानको धारा १३ को उपधारा १ मा 'कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्नुपूर्व प्रतिबन्ध लगाइने छैन । तर, नेपाल अधिराज्यको सार्वभौमसत्ता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली, बेइज्जती वा अदालतको अपहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन' भन्ने उल्लेख गरियो । उपधारा २ मा 'कुनै

भएपछि पत्रिकाको प्रकाशनमा वृद्धि मात्र भएन, नाफा आर्जन गर्ने लक्ष्य लिएरसमेत पत्रपत्रिकाहरू प्रकाशित हुन थाले ।

> २०४७ देखि तीस वर्षे लामो उकुसमुकुस हटेको हुँदा नेपाली बौद्धिक जमात एक्कासि जुर्मुराएको अवस्थामा राजनैतिक-आर्थिक खुलापनको व्यापक उपयोग गर्दै पत्रपत्रिकाहरू प्रकाशित हुन थाले । २०४७ सालको संविधानले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई स्थापित गऱ्यो । नयाँ-नयाँ उपकरण र प्रविधि भित्रँदै गए । सीप, दक्षता पत्रकारितामा लाग्दै गए । पत्रकारितामा व्यावसायिकता बढ्यो । प्रेसमा उद्योगी व्यापारी वर्गको निवेश (लगानी) आकर्षित भयो । (लामिछाने, भुसाल, शर्मा २०५९ : ३२-३३) ।

प्रजातन्त्र पुनःस्थापनाको दुई वर्षपछि २०४९ सालमा *कान्तिपुर* र *दी काठमान्डु पोष्ट*को प्रकाशन आरम्भ भयो । "यसले सरकारी नियन्त्रणका दुई दैनिकको एकाधिकारलाई तोड्दै व्यावसायिक पत्रकारिताको बीउ मात्रै रोपेन, मिडियामा लगानी गर्न अरूलाई पनि बाटो देखाइदियो ।" (गौतम र हुमागाईं, ०६१ : २५) । यी दुवै पत्रिकाहरूको सफलता अरूको लागि प्रेरणादायी बन्यो । परिणामस्वरूप ब्रोडसिट दैनिक पत्रिकाहरू प्रकाशन गर्ने लहर नै चल्यो । २०५२ सालमा *हिमालय टाइम्स, लोकपत्र, आजको समाचारपत्र, एभरेष्ट हेराल्ड* र *श्रीसगरमाथा* दैनिक गरी पाँच ब्रोडसिट दैनिकहरू बजारमा आए । यीमध्ये *आजको समाचारपत्र* अहिले *नेपाल समाचारपत्र*को नाममा प्रकाशित भइरहेको छ भने *हिमालय टाइम्स* जेनतेन चल्दैछ । बाँकी तीन ब्रोडसिट *सगरमाथा, एभरेष्ट हेराल्ड* र *लोकपत्र* डेढ वर्षको अन्तरालमै बन्द भए । "यी दैनिकहरू बन्द हुनु पछाडिका मुख्य कारण व्यवस्थापकीय कमजोरी र लगानीको अभाव नै थिए ।" (गौतम र हुमागाईं, ०६१ : २४-३१)

एकातिर ठूला लगानीका ब्रोडसिट दैनिकहरू बन्द भए भने अन्य दैनिक पत्रिकाहरू प्रकाशित हुने क्रम पनि  रोकिएन । २०५७ सालमा *स्पेसटाइम* दैनिक र *स्पेसटाइम टुडे* एकसाथ प्रकाशन सुरु भए । त्यसको पछिल्लो वर्ष *राजधानी* दैनिकको प्रकाशन सुरु भयो । यसमध्ये *स्पेसटाइम* र *स्पेसटाइम टुडे* बन्द भइसकेको छ भने *राजधानी* अहिले पनि प्रकाशित हुँदै आएको छ । त्यस्तै पछिल्लो समय प्रकाशित भएका *दी हिमालयन टाइम्स* अंग्रेजी दैनिक र *अन्नपूर्ण पोष्ट* पनि नियमित रूपमा प्रकाशित छन् । यता ०४६ अघि र ०५० को हाराहारीसम्म पनि पाठकमाभ्र राम्रै प्रभाव जमाएका साप्ताहिक अखबारहरूको बजार र पाठक स्वात्तै घटेको छ । उनीहरू पुरानै ढर्राबाट चलेका कारण पनि यस्तो संकट भोग्न बाध्य भएका हुन् । यद्यपि आफ्नो अस्तित्व नै संकटमा पर्ने देखेपछि कतिपय साप्ताहिक पत्रिकाहरूले व्यावसायिकता र प्रविधि सुहाउँदो हिसाबले आफूलाई परिमार्जन गर्न पनि थालेका छन् । *दृष्टि, देशान्तर, विमर्श* जस्ता साप्ताहिक पत्रिकाहरू रंगीन कलेवरमा प्रकाशित हुनुलाई पनि त्यही संकेतको रूपमा लिन सकिन्छ ।

म्यागेजिन पत्रकारिताको क्षेत्रमा पनि अहिले आएर ठूलो परिवर्तन भइसकेको छ । यतिखेर *हिमाल, नेपाल, समय* लगायतका विश्लेषणात्मक म्यागेजिनहरू प्रकाशित भइरहेका छन् । अंग्रेजीमा पनि *स्पटलाइट*

---

समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन' भनी उल्लेख गरियो । उपधारा ३ मा कुनै समाचार लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरेबापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन भन्ने कुरा उल्लेख छ ।

प्रकाशित छ भने साप्ताहिक रूपमा अंग्रेजीमा प्रकाशित हुँदै आएको अंग्रेजी म्यागेजिन *नेशन* चाहिं हाल बन्द भइसकेको छ । "प्रेस काउन्सिलको अभिलेखअनुसार आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्म समाचारमूलक पत्रपत्रिकाको कुल दर्ता संख्या २१८१ पुगेको छ । यसमध्ये दैनिक पत्रिकाको संख्या ३०७, अर्ध साप्ताहिक २१, साप्ताहिक १५५९ र पाक्षिक २९४ वटा रहेका छन् ।" (प्रेस काउन्सिल नेपाल, २०६२ : ७१-७२)

**१.२ साप्ताहिक पत्रिका र राजनीतिक पत्रकारिताको उदय**

झन्डै एक शताब्दीभन्दा लामो नेपाली पत्रकारिताको इतिहास साप्ताहिक पत्रिकाबाटै सुरु भएको पाइन्छ । वि.सं. १९५८ सालमा प्रकाशित *गोर्खापत्र* नै नेपालबाट नेपाली भाषामा प्रकाशित पहिलो साप्ताहिक पत्रिका हो । प्रथमपटक प्रकाशित भएको साप्ताहिक *गोर्खापत्र*लाई आधार मान्ने हो भने नेपाली साप्ताहिक पत्रिकाले एक सय पाँच वर्षको गौरवमय इतिहास पूरा गरिसकेको छ । "*गोरखापत्र*मा सरकारी लगानी रहे पनि निजीस्तरबाट प्रकाशित पहिलो साप्ताहिक भने *युगवाणी* थियो, जुन चाहिं *गोरखापत्र* प्रकाशन सुरु भएको आधा शताब्दीपश्चात् अर्थात् वि.सं. २००४ माघ १३ गते प्रकाशन सुरु भएको थियो ।" (कार्की, ०६० : २४-२५) । राणाशाासनको विरुद्धमा जनचेतना जागृत गराउने उद्देश्यले प्रवासमा बस्ने नेपालीहरूद्वारा बनारसबाट यो पत्रिका प्रकाशित गरिएको थियो । *युगवाणी*को प्रकाशनपश्चात् भारतको कलकत्ता, बनारस, दार्जीलिङ आदि ठाउँबाट *गोर्खाली, राजभक्ति, गोर्खा संसार, तरुण गोर्खा, नेपाल पुकार* लगायतका पत्रिका प्रकाशित भएका थिए । *गोर्खापत्र*पछि नेपालबाटै साप्ताहिक पत्रिका प्रकाशन हुन चाहिं करिब ५१ वर्ष पर्खिनुपऱ्यो । वि.सं.२००७ साल फागुन ४ गते हृदयचन्द्र सिंहको सम्पादनमा पहिलोपटक नेपालबाट नेपाली भाषामा *जागरण* साप्ताहिक प्रकाशित भयो ।

> प्रजातन्त्रको स्थापनासँगै वि.सं. २००७-२०१७ को खुला अवधिमा विभिन्न राजनीतिक दल र अन्य संस्थाहरूले प्रजातान्त्रिक हक र अधिकारहरूको सदुपयोग गर्दै पत्रपत्रिका संचालन गर्न पुगे । यो अवधिभित्र जम्मा ३५ वटा साप्ताहिक पत्रिकाहरू दर्ता भए । यीमध्ये *नेपाल पुकार, राष्ट्रवाणी, प्रकाश, जनवाणी, नवयुग, जनमत* इत्यादि पत्रिकाहरूले विभिन्न राजनीतिक दल र तिनीहरूका विचारको प्रतिनिधित्व गर्दथे । (कार्की, ०६० : २४-२५) ।

त्यसै समय *तरंग, नेपाल गजेट, नव नेपाल, झिल्को, सही रस्ता, हलचल, मसाल, जनमत* आदि साप्ताहिक पत्रिका प्रकाशित भए । यसैबीचमा हिन्दी भाषामा समेत साप्ताहिक पत्रपत्रिकाहरू प्रकाशित भएका थिए ।

> हिन्दी भाषाका पत्रिकाहरूमा २००८ साल श्रावण १५ गते श्री भोजबहादुरसिंह न्यौपानेको सम्पादनमा *तरंग* साप्ताहिक निस्कियो । यसले आफ्नो जीवनकालमा सरकारको आलोचना गरी जनतामा राजनैतिक चेतना दिलाउन निक्कै अग्रसर भयो । यस पत्रिकामा विरोधी पार्टीहरूले पनि स्थान पाउने गरेको थियो । यो पत्रिका वर्ष एक संख्या १८ भन्दा पछि देखा पर्न छोड्यो (देवकोटा, ०५९ : ३७) ।

प्रजातन्त्रको खुला वातावरण भएकाले २००७ देखि २०१७ सालको अवधिमा धेरै पत्रपत्रिकाहरू प्रकाशित भए । त्यसमध्ये धेरैजसो साप्ताहिक पत्रिकाहरू नै थिए । कमजोर लगानीमा प्रकाशित हुने यी पत्रिकाहरूले आर्थिक समस्याका कारण निरन्तरता पाउन चाहिं धेरै गाह्रो थियो । त्यसैले पनि यसबीचमा

साप्ताहिक पत्रिकाहरू प्रकाशित हुने र बन्द हुने क्रम चलिरह्यो । त्यसबेला प्रकाशित भएकामध्ये कतिपय साप्ताहिक पत्रिकाहरू उल्लेखनीय छन् । संसदीय व्यवस्थाको स्थापना भएका बखत वि.सं. २०१७ साल वैशााख ३० गते मदनमणि दीक्षितको सम्पादनमा निस्केको *समीक्षा* साप्ताहिक यस्तैमध्येको एक हो । यसले लिएको नीति र समाचार शैली पनि त्यतिखेरका अन्य साप्ताहिक पत्रिकाको भन्दा फरक रहेको पाइन्छ ।

> यस पत्रिकामा समाचारलाई समीक्षात्मक रूपबाट प्रस्तुत गर्नु, सहयोगीको विचार शीर्षक निकाल्नु, व्यक्तित्वको खोजी शीर्षकमा प्रमुख व्यक्तित्वहरूको मूल्यांकन आधारित परिचय दिनु, इतिहासको पाना स्तम्भ र सामयिक चर्चा स्तम्भ आदि नयाँनयाँ शीर्षक र स्तम्भ निकाल्ने गरेको पाइन्छ, जो यसभन्दा अगाडिका अन्य पत्रिकाहरूमा देखा पर्ने गरेको थिएन । साथै यस पत्रिकाको लेखनशैलीमा पनि एउटा नयाँपन पाइन्छ । जसले गर्दा यसको नीतिभन्दा स्तर उठेको छ भन्नुपर्छ । (देवकोटा, ०५९ : ३८)

त्यतिखेरका साप्ताहिक पत्रिकाहरूको उद्देश्य राजनीतिक चेतना जागृत गराउनु रहेको थियो । *समीक्षा* साप्ताहिकले पनि आफ्नो पहिलो सम्पादकीयमा "जनमत सँगठित गर्न र जनताको राजनैतिक चेतनालाई माथि उठाउन" (देवकोटा, ०५९ : ११७) पत्रिका प्रकाशित गरिएको कुरा उल्लेख गरेको थियो । त्यतिखेर विभिन्न राजनीतिक दल र तिनका वर्गीय सँगठनहरूले पनि आ-आफ्नै मुखपत्र प्रकाशित गर्न थाले । "२००७ सालको परिवर्तनपछि जुन किसिमबाट नेपालमा राजनैतिक संस्थाहरूको जन्म भयो, त्यस्तै किसिमबाट ती संस्थाहरूले आफ्नो मुखपत्रको रूपमा अथवा आफूले आवश्यक आर्थिक सहायता र निर्देशन दिई सर्वसाधारणको सामुन्ने स्वतन्त्र रूपमा वा मुखपत्रसमेत नभनी आफूद्वारा पूर्ण संचालनमा विभिन्न पत्रिकाहरू प्रकाशमा ल्याइए ।" (देवकोटा, ०५९ : ९४) । अन्य कतिपय पत्रिकाहरू पनि राजनैतिक दल र संगठनकै सहयोगमा संचालित थिए ।

> २००७ सालदेखि २०१७ साल मार्ग मसान्तसम्म देखा परेका पत्रपत्रिकाहरूमध्ये धेरैजसो विभिन्न राजनैतिक संगठनहरूको प्रेरणा, सहयोग, सञ्चालन तथा मुखपत्रकै रूपमा जन्माइएका र जन्मिएका हुन् । पछि गएर जसरी राजनैतिक संस्थाहरू दुर्बल भई त्यसको गतिविधिमा शिथिलता आयो, त्यसरी नै निस्केका पत्रपत्रिकाहरू पनि शिथिल भई देखा पर्न छोड्दै गए (देवकोटा, ०५९ : १६१) ।

साप्ताहिक पत्रिकाहरूको प्रकाशन बढिरहेको स्थितिमा वि.सं.२०१७ सालमा प्रजातन्त्रको अन्त्य भयो । र, मुलुकमा दलविहीन पंचायती व्यवस्थाको उदय भयो । २०१७ सालको शाही 'कू' पछि त आर्थिक समस्या भोगिरहेका यी साप्ताहिकहरूले अनावश्यक रूपमा प्रसासनिक हस्तक्षेपसमेत सहनुपऱ्यो । कठोर प्रेस कानुनका अगाडि धेरै साप्ताहिक पत्रिकाहरू टिक्न सकेनन् । "जुन किसिमबाट राजनैतिक संस्थाहरू उदाय र अस्ताए त्यस्तै किसिमबाट ती पत्रिकाहरू पनि प्रकाशित भए र बन्द भए । त्यसमध्ये जति पत्रिकाहरू जीवित थिए, २०१७ सालको परिवर्तनद्वारा राजनैतिक संस्थाहरू अवैध गराइएपछि ती पत्रिकाहरू पनि स्वतः बन्द भए ।"

यद्यपि नयाँ साप्ताहिक पत्रिकाहरू दर्ता हुने क्रम भने रोकिएको थिएन । बरु, राजनीतिक दलहरूले राजनैतिक संस्थाहरूको प्रचार साधनका लागि नयाँ-नयाँ पत्रिकाहरू प्रकाशित गरे । *नेपाल पुकार, नव नेपाल, नेपाल टुडे, आलोक, नेपाल सन्देश, राष्ट्रिय प्रजा सन्देश, राष्ट्रवाणी, नयाँ बाटो, प्रकाश, इन्साफ, जनवाणी,*

*लोकवार्ता, संयुक्त प्रयास, जनप्रयास, नवयुग, मशाल, जनमत, राँको, कर्मवीर, नयाँ मोड, जनमित्र, महिला, प्रतिभा, नेपाल जनहित, राष्ट्रदूत, देशसेवा, स्वतन्त्र समाचार* जस्ता पत्रिकाहरू कुनै न कुनै पार्टी तथा वर्गीय सँगठनबाट संचालित थिए । फलस्वरूप वि.सं.२०२२ सम्म आइपुग्दा साप्ताहिक पत्रिकाहरूको संख्या लगभग सयको हाराहारीमा पुग्यो । "वि.सं. २०१७ सालपछि नेपाली पत्रकारिताको स्थितिमा आमूल परिवर्तन आयो भन्नेमा अतियुक्ति नहोला" (पाण्डे, २०५५ : ४५) । यसरी प्रकाशित भएका पत्रिकाहरूमध्ये कतिपय सत्ताको गुणगान गाउनमा व्यस्त भए भने कतिले चाहिं प्रजातन्त्रका लागि संघर्ष गर्दै अघि बढे । जे होस्, साप्ताहिक पत्रिकाहरू राजनीतिक प्रभावबाट मुक्त हुन सकेनन् ।

> नेपालमा संसदीय व्यवस्था भंग भई पञ्चायती व्यवस्थाको शुरुको समय २०१८ साल श्रावण १८ गतेदेखि श्री रमेशनाथ पाण्डेको सम्पादनमा निस्कन थालेको नेपाली भाषाको *नयाँ सन्देश* साप्ताहिक पल्टाउने हो भने यो जन्मिनुको कारण नै कम्युनिस्ट नीतिको विरोध गर्नु भन्ने देखिन्छ । (देवकोटा, ०५९ : ३८-३९)

कतिपय पत्रपत्रिकाहरू चाहिं सुरुमा सरकारको आलोचक भए पनि पछि गएर सहयोगी बनेका पनि देखिन्छन् । अर्थात्, सुरुमा सरकारी कामकारबाहीका आलोचना गर्ने साप्ताहिकले पछि गएर सरकारले गरेका खराब कामहरूको समेत ढाकछोप गर्ने गरेका थिए । *नयाँ समाज* साप्ताहिकलाई यही रूपमा लिन सकिन्छ ।

> २०१९ साल आषाढ १३ गतेदेखि श्री शिवहरसिंह प्रधानको सम्पादनमा निस्केको हिन्दी भाषाको नयाँ समाज साप्ताहिक हेर्ने हो भने यसले आफ्नो जीवनयात्रामा श्री ५ को सरकारमा बसेका मन्त्रीहरूले गरेका खराब कार्यको आलोचना गर्ने र पछि त्यसलाई ढाकछोप गर्ने गरेको पनि देखिन्छ । सही रूपमा मन्त्रीहरूबाट भए गरेका खराबी जनसमक्ष ल्याउनमा यो चुकेन, चाहे मन्त्रीहरू सत्तामा रहेको अवस्था अथवा सत्ताबाट बाहिर निस्किसकेपछि नै किन नहोस् । साथै अरूलाई गाली गर्नमा पनि यो पछि हट्ने आदतको थिएन । (देवकोटा, ०५९ : ३९)

पञ्चायती व्यवस्थाको कठोरतासँगै पत्रिका प्रकाशनमा पनि नियन्त्रण गरियो । ०१७ साल पुष १ गतेको घटनापछि नेपालको पत्रकारिता एकैसाथ कानुनी बन्देज र प्रशासनिक निगरानीमा पर्‍यो । प्रेस स्वतन्त्रता कुण्ठित भयो । कतिपय पत्रिकाहरू कारबाहीमा परे । यसरी कारबाहीमा पर्नेहरूमा *नयाँ सन्देश, नयाँ समाज, मातृभूमि, लुम्बिनी, हुरी, हिमदूत* लगायतका पत्रिकाहरू थिए । प्रशासनिक बाधा र आर्थिक संकटले गर्दा केही साप्ताहिक पत्रिकाका प्रकाशन बन्द भए । जे होस्, पंचायतकालका मूल धारका मिडियाहरू साप्ताहिक अखबारहरू नै थिए । "त्यतिखेर मूख्यतः पंचायतविरोधी, पंचायतवादी र पंचायती व्यवस्थालाई सुधार गर्दै लैजानुपर्ने विचार राख्ने तीनथरी अखबारहरू निस्कन्थे । राजनीतिक कार्यकर्ता, साहित्यकार र व्यवस्थाविरोधी युवाहरूको बाहुल्य थियो, त्यस बखतको पत्रकारितामा ।" (गौतम र हुमागाईं, ०६१ : २८)

वि.सं. २०२२ देखि २०३६ सम्म आइपुग्दा साप्ताहिक पत्रिकाहरूको संख्यात्मक वृद्धि त्यति धेरै नभए पनि वि.सं.२०३६ सालको ऐतिहासिक जनमतसँग्रहताका नेपाली प्रेसले फड्को मार्‍यो । सामाजिक चेतना र प्रेस कानुनमा भएको सुधारका कारण नेपाली समाजमा स्वतन्त्र र व्यावसायिक पत्रकारिताको सुरुवात हुन पुग्यो । साप्ताहिक पत्रिकाहरूको प्रकाशन पनि फस्टायो ।

> यो समय साप्ताहिक पत्रिकाहरूले तीन वर्गको प्रतिनिधित्व गर्दथे । पहिलो - पञ्चायती व्यवस्थाको समर्थन, दोस्रो- प्रजातान्त्रिक विचारको सम्मान र तेस्रो- कम्युनिस्ट विचारधाराको प्रचार । यद्यपि यी विचारधाराहरूभित्र पनि प्रशस्त अन्तरविरोध र अवसरवादले पत्रकारितालाई गाँजेको थियो । तर यो समयलाई साप्ताहिक पत्रिकाहरूको लागि स्वर्णकाल पनि भनिन्छ । *विमर्श, छलफल, दृष्टि, नेपालीपत्र, राष्ट्रपुकार, पुनर्जागरण* इत्यादि पत्रिकालाई यो समयका उल्लेखनीय साप्ताहिक पत्रिकाका रूपमा लिइन्छ ।" (कार्की, २०६० : २४-२५)

२०३६ साल जेठमा जनमतसँग्रह गराउने घोषणा हुँदासम्मको स्थितिमा जनचेतना पुऱ्याउन जे जति भूमिका नेपाली प्रेसले खेल्यो, त्यसमा साप्ताहिक अखबारहरूको योगदान उल्लेखनीय रहेको छ । नेपाली पाठकहरूको बीचमा *मातृभूमि, समीक्षा, राष्ट्रपुकार* जस्ता साप्ताहिक अखबारहरूको प्रभाव र पहुँच निकै टडकारो थियो ।

> जनमतसँग्रहको घोषणापछि नेपाली पत्रकारिता जगत्मा स्पष्टतः दुईवटा राजनीतिक धार देखापरे । यी दुई धारमध्ये एउटा धार पूर्ण प्रजातान्त्रिक परिवर्तनको पक्षमा थियो भने अर्को धार क्रमिक प्रजातान्त्रिक सुधारको पक्षमा । यी दुवै धारमध्ये पूर्ण प्रजातान्त्रिक परिवर्तनको पक्षधरका रूपमा स्थापित थियो- *राष्ट्रपुकार* साप्ताहिक । होमनाथ दाहालको सम्पादन र प्रकाशनमा *राष्ट्रपुकार* स्पष्टतः नेपाली कांग्रेसको पक्षधर थियो । *राष्ट्रपुकार*ले आफ्नो स्थापनाकालदेखि नै प्रजातन्त्रको पक्षमा आफूलाई उभ्याउँदै आएकाले यो लगातार सरकारको बक्रदृष्टिमा रह्यो । जनमतसँग्रहको घोषणापछि क्रमिक प्रजातान्त्रिक सुधारको पक्षमा देखा परेको प्रकाशन थियो-साप्ताहिक *विमर्श* । साप्ताहिक *विमर्श* जनमतसँग्रहको वर्षभरि नै सुधारिएको पंचायतका पक्षमा देखापऱ्यो । (नेपाल, २०५७ : १०)

०३७ सालमा भएको जनमतसँग्रहको नतिजा पंचायतको पक्षमा गए तापनि नेपाली पत्रकारिता संकुचित भएर बसेन । र, त्यसबखतका साप्ताहिक छापाहरूले नागरिकहरूको राजनीतिक चेतना उठाउन अथक प्रयास गरे । पत्रकारितालाई नाफा कमाउने व्यापारभन्दा पनि राजनीतिक र सामाजिक सुधारको संवाहक तुल्याउन त्यस वखतका सम्पादकहरू दिलोज्यानले लागिपरेका थिए । ०३६-०४६ को दशक पनि निजी क्षेत्रका साप्ताहिकहरूकै भूमिका अर्थपूर्ण रह्यो । "सत्याग्रहपछि संस्थागत रूपले प्रकाशित हुन थालेको *देशान्तर* साप्ताहिकले पत्रकारितामा अझ नयाँपन दियो ।" (पाण्डे, २०५५ : ७४) जे होस्, त्यतिखेरका साप्ताहिकहरूको मिशन नै थियो, पंचायती व्यवस्थाको अन्त्य गर्ने ।

> *प्रकाश, छलफल* र *दृष्टि* साप्ताहिकले मिसन जर्नालिज्म गर्दै त्यतिबेलाको कम्युनिस्ट आन्दोलनलाई नयाँ चरणमा प्रवेश गराए । नेकपा मालेको भूमिगत नेतृत्वलाई *दृष्टि* साप्ताहिकले निरन्तर रूपमा प्रतिनिधित्व गऱ्यो । तीनवटै पत्रिकाका सम्पादक रहनुभएका पत्रकार रघु पन्तले त्यसबेला पत्रकारिताले बल र शक्तिमा विश्वास गर्ने शक्तिविरुद्ध विचारको लडाइँ लडेका थियौं भन्ने दृष्टिकोण राख्नुहुन्छ । (पाण्डे, २०५५ : ७५) ।

यसरी साप्ताहिक पत्रिकाहरूले विचारको लडाइँ लडेकै कारण २०३६ सालको जनमतसँग्रहदेखि साप्ताहिक पत्रिकाहरूको प्रतिष्ठा पनि जनमानसमा बढ्दै गयो । त्यतिखेर साप्ताहिक पत्रिकाहरूले गरेको संघर्ष विशेष उल्लेखनीय छ । "साप्ताहिक पत्रिकाहरूले पनि संघर्षमय भई जनआस्था सँगालेका हुन् । सरकारी प्रशासन भने भरसक थिचोमिचोतर्फ नै थियो भन्न सकिन्छ ।" (शर्मा, २०५९ : ६)

> २०३६-२०४६ बीचको अवधिको नेपाली पत्रकारिताको मूलधार पनि साप्ताहिक पत्रपत्रिकाले नै हाँकेका थिए । यस अवधिमा नेपाली पत्रकारिता राजधानी र मोफसल दुवैतिर विस्तारित भयो । राजनीतिक स्वतन्त्रता, प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताका पक्षमा नागरिक चेतना अभिवृद्धि गर्ने र त्यसका निम्ति संचालित प्रजातान्त्रिक राजनीतिक आन्दोलनमा पनि प्रत्यक्ष सहभागी रहेको देखिन्छ । देशको राजनीतिक स्थिति जति नियन्त्रणात्मक भए पनि राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा घटेका घटनाहरूदेखि लिएर नागरिक अधिकारका पक्षमा सूचना र विचार प्रवाह गर्दै जाने, कानुनी व्यवधान र सरकारी दमनलाई झेल्दै पेसागत धर्म निर्वाह गर्ने प्रवृत्ति यो बेलाको पत्रकारितामा रहेको पाइन्छ । यो कालखण्डलाई नेपाली प्रेसको संक्रमणकाल पनि भन्न सकिन्छ । (घिमिरे, ०६१ : २९)

वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्बहाली भयो । "प्रजातन्त्रको पुनर्बहालीसँगै नेपाली प्रेस पनि स्वतन्त्र भयो । ०४७ साल कार्तिकमा जारी भएको संविधानले प्रेस स्वतन्त्रतालाई संस्थागत गराइदियो ।" (अधिकारी, ०५९ : ४) अर्कोतिर पुनःस्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सूत्रपातसँगै नेपाली साप्ताहिक पत्रिकाहरूको आरोह र अवरोह पनि एकैपटक सुरु भयो । केही साप्ताहिक पत्रिकाहरूले छोटो समयमा चर्चाको शिखर चुम्न सफल भए पनि प्रजातान्त्रिक आन्दोलनमा सक्रिय योगदान पुऱ्याउने अधिकांश साप्ताहिक पत्रिकाहरू बन्द हुन पुगे । नेपाली समाजमा खुला आर्थिक नीति अवलम्बन गरिएपछि संचारक्षेत्र पनि पूर्णतः व्यवसायतर्फ उन्मुख भयो ।

प्रजातन्त्र पुनःस्थापनापश्चात् सुरुका वर्षहरूमा नेपाली प्रेसभित्र ठूलो लगानी भित्रिन थाल्यो । ठूला आकार र कलेवरमा प्रकाशित दैनिक पत्रिकाहरूले उही पुरातन शैली र विचारका साप्ताहिक पत्रिकाहरूलाई एकैपटक विस्थापित गराइदिए । यता साप्ताहिक पत्रिकाहरूमा भने संस्थागत लगानी गर्ने वातावरण बनिसकेको छैन । साप्ताहिक पत्रिकाहरू संख्यात्मक रूपमा वृद्धि भए पनि यसको व्यावसायिकतामा भने उल्लेखनीय सुधार हुन सकेको छैन । संख्यात्मक रूपमा ठूलो संख्यामा साप्ताहिक पत्रिकाहरू दर्ता भए पनि नियमित रूपमा प्रकाशित हुने साप्ताहिक पत्रिकाहरूको संख्या भने थोरै छ । प्रेस काउन्सिलको तीसौं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष ०६१/०६२ को अन्त्यसम्म १ हजार ५ सय ५९ वटा साप्ताहिक पत्रिका दर्ता भए पनि काठमाडौं उपत्यकाबाट एक सय २८ र मोफसलबाट १ सय ६६ वटा साप्ताहिक पत्रिका मात्रै नियमित रूपमा प्रकाशित भइरहेका छन् । प्रेस काउन्सिलको पछिल्लो वर्गीकरणमा १५ वटा साप्ताहिकहरू 'क', ४१ वटा ख, ३९ वटा ग र एक सय सातवटा घ श्रेणीमा रहेका छन् ।

साप्ताहिक पत्रिकाहरूको यति धेरै संख्या भए पनि तिनीहरू अझै पनि व्यावसायिक बन्न सकेका छैनन् । कुनै न कुनै राजनीतिक दल र ती दलभित्रका पनि कुनै खास गुट-उपगुटका समाचारहरूलाई बढी

प्राथमिकता दिने भएकाले पनि साप्ताहिक पत्रिकाहरू आरोपमुक्त हुन सकिरहेका छैनन् । कतिपय साप्ताहिक पत्रिकाहरूको त समाचार शीर्षकबाटै राजनीतिक झुकाव झल्किएको पाइन्छ ।

> केही साप्ताहिक समाचारपत्रका शीर्षकहरू अध्ययन गर्दा तिनले पाठकहरूलाई राजनैतिक छाप दिन खोजेको पाइन्छ भने कतिपय साप्ताहिक अखबारका समाचारका हरफहरू त कपोलकल्पित, भ्रामक र प्रचारमुखी बनी पाठकप्रति गैरजिम्मेवार बनिरहेका छन् । समाचारका शीर्षकबाट नै एकपक्षीय झुकाव भएको कुरा स्पष्ट हुन्छ । यिनमा शीर्षकको तुलनामा वस्तुगत दृष्टिकोण फरक रहेको मान्न सकिन्छ । समाचार शीर्षकहरूले राजनैतिक पार्टीको उद्देश्य पूरा गर्ने किसिमका समाचार प्रवाह गरिरहेका छन् । यो प्रवृत्ति नहटेसम्म पत्रकारिताको स्तरप्रति पाठकहरूको शंका गर्ने ठाउँ रहिरहन्छ । त्यसैले यो स्थितिको अन्त्य गरी पत्रकारितालाई पार्टीगत राजनीतिभन्दा माथि राख्नु आजको आवश्यकता हो । (खनाल, ०५६ : ९)

यसरी राजनीतिक दलरुले आ-आफ्नो मुखपत्र किसिमका अखबारहरू प्रकाशित गरी आफ्ना विचार, नीति, कार्यक्रम तथा राजनीतिक गतिविधिहरू अघि बढाइरहेका छन् । र, यस कार्यमा साप्ताहिक पत्रिका र त्यसमा कार्यरत पत्रकारहरू प्रयोग भइरहेका छन् । साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरू विशेष गरी सम्पादकहरूको 'स्कुलिङ्' ले प्रभाव पारिरहेको छ । पत्रकारहरूको राजनीतिक आबद्धता र त्यस आबद्धताले लेखनमा पार्ने प्रभाव विषयक यस अध्ययनमा पत्रकारहरूको स्कुलिङ्लाई विशेष ध्यान दिइएको छ । त्यस हिसाबले पनि अध्ययन राजनीतिक सामाजिकीकरण (Political Socialization) को सैद्धान्तिक खाका (Theoritical Framework) बाट अघि बढाइएको छ ।

### १.३ समस्या कथन **(Statement of Problem)**

साप्ताहिक पत्रिकाहरूमा राजनीति, अर्थ, मनोरञ्जन, खेलकुदलगायत विविध सामग्रीहरू प्रकाशित हुँदै आएका छन् । यद्यपि अधिकांश साप्ताहिक पत्रिकाहरूले अहिले पनि राजनीतिक विषयवस्तुलाई नै प्राथमिकता दिने गरेका छन् । यसो हुनुका मुख्य कारण साप्ताहिक पत्रिकाहरूले व्यावसायिक पत्रकारितालाई भन्दा मिसन पत्रकारितालाई जोड दिनु नै हो । ००७ सालको राजनीतिक परिवर्तनपछि होस् वा ०१७ सालको राजनीतिक परिवर्तन साप्ताहिक पत्रिकाहरूले निरन्तर संघर्ष गर्दै आएका छन् । पञ्चायतकालमा पनि पत्रिकाहरूले विभिन्न दु:ख र कष्ट झेल्दै समाचारहरू प्रकाशित गरे । केही अपवादलाई छोड्ने हो भने अधिकांश पत्रिकाहरूको मुख्य उद्देश्य मुलुकमा प्रजातन्त्रको बहाली गर्नु थियो ।

०४६ सालपछि विशेष गरेर साप्ताहिक पत्रिकाहरू अझ बढी पार्टीगत खेमामा विभाजन भए । कारण यी पत्रिकामा कार्यरत पत्रकारहरू पंचायतकालमा गरेको मिसन पत्रकारिताबापत फाइदा लिन चाहन्थे । राजनीतिक दलनिकट रहेर पत्रिकाहरू निस्कने क्रम जारी नै रह्यो । *देशान्तर, विमर्श* जस्ता पत्रिकाहरू नेपाली कांग्रेस निकट र *छलफल, दृष्टि, बुधवार*लगायतका पत्रिकाहरू एमाले निकट भएर प्रकाशित हुने गरेका छन् भन्ने कुरा सुनिँदै आएको हो । साप्ताहिक रूपमा निस्किएका अन्य नयाँ पत्रिकाहरू पनि कुनै न कुनै दल निकट भएर प्रकाशित भए । केही साप्ताहिक पत्रिकाहरू व्यावसायिक रूपमा अघि बढे पनि अधिकांश दल नजिक रहेर

चले । त्यसैले साप्ताहिक पत्रिकाहरूले कुनै दल विशेषको पृष्ठपोषण गर्ने कामलाई छाडेनन् । तैपनि दैनिक पत्रिकाहरूमा आएको व्यावसायिकताले साप्ताहिकहरूलाई पनि केही हदसम्म व्यावसायिकतातिर उन्मुख हुन बाध्य पाऱ्यो । उनीहरू विस्तारै त्यतैतिर उन्मुख थिए । तर, २०५९ साल असोज १८ र २०६१ साल माघ १९ को शाही कदमपश्चात् साप्ताहिक पत्रिकाहरू फेरि पुरानै मिसन पत्रकारिताको प्रवृत्तितिर फर्किएको पाइयो ।

भनिन्छ, साप्ताहिक पत्रिकामा काम गर्ने पत्रकारहरू पार्टीसँग आबद्ध छन् । उनीहरू सत्य तथ्य खोज्नेभन्दा पनि दलको स्वार्थअनुसार काम गर्छन् । त्यतिमात्र होइन, अधिकांश पत्रकारहरू राजनीतिक दलसँग आबद्ध भएकाले उनीहरू दलीय विचारबाट प्रभावित भएर समाचार लेख्छन् । कतिपयले त पार्टी सरकारमा गएपछि त्यसबाट फाइदा पनि लिने गर्छन् । त्यतिमात्र होइन, पत्रकारहरू निष्पक्ष छैनन् । उनीहरू पूर्वाग्रही छन् । लामो समयदेखि साप्ताहिक पत्रिकाहरूमा काम गर्दै आएका पत्रकारहरूलाई यस्तै आरोप लाग्दै आएको छ । आरोपहरू अध्ययन अनुसन्धानभन्दा पनि हचुवाका आधारमा गरिँदै आएकाले साप्ताहिक पत्रिकाहरूमा कार्यरत पत्रकारहरूको राजनीतिक आबद्धता र त्यसले लेखनमा पारेको प्रभावको वास्तविक स्थिति बाहिर आउन सकेको छैन । यस्तो स्थितिमा

- साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको राजनीतिक आबद्धता कस्तो छ ?
- पत्रकारहरूको यस आबद्धताले उनीहरूको लेखनलाई कस्तो प्रभाव पारेको छ ?
- पत्रकारहरूको लेखनमा राजनीतिक पूर्वाग्रह र दलगत स्वार्थ कत्तिको झल्किन्छ ?
- आफूनिकट दल सत्तामा पुगेपछि फाइदा लिने मनसाय राखेका छन् वा छैनन् ?
- राजनीतिक पूर्वाग्रह र दलगत स्वार्थको प्रभावमा परेर समाचार तयार गरेबापत उनीहरूले लिने राजनीतिक फाइदाको स्थिति के छ ? भन्ने जस्ता विषयमा अनुसन्धान केन्द्रित गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्यहरू (Objectives of Study)

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार छन् :

- साप्ताहिक पत्रिकामा कार्यरत पत्रकाहरूको राजनीतिक आबद्धता र त्यो आबद्धताले उनीहरूको लेखनमा पारेको असर पत्ता लगाउने ।
- साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारले पार्टीविशेषबाट विगतमा फाइदा लिए कि लिएनन् र भविष्यमा लिन चाहन्छ वा चाहँदैन, त्यसबारे जानकारी हासिल गर्ने ।
- साप्ताहिक पत्रिका र पत्रकारहरूको बारेमा साप्ताहिक पत्रिकाकै पत्रकारहरूको धारणा बुझ्ने ।

## १.५ अध्ययनको महत्त्व (Importance of study)

यो अध्ययनले साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरू राजनीतिक रूपमा कुनै दलविशेषसँग आबद्ध छन् कि छैनन् ? साथै यो आबद्धता तथा संलग्नताले उनीहरूको लेखनलाई कत्तिको प्रभाव पारेको रहेछ भन्ने जानकारी हासिल गर्न सहयोग पुग्ने कुरा त निर्विवाद नै छ । त्यसका अतिरिक्त साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको पेसा प्रवेशको आधार, पेसाप्रतिको सन्तुष्टि/असन्तुष्टि, उनीहरूको राजनीतिक पूर्वाग्रहका बारेमा समेत जानकारी हासिल हुने भएकाले आगामी दिनमा साप्ताहिक पत्रिकाहरूको व्यावसायिक सुधारका लागि यस अध्ययनले सहयोग पुऱ्याउन सक्नेछ ।

त्यसैगरी सम्पादक/प्रकाशकहरूले साप्ताहिक पत्रिकामा दिने दबाब र त्यसका कारण पत्रिकामा परेको असर स्वयं सम्पादक तथा प्रकाशकले बुझ्ने अवसर पाउने छन् । यसले पनि पत्रिकाको व्यावसायिकतामा सुधार पुऱ्याउनेछ । साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूप्रति स्वयं साप्ताहिक पत्रिकामा नै कार्यरत पत्रकारहरूको धारणासमेत बाहिर आउने भएकाले साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूले आफैंलाई बुझ्ने अवसरसमेत प्राप्त गर्नेछन् । साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूले पूर्वाग्रही भएर समाचार लेख्नुको कारण पत्ता लाग्ने भएकाले आगामी दिनमा त्यसको न्यूनीकरण गर्न पनि अध्ययनले सहयोग पुऱ्याउनेछ । अर्थात्, अध्ययनले त्यस्ता समस्या समाधानको बाटो देखाउनेछ ।

## १.६ अध्ययनको सीमा (Limitation of Study)

यो सर्वेक्षण काठमाडौं उपत्यकाबाट प्रकाशित हुने २४ वटा साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूबीच मात्रै गरिएको थियो । त्यसैगरी सामग्री विश्लेषणमा चाहिं तिनै २४ मध्येका पनि चारवटा पत्रिकाहरुलाई मात्रै समावेश गरियो । उपत्यकाबाट प्रकाशित सबै र मोफसलबाट समेत प्रकाशित हुने पत्रिकाहरुलाई समावेश गर्न नसकिएकाले यो अध्ययनले समग्र नेपाली पत्रकारिता क्षेत्रको तथा नेपालको साप्ताहिक पत्रकारिताको स्थितिको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

सर्वेक्षणमा आधारित भएकाले यस अनुसन्धानबाट आएका परिणामहरू पूर्णतः सही नै हुन्छन् भन्न सकिने अवस्था छैन किनभने कतिपय अवस्थामा मानवीय स्वभावका कारण उत्तरदाताहरूले सही जवाफ नदिएको पनि हुन सक्छ, जसले अनुसन्धानको परिणामलाई प्रभावित गरेको हुन्छ । जे होस्, अध्ययनमा सामेल गरिएका २४ वटा पत्रिकाहरूमा कार्यरत पत्रकारहरूको राजनीतिक आबद्धता र त्यसले लेखनमा पारेको असरका विषयलाई भने अध्ययनले राम्रैसँग उजागर गरेको विश्वास लिइएको छ । अनि सामग्री विश्लेषणको पाटोले चाहिं त्यसलाई प्रष्टयाएको छ भन्ने लागेको छ ।

## १.७ शोधको संगठन

यस अध्ययनलाई छ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा पृष्ठभूमि राखिएको छ । यस शीर्षकअन्तर्गत नेपालमा पत्रकारिताको विकासक्रम, नेपालमा साप्ताहिक पत्रिकाको विकासक्रम, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व र अध्ययन सीमालाई समावेश गरिएको छ । दोस्रो अध्यायमा सन्दर्भ सामग्रीको पुनरावलोकन र तेस्रो अध्यायमा चाहिं अध्ययन विधिलाई राखिएको छ ।

त्यसैगरी चौथो अध्यायमा सर्वेक्षणको परिणामलाई समावेश गरिएको छ । यसअन्तर्गत साप्ताहिक पत्रिकाको पत्रकारको स्थिति, साप्ताहिक पत्रिकाको पत्रकारहरूको अनुभव, पत्रकारितामा प्रवेश, लेखनमा राजनीति, पेसाप्रति सन्तुष्टि, पेसाप्रति निरन्तरता, पत्रकारिता : मिसन कि व्यावसायिक, राजनीतिक दलसँगको आबद्धता, राजनीतिक आबद्धता र फाइदा, लेखनमा प्रभाव, सम्पादनमा राजनीतिक पूर्वाग्रह, साप्ताहिक पत्रिका र पत्रकारहरूबारे धारणा रहेका छन् । पाचौ अध्यायमा विषयवस्तु विश्लेषणको नतिजा समावेश छ । यसमा समाचार सामग्री विश्लेषण र सम्पदकीय सामग्री विश्लेषण रहेका छन् । त्यसैगरी छैटौ अध्यायमा चाहिं सारांश, निष्कर्ष र सुझावलाई राखिएको छ भने यसका अतिरिक्त सन्दर्भ सामग्री र अनुसूचीहरू पनि समावेश गरिएको छ ।

# अध्याय दुई

## २ सन्दर्भ सामग्रीको पुनरावलोकन (Literature Review)

साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको राजनीतिक आबद्धता र त्यो आबद्धताको कारण उनीहरूको लेखनमा झल्किने पूर्वाग्रहका बारेमा विभिन्न पत्रपत्रिकाहरूमा लेखरचना प्रकाशित भएका छन् । गोष्ठीहरूमा कार्यपत्रहरू पनि प्रस्तुत भएका छन् । आमसञ्चार तथा पत्रकारितासम्बन्धी पुस्तकहरूमा पनि फुटकर रूपमा लेखहरू प्रकाशित भइरहेका छन् । तर, यो विषयमा वास्तविक अध्ययन भएको भने पाइँदैन । यता पत्रकारहरूबीच भने यो कुरा छलफल र चर्चाको विषय बन्दै आएको छ । स्वयं साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूसमेत साप्ताहिक पत्रिकाहरू कुनै न कुनै राजनीतिक दलनिकट रहेको स्वीकार गर्छन् । र, यस निकटताका कारण साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको लेखनमा कुनै राजनीतिक दल र त्यस दलभित्रको खास गुट-उपगुटको वकालत झल्किन्छ भनी बेलाबखत चर्चा हुँदै आएको छ । अनि यही चर्चाको सेरोफेरोमा रहेर साप्ताहिक पत्रिका र राजनीतिको विषयमा लेखहरू प्रकाशित हुने गरेका हुन् ।

साप्ताहिक पत्रिकाको सवालमा कुरा गर्दा एउटा सत्य के हो भने राजनीतिक व्यवस्था परिवर्तनमा जहिले पनि साप्ताहिक पत्रिकाहरूको भूमिका उल्लेखनीय रह्यो । चाहे ०४६ सालको राजनीतिक परिवर्तनमा होस् वा 'असोज १८' र 'माघ १९' पछिको राजाको प्रत्यक्ष शासनको अवधिमा नै । साप्ताहिक पत्रिकाहरूले साहस र हिम्मतका साथ प्रजातान्त्रिक व्यवस्थाको वकालत गरे । "१९ माघपछि दैनिक पत्रिकाहरूको तुलनामा साप्ताहिक पत्रिकाले दह्रो सम्पादकीय अडान लिएको देखियो । संकटकालको त्रास र राज्यको चरम दमनको अवस्थामा समेत अधिकांश साप्ताहिक पत्रिकाले सरकार र शाही सत्ताप्रति आलोचनात्मक भएर लेख्ने आँट गरेका थिए," (खोज पत्रकारिता केन्द्र, २०६३ : ४) । यसरी राजाको प्रत्यक्ष शासनको विरोध र लोकतन्त्रको स्थापनाका लागि साप्ताहिक पत्रिकाहरूको भूमिका उल्लेखनीय रह्यो ।

त्यस्तै साप्ताहिक पत्रिकाहरूले प्रजातन्त्रको पक्षमा वकालत गरेकाले नै पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनःस्थापना भएको हो । त्यस हिसाबले पनि ०४६ सालको राजनीतिक परिवर्तनमा साप्ताहिक पत्रिकाहरूको योगदान उल्लेखनीय रह्यो । त्यतिबेला राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले खुला रूपमा राजनीतिक गतिविधि संचालन गर्न पाउँदैनथे । दलीय गतिविधिहरू पूर्णतः भूमिगत नै थिए । त्यस्तो स्थितिमा भूमिगत नेताहरूसँग अन्तर्वार्ता ल्याउनु र उनीहरूको पार्टीका बारेमा समाचार संकलन तथा लेखन कार्य साँच्चैकी चुनौतीपूर्ण नै थियो । तर, पनि पत्रकारहरू चुनौतीदेखि डराएनन् । उनीहरू एकपछि अर्को संघर्षशील काम गरिरहे ।

> काठमाडौंबाट प्रकाशित हुने साप्ताहिक पत्रिकाहरू प्रतिबन्धित बहुदलवादी पार्टीहरूका कुराहरू बाहिर ल्याउने माध्यम बनेका थिए । त्यसो गरेबापत पत्रिकाको दर्ता खारेज हुन्थ्यो । तैपनि एउटा पत्रिका बन्द भए पनि अर्को नाममा सुरु गरिन्थ्यो । पत्रिका चलाउनु एक प्रकारले प्रजातन्त्रका लागि आन्दोलन गर्नुजत्तिकै थियो र सबैको ध्याउन्न प्रजातन्त्रका

> वकालत गर्नेपट्टि नै थियो । यी पत्रिकाहरूले पंचायतको विपक्षमा र बहुदलीय प्रजातन्त्रको पक्षमा जनमत बनाउन प्रभावकारी भूमिका निर्वाह गरेका थिए । (वन्त, २००४ (२०६१) : ५८६) ।

वि.सं. २०४७ सालमा नेपाल अधिराज्यको संविधानले नै छापाखाना तथा प्रकाशन स्वतन्त्रताको ग्यारेण्टी गरेपछि चाहिं पत्रिकाको प्रकाशनमा वृद्धि मात्र भएन, व्यावसायिक लक्ष्य लिएरसमेत केही पत्रिकाहरू प्रकाशित हुन थाले । नयाँ-नयाँ उपकरण र प्रविधि भित्रिँदै गए । पत्रकारितामा व्यावसायिकता बढ्यो । प्रेसमा उद्योगी, व्यापारी वर्ग लगानी गर्न आकर्षित भए । साप्ताहिक पत्रिकाहरू पनि रंगीन कलेवरमा प्रकाशित हुन थाले । *पत्रिका सातदिने, खबरपत्रिका* लगायतका रंगीन साजसज्जामा प्रकशित भएका थिए । तर ती पत्रिकाहरू लामो समयसम्म बजारमा टिक्न भने  सकेनन् । र, चाँडै नै बन्द पनि भए ।

> पछिल्लो समय धेरै साप्ताहिक पत्रिका बन्द भएका पनि छन् । त्यसमध्ये धेरैजसो पत्रपत्रिकाहरू नेपाल कम्युनिस्ट पार्टी (एमाले) निकट छन् । माओवादीको एजेण्डालाई अघि बढाउँदै आएका कतिपय पत्रपत्रिकाहरू जफत गरिए । विशेष गरी यस्ता पत्रपत्रिकाहरू कांग्रेस, एमाले दुई खेमामा विभाजित भएको पाइन्छ । यो पनि सत्य हो कि, धेरै नयाँ साप्ताहिक पत्रिकाहरू राष्ट्रिय विचारप्रधान बजारमा आइरहेका छन् । भित्रियाहरूका अनुसार यस्ता पत्रिकाहरू सञ्चालन गर्नका लागि पैसाको आवश्यकता पर्ने भएकाले पनि यस्तो हुने गरेको छ । किनभने एक वर्षमा नै केही लाख रुपियाँ घाटा हुने गर्छ । यस्तो पैसाको प्रबन्ध गर्ने काम राजनीतिज्ञ र व्यापारीहरूले गर्ने गर्छन् । (वन्त, २००० (२०५७) :४)

यसरी साप्ताहिक पत्रिकाहरू प्रभावकारी हुन नसक्नुमा र निरन्तरता दिन नसक्नुमा राजनीतिक विषयवस्तुलाई केन्द्रित गरेर अघि बढ्नु मात्र थिएन । स्तरीय सामग्री दिन र आर्थिक रूपले मजबुत भई नयाँ प्रविधि अपनाउन नसक्नु पनि मुख्य कारण रहेको थियो । पत्रिकाहरूले अवलम्बन गर्दै आएका परम्परागत ढर्राकै निरन्तरता पनि साप्ताहिक पत्रिकाहरूका लागि कम्ती चुनौतीपूर्ण थिएन । त्यही परम्परागत ढर्रा र दलीय पूर्वाग्रहलाई त्याग्न नसकेकै कारण ती पत्रिकाहरू त्यतिसारो फस्टाउन सकेनन् ।

> साप्ताहिक पत्रिकाहरूमा नयाँ वातावरण छैन । उनीहरू विगतमा जे थियो, त्यसैमा नै रमाइरहे जस्तो देखिन्छ । धेरैजसो साप्ताहिक पत्रिकाहरूमा काम गर्ने पराम्परागत वातावरण रहेको छ भने लगानीको अभाव देखिन्छ । परिणामस्वरूप पत्रिकाका धैरैजसो प्रबन्धकहरू व्यावसायिक रूपमा काम गर्न असमर्थ छन् । तिनीहरूमध्ये धेरैजसो राजनीतिक दल र प्रभावशाली व्यक्तिहरूको मुखपत्र बन्न बाध्य भएका छन् । जनतासमक्ष विश्वसनीय समाचार र विचार प्रदान गर्न यही कुरा बाधक भएको छ । तिनीहरू पार्टी र राजनीतिज्ञहरूको हस्तक्षेपबाट ग्रसित छन् । यस प्रवृत्तिले तिनीहरूलाई पूर्वाग्रही बनाएको छ (गुरुङ, २००२ (२०५८)  : ४) ।

प्रजातान्त्रिक खुला वातावरणमा पनि साप्ताहिक पत्रिकाहरूले दलगत स्वार्थ र संलग्नतालाई त्याग्न सकेका छैनन् । त्यसैले ०४६ सालपछि पनि अधिकांश साप्ताहिक पत्रिकाहरूलाई कुनै न कुनै राजनीतिक खेमा वा दलप्रति प्रतिबद्ध रहेको आरोप लाग्दै आयो । त्यस आरोपको न त उनीहरूले खण्डन नै गरेका छन्, न

आफूलाई आरोपमुक्त बनाउन व्यावसायिकतामा नै जोड दिए । उनीहरूले पार्टी वा पार्टीभित्र पनि कुनै विशेष गुटका निकटका रूपमा बनाएको छविलाई सुधार गर्न सकेनन् । परिणामस्वरूप उनीहरू जहिले पनि आलोचनाका शिकार बने । "चलनचल्तीका प्रमुख साप्ताहिकहरू करिबकरिब सबै नै राजनीतिक खेमा वा दलसित नै सम्बन्धित छन् । तिनकै मुखपत्र भएर, भनेर वा नभनेर प्रकाशित हुने अथवा त्यस्तै काम गर्ने किसिमका छन् । अझ कति त दलभित्रको पनि गुट-गुटका मुखपत्रजस्ता छन् ।" (ढुंगाना, २०५८ : ३) । साप्ताहिक पत्रिकाबारे स्वयं राजनीतिक दलका नेताहरू पनि सकारात्मक छैनन् । पार्टी र नेताहरूले आफ्नो पक्षको गुणगान गाउनकै लागि पनि पत्रिका निकाल्ने गरेको पाइन्छ ।

> नेपालका राजनेताहरू पत्रकारिताप्रति चाहिनेभन्दा बढी संवेदनशील छन् । यही संवेदनशीलतालाई पूरा गर्न उनीहरू आफैं पत्रिका निकाल्छन् । नेपालका अधिकांश अखबारहरू पार्टी, संघसंस्था, नेताहरू र कुनै नेताको वरिपरि घुम्छन् भन्ने विषयमा चाहिं कसैको दुईमत नहोला । पार्टीबाट संचालित पत्रिकाहरू पार्टीको गीत गाइरहेका हुन्छन् । ( नेपाल, २०५४ : १/८) ।

साप्ताहिक पत्रिकाको भूमिका बारे यस क्षेत्रका विशेषज्ञहरू पनि सन्तुष्ट छैनन् । उनीहरूको भनाइ छ, साप्ताहिक पत्रिकाहरू पुरानै पाराले चलेका छन् । "साप्ताहिक अखबारहरूमा अधिकांश राजनीतिक सोचाइका गलत धारणाहरूले अभिप्रेरित कथित समाचारले स्थान पाइरहेका हुन्छन् । वास्तवमा स्वच्छ पत्रकारिताको दृष्टिमा यो गलत परम्पराको थालनी हो ।" (खनाल, ०५६ : ५) । यस्तै पूर्वाग्रहयुक्त राजनीतिक सोचसहितका समाचारहरू प्रकाशित गर्दै आएकाले साप्ताहिक पत्रिकाहरूलाई राजनीति गरेको आरोप पनि लाग्दै आएको छ । साप्ताहिक पत्रिकाहरू समग्र राजनीति र राजनीतिज्ञको पथप्रर्दशक बन्न सकेका छैनन् बरु दलीय राजनीतिको संलग्नतामा नै रमाउँदै आएको पाइन्छ ।

> पत्रकारितामा राजनीतिक प्रभाव बढेमा व्यावसायिक मर्यादा तहसनहस हुनपुग्छ । पीतपत्रकारिताको जन्म हुन पुग्दछ भने राजनीतिक नेताले नै पत्रकार र पत्रकारितालाई डोऱ्याउन थालेको खण्डमा कथित पत्रकारिताको थालनी हुन जान्छ । यसको उदाहरण 'हिजोआजका कतिपय नेपाली पत्रपत्रिकाहरू आलोचनाको विषय बनेका छन् । कतिपय समाचारपत्रहरूले त पत्रकारिता गरिरहेका होइनन्, राजनीति पार्टीको पर्चाकारिता गरिरहेका छन् भन्ने भनाइहरू स्वयं पत्रकारहरूले नै चर्चा गरेको पाइन्छ ।" (खनाल, २०५६ : ६)

कतिपय साप्ताहिक समाचारपत्रहरूमा राजनीतिक पार्टीका कार्यकर्ता प्रत्यक्ष रूपमा संलग्न हुने गरेका छन् । यो निश्चय पनि राम्रो कुरा होइन । त्यसैले पनि यस क्षेत्रमा विकृति भित्रिएका गुनासाहरू नआएका होइनन् । समाचारपत्रमा राजनीतिक कार्यकर्ताहरूको संलग्नताले पत्रकारिता पेसाको स्वच्छता धमिलिएको भनाइ पनि छ ।

> हरेक साता आइतबारदेखि शनिबारसम्म प्रकाशित हुने साप्ताहिक पत्रिकाहरू कुनै न कुनै एउटा राजनीतिक दल, त्यस समूह वा नेतासँग आबद्ध रहेको पाइन्छ । अझ साप्ताहिक पत्रपत्रिकाको राजनीतिक सम्बद्धता अहिले समाजमा यति सहज भएको छ कि पाठकहरू

> फलाना पार्टीको धारणा बुझ्न फलानो पत्रिका पढनुपर्ने धारणा सहजै व्यक्त गर्न सक्छन् । साप्ताहिक पत्रिकाहरूले दलगत विषयमा सोझो संलग्नता देखाएकै कारण होला, साप्ताहिक पत्रिकाहरूमध्ये धेरैलाई त अमुक पार्टीको अघोषित मुखपत्र नै मान्ने गरिएको छ । तर, पछिल्ला दिनहरूमा पार्टीहरूका मुखपत्र नभएर पार्टी नजिकको पत्रिका भन्ने धारणा विकास हुँदै गएको छ । (गाउँले, ०५६ : ३)

त्यसो त राजनीतिले सञ्चारक्षेत्रलाई निरन्तर रूपमा प्रभाव पारिरहेको हुन्छ । चाहे सरकारी स्तरबाट सञ्चालित पत्रिका होऊन वा निजी क्षेत्रबाट, तिनीहरू राजनीतिबाट टाढा हुन सकेका देखिँदैनन् । तर, कतिपय पत्रकारहरू त राजनीतिक दलका सदस्य नै छन् । यसरी राजनीतिक दलको सदस्य भएकाले पत्रकारहरू राजनीतिक आस्थाका आधारमा विभाजितसमेत छन् ।

> पत्रकारहरू कुनै न कुनै पार्टीका सदस्य हुने वा उनीहरूप्रति सहानुभूति राख्ने खालका छन । विशेष गरी यो प्रवृत्ति साप्ताहिक पत्रिकाहरूको हकमा बढी देखिने गर्दछ । हामीले कुनै पनि साप्ताहिक पत्रिकाहरूलाई  हेर्‍यौं भने त्यो पत्रिका कुन पार्टीको भनेर थाहा पाउन सक्छौं । किनभने त्यस्ता पत्रिकाहरूले कुनै दलविशेषको पृष्ठपोषण गरेका छन् । दुर्भाग्य नै हो पत्रकारहरू आस्थाका आधारमा विभाजित भएको पाइन्छ । यतिसम्म कि तिनीहरू आफूलाई व्यावसायिक भन्न पनि रुचाउँदैनन् । उनीहरू राजनीतिक पार्टीका युनियन जस्ता देखिन्छन् । (खनाल, २००१ (२०५७) : १२०) ।

साप्ताहिक पत्रिकामा देखिएको राजनीतीकरण र दलीय आबद्धताले पनि उनीहरूको विश्वसनीयता साँच्चिकै संकटमा परेको भनाइहरू पनि आएका छन् । “नेपाली साप्ताहिक पत्रिकाहरूको राजनीतिक दलहरूप्रतिको बलियो आबद्धताले पनि उनीहरूको विश्वसनीयता साँच्चिकै रूपमा गम्भीर संकटमा परेको छ ।” (पौडेल, १९९५ (२०५१) : २१) । साप्ताहिक पत्रिकाहरू अहिले कुनै न कुनै राजनीतिक दल र तिनका सिद्धान्तसँग जोडिएका मात्र होइनन्, पत्रकारहरू रााजनीतिक दलमा आबद्ध भएकाले पनि उनीहरूको व्यावसायिक निष्ठामाथि प्रश्न उठेको छ । यतिसम्म कि पार्टीका कार्यकर्ताहरूले नै पत्रिका संचालन गरेकाले पनि पत्रकार र राजनीतिक कार्यकर्ताबीच नै फरक छुट्याउन गाह्रो परेको भनाइहरूसमेत आएका छन् ।

> नेपालका धेरैजसो सम्पादक र संवाददाताहरू राजनीतिक संलग्नताप्रति प्रतिबद्ध छन् र कहिलेकाहीं तिनीहरूको गतिविधि पत्रकारको रूपमा सुहाउँदो देखिंदैन । पत्रकारहरूको व्यावसायिक सँगठनहरूमा रहेका कतिपय पत्रकारहरू राजनीतिक दलको मनोनयनका रूपमा वा संसद्को निर्वाचनमा प्रतिस्पर्धा गर्न चाहन्छन् । कतिपय पत्रकारहरू राजनीतिक दलहरूको चुनाव प्रचारप्रसार समितिमा संलग्न रहने गर्छन् । धेरै मुद्दाहरूमा त पत्रकार र राजनीतिकर्मीको फरक छुट्याउनै गाह्रो हुन्छ (पौडेल, १९९५ (२०५१) : २२)

पत्रकारहरूको राजनीतिक संलग्नता तथा त्यो संलग्नताका कारण देखिने पूर्वाग्रहका कारण पनि साप्ताहिक पत्रिकाले पस्किने सामग्री र पाठकहरूको चाहनामा तालमेल हुन सकेको छैन । पाठकहरू एकातिर चाहने र पत्रिकाले उनीहरूको आकांक्षालाई परिपूर्ति गरी सामग्री नदिंदा पनि साप्ताहिक पत्रिकाहरू लोकप्रिय हुन सकेका छैनन् ।

> आजकाल पाठकहरू पत्रपत्रिकामा वस्तुगत, स्वतन्त्र र राजनीतिक रूपमा पूर्वाग्रही नभएको समाचार खोज्छन् । नेपालका धेरैजसो पत्रपत्रिकाहरूले राजनीतिक पार्टीको अघोषित भ्रातृसँगठनको जस्तो काम गरिरहेका छन् । त्यसैले गर्दा पाठकहरूको चाहना कमै मात्रामा पूरा भएको देखिन्छ । (पौडेल, १९९५ (२०५१) : २३)

यसरी पाठकको चाहना एकातिर र साप्ताहिक पत्रिकाको प्रस्तुति अर्कोतिर हुँदा ती पत्रिकाको बजार धरासायी बन्न पुग्यो । बिक्रीवितरण घट्दै गयो । "हिजो ठूलो संख्यामा बिक्री हुने साप्ताहिक पत्रिकाहरूको बिक्री घट्नुमा दैनिक पत्रिकाहरूको सशक्त उपस्थिति र साप्ताहिक पत्रिकाहरूमा देखिएको बढी राजनीतिक समाचारको प्रयोग नै हो भन्न सकिन्छ ।" (गाउँले, २०५६ : ४) । बिक्रीसँगै विज्ञापनदाताहरू पनि घट्दै गए । यसले गर्दा उनीहरूको अस्तित्वमाथि नै प्रश्न उठ्यो ।

> सूचनामाथिको पहुँच कमजोर बन्दैछ, बिक्रीवितरणमा संकुचन बढेको छ, विज्ञापन उपलब्धता घटेको छ, प्रशिक्षित जनशक्तिको अभाव छ, राजनीतिक प्रभाव र प्रायोजित प्रक्षेपणको सूचना प्रवाहबाट मुक्त हुन नसक्दा विश्वसनीयताको संकट पनि त्यत्तिकै छ । साप्ताहिक पत्रिकाहरूको वर्तमान अवस्था चुनौतीपूर्ण मात्र होइन, जटिलतम मोडमा पुगेको छ । बजारको संकुचन र विज्ञापनविहीनताको विस्तारले गर्दा साप्ताहिक प्रकाशनहरू जीवन मरणको दोसाँधमा पुगेका छन् । (घिमिरे, ०६१ : ३०)

बदलिंदो परिस्थिति र व्यावसायीकरणको प्रभावसँगैको परिवर्तित सन्दर्भमा आफ्नो गन्तव्य निर्धारण गर्नुपर्ने बेला आइसकेकाले पनि साप्ताहिक पत्रिकाका प्रकाशक तथा सम्पादक भविष्यमा आइपर्ने चुनौतीप्रति सचेत हुन थालेका छन् । तिनै चुनौतीहरूको सामना गर्नका लागि उनीहरू सँगठित हुन थालेका छन् । यही सेरोफेरोमा २०६२ कार्तिक २ गते काठमाडौंबाट नियमित रूपमा प्रकाशित हुँदै आएका केही प्रमुख साप्ताहिक र पाक्षिक पत्रिकाका डेढ दर्जन सम्पादक/प्रकाशकहरूको भेलाले 'साप्ताहिक पाक्षिक पत्रिका संघर्ष सञ्जाल' गठन गरी काठमाडौ जिल्ला प्रशासन कार्यलयमा दर्ता गराएका छन् । त्यति मात्र होइन, उनीहरू आफ्नो भूमिका परिमार्जन गर्दै गल्तीहरूलाई सच्याएर अघि बढ्ने तयारीमा पनि लागेका छन् ।

> बितेको १२ वर्षमा हामीले यो वा त्यो पक्षको पक्षपोषण या आलोचना गर्ने क्रममा लोकतन्त्र पक्षधर दल र तिनका नेता तथा कार्यकर्ताको छवि जनस्तरमा अलोकप्रिय बनाउन नकारात्मक भूमिकासमेत निर्वाह गरेका छौं । जसका कारण लोकतन्त्रका बैरीहरूले जनअधिकारमाथि धावा बोल्ने अनुकूलता पाउन सके । यस्तो अवस्थाबाट पाठ सिकेर हामीले आफ्नो भूमिकालाई परिमार्जन गर्न र सच्याउनसमेत तयार हुनुपर्छ । (लोकतन्त्र, ०६३ : ४)[3]

साप्ताहिक पत्रिकालाई व्यवस्थित गर्न साप्ताहिक पाक्षिक पत्रिकाहरूको सञ्जालले १५ बुँदे आचारसंहिता[4] प्रस्ताव पनि पारित गरिसकेको छ । आचारसंहिता प्रस्तावमा राजनीतिक दलप्रति पूर्वाग्रह भएर

---

[3] साप्ताहिक - पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालले तयार पारेको अवधारणापत्रमा यो कुरा उल्लेख गरिएको हो ।

[4] आचारसंहिताका केही बुँदा यसप्रकार छन् :

टिप्पणी नगर्ने, कसैका प्रति कुनै पनि पूर्वाग्रह वा बदलाको भावना नराख्ने, आलोचना गर्नुपरे पनि शिष्ट भाषामा दलहरूको नीतिगत, सैद्धान्तिक एवं कार्यक्रमगत रूपहरूलाई आधार बनाएर गरिने जस्ता कुराहरू उल्लेख गरिएको छ। तर, व्यवहारमा साप्ताहिक पत्रिकाहरूले आफ्नो राजनीतिक पूर्वाग्रह छाडेको देखिदैन।

राजनीतिक आस्था र पूर्वाग्रह छाडन नसकेकै कारण साप्ताहिक पत्रिकाहरुले कुनै दलविशेष र दलको पनि गुट उपगुटको वकालत गर्दै आएका छन्। तर, सँगै राजनीतिक व्यवस्था परिवर्तनमा भने साप्ताहिक पत्रिकाहरुको भुमिका उल्लेखनिय रहने गरेकोक छ। लोकतन्त्रको स्थापनाका लागि पनि साप्ताहिक पत्रिकाहरुको योगदान उल्लेखनिय रह्यो। उनीहरुको विगत संघर्षशील त छ नै साथै कमजोरी पनि नभएका होइनन्। यिनीहरुको कमजोरी भनेकै राजनीतिक रुपमा आग्रह र पूर्वाग्रहको आधारमा समाचार सामाग्री तयार गर्नु हो। राजनीतिले सञ्चारक्षेत्रलाई प्रभाव पारेको प्रत्यक्ष असर हो, यो। चाहे सरकारी स्तरबाट सञ्चालित पत्रिका होऊन वा निजी क्षेत्रबाट, तिनीहरू राजकनीतिबाट टाढा हुन सकेका छैनन्। तर, कतिपय पत्रकारहरू त राजनीतिक दलका सदस्य नै छन्। राजनीतिक दलको सदस्य भएकै कारण पत्रकारहरू पनि राजनीतिक आस्थाका आधारमा विभाजित छन्।

साप्ताहिक पत्रिकाको राजनीतीकरण र दलीय आबद्धतामा कमी आएन भने उनीहरूको विश्वसनीयता साँच्चिकै संकटमा पर्ने संभावना रहेको छ। साथै साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरुले पार्टीको विभिन्न तहमा रहेर काम गर्दा उनीहरुको व्यावसायिक निष्ठामाथि नै प्रश्न उठन सक्छ। पत्रकार र राजनीतिकर्मीको फरक छुट्याउनै गाह्रो पर्नु कदापी पनि राम्रो कुरो होइन। त्यसैले पनि पत्रकार र राजनीतिकर्मी बीच स्पष्ट रुपमा लक्ष्मणरेखा हुन जरुरी छ। यो साप्ताहिक पत्रिकाहरुको सवालमा विचारणीकय पक्ष पनि हो।

---

- *लोकतान्त्रिक पद्धतिको गहना मानिने राजनीतिक दलहरूको आलोचना गर्नुपर्ने अवस्था आएमा नीतिगत, सैद्धान्तिक एवं कार्यक्रमगत रूपहरूलाई आधार बनाएर गरिनेछ तर यसरी आलोचना गर्दा कुनै पूर्वाग्रह राखिने छैन, स्वस्थ्य तथा मर्यादित भाषाको प्रयोग गरिनेछ।*
- *राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको आलोचनात्मक समाचार टिप्पणी या अन्य सामग्री सम्प्रेषण गर्दा तथ्यपरक एवं तर्कसँगत तुल्याउन सम्पूर्ण प्रयास गर्नुपर्नेछ। कसैका प्रति कुनै पनि पूर्वाग्रह या बदलाको भावना राखिने छैन। आलोचनात्मक सामग्रीको भाषा स्वस्थ एवं शिष्ट हुनुपर्नेछ।*
- *लोकतान्त्रिक राज्य प्रणालीमा दलहरूबीच तीव्र प्रतिस्पर्धा रहनुलाई स्वाभाविक मानिन्छ तर विगतमा संचारमाध्यमहरूले पक्षपोषण गर्ने या विपक्षीको आलोचना गर्ने क्रममा अशिष्ट, अश्लील एवं अवाञ्छित भाषा तथा शब्दहरूको प्रयोग हुन जाँदा सबै पक्ष, जनताबीच अलोकप्रिय हुन पुगेको र प्रकारान्तरले त्यसको असर लोकतन्त्रमाथि नै परेको हुँदा आफूसँग विचार, दर्शन या नीति र कार्यक्रम मेल नखाने राजनीतिक दल, दलका नेता तथा कार्यकर्ताको आलोचना गर्दा मर्यादाको निश्चित सीमामा रही स्वस्थ, शिष्ट एवं श्लील भाषा तथा शब्दहरूको प्रयोग गरिनेछ।*
- *कुनै दल विशेषका नेता, कार्यकर्ता, मतदाता, समर्थक या शुभचिन्तक कसैबाट कुनै गलत कार्य भएको सन्दर्भमा कुनै सामग्री सम्प्रेषण गरिँदा सम्बन्धित व्यक्ति विशेषमा केन्द्रित रहनुपर्नेछ। दल या सम्बद्ध संस्थालाई नै जोडेर बदनाम गर्ने गरी सामग्रीहरूको सम्प्रेषण गरिने छैन।*

# अध्याय तीन

## ३. अनुसन्धान विधि ( **Research Methodology)**

उपत्यकाबाट प्रकाशित हुने २४ वटा साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूबीच सर्वेक्षण गरेर यो अनुसन्धान गरिएको हो । नेपाल प्रेस काउन्सिलले सार्वजनिक गरेको [5]तीसौं वार्षिक प्रतिवेदनमा क वर्गमा परेका ८, ख वर्गमा परेका ८, ग वर्गका ४ र घ वर्गका ४ वटा साप्ताहिक पत्रिकाहरूलाई सर्वेक्षणमा समावेश गरिएको थियो । अनुसन्धानमा समावेश पत्रिकाहरूको छनोट गर्नु आफैंमा गाह्रो र चुनौतीपूर्ण कार्य थियो । त्यसैले तीसौं प्रतिवेदनमा उल्लेख भएका पत्रिकाहरूको सूचीलाई आधार बनाउँदै उपत्यकाका पाँचवटा पत्रिका पसलेलाई नियमित रूपमा उनीहरूको पसलमा आउने पत्रिकाको विवरण मागियो । यसो गर्नु पछाडि बजारमा नियमित आउने र महत्त्वपूर्ण साप्ताहिक पत्रिकाहरू कुनै पनि नछुटून् भन्ने उद्देश्य रहेको थियो । तर, यसो गर्दा क, ख, ग श्रेणीका पत्रिकाहरू अनुसन्धानमा समावेश गर्नेभन्दा केही बढी हुन पुगे । त्यसैमध्येबाट गोला प्रथा गरी क श्रेणीबाट ८, ख श्रेणीबाट ८ र ग श्रेणीबाट ४ वटा पत्रिका छनोट गरियो ।

पत्रिकाको संख्याको आधारमा समानुपातिक रुपले छनौट गरेको भए क श्रेणीको तुलनामा ख श्रेणी, ख को तुलनामा ग श्रेणी, ग को तुलनामा घ श्रेणीको पत्रिकाहरु छनौटमा धेरै पर्ने थिए ।  तर, वजारमा मुख्यतः क र ख श्रेणीका साप्ताहिक पत्रिकाहरूकै बाहुल्यता भएकाले पनि यी दुई श्रेणीबाट पत्रिकाको संख्या अलि धेरै छनोट गरिएको हो । साप्ताहिक पत्रिकाहरुमा क र ख श्रेणीकै पत्रिकाहरुको वितरण संख्या बढी भएकाले पनि छनौटका क्रममा वितरण संख्या (Circulation) लाई आधार बनाइएको छ । त्यही वितरण संख्यालाई आधार बनाई पत्रिकाहरुको छनौट गरिएकाले पनि क र ख श्रेणीका पत्रिकाहरु संख्यात्मक रुपले अनुसन्धानमा धेरै समावेश भएका हुन् ।

श्रेणीगत आधारमा पत्रिकाको संख्या निश्चित गरिसकेपछि चाहिं गोलाप्रथाद्धारा पत्रिकाको छनौट गरिएको थियो । पत्रिकाको छनौट गर्दा अध्ययनका क्रममा अध्ययनकर्ताको पूर्वाग्रह नझल्कियोस् भन्नका लागि पत्रिकाहरूको छनोट गोला प्रथाद्वारा गरिएको हो । गोला प्रथाद्वारा क श्रेणीका *देशान्तर, जनआस्था, जनभावना, दृष्टि, पिपुल्स रिभ्यु, विमर्श, बुधबार* र *साँघु* साप्ताहिक छनोट भएका थिए । तर, प्रथम चरणको छनोटमा परेका क श्रेणीका *साँघु* र *जनभावना* मा प्रश्नावली भराउन सम्भव भएन । *साँघु* साप्ताहिकमा पटकपटक ताकेता गर्दा पनि त्यहाँका पत्रकारहरूले भर्न आनाकानी गरे । त्यस्तै *जनभावना* साप्ताहिकमा कार्यरत पत्रकारहरूले भने प्रश्नावली राजनीतिक विषयसँग सम्बन्धित भएको भन्दै भर्न अस्वीकार गरे । त्यसैले अध्ययनको बीचमा यी दुई साप्ताहिकको विकल्पमा क श्रेणीकै अन्य दुई पत्रिका छान्नुपर्ने स्थिति देखापऱ्यो । त्यसका लागि प्रथम चरणमा छनोट गर्दा बाहिरिएका पत्रिकाहरूको सूचीलाई मात्रै समावेश गरेर गोला प्रथा गरियो । यसो गर्दा सर्वेक्षणको सूचीमा क श्रेणीबाट *नेपालीपत्र* र *जनसत्ता* दुई पत्रिकाहरू थपिन पुगे ।

[5] प्रेस काउन्सिलको तीसौ प्रतिवेदन (२०६१-२०६२) को वर्गीकरण जेठ १९, ०६३ को मन्त्रिपरिषद् बैठकले खारेज गरेको छ । अघिल्लो शाही सरकारले गरेका निर्णयहरू खारेज गर्नेक्रममा यो वर्गीकरणलाई खारेज गरिएको थियो । तर, त्यतिखेर अध्ययनको लागि प्रश्नावली भराउने कार्य पूरा भइसकेको र सरकारले तत्कालै नयाँ वर्गीकरण सार्वजनिक नगरेकाले यस अध्ययनमा त्यसैलाई आधार बनाइएको छ ।

अनुसन्धानका क्रममा गोला प्रथामार्फत ख वर्गबाट *घटना र विचार, छलफल, जन्मभूमि, जनधारणा, तरुण, प्रकाश, युगसंवाद र हाँक* छनोट भए भने ग वर्गबाट *जनएकता, जनप्रहार, ताजाखबर र श्रम बुलेटिन* छनोटमा पर्न आए । यसरी छानिएका साप्ताहिकहरूमा प्रश्नावली भराउँदा क श्रेणीमा झैँ समस्या झेल्नुपरेन । यद्यपि ढिलासुस्तीका कारण पटकपटक ताकेता गर्न भने परेकै थियो । यसरी छनोट भएका क, ख र ग श्रेणीका पत्रिकाहरूलाई हेर्दा विभिन्न बार प्रकाशित हुने र सबै खालको विचारधारालाई प्रतिनिधित्व गर्ने भनी भनिँदै आएका पत्रिकाहरू समावेश भएको पाइयो । घ श्रेणीका पत्रिकाहरू भने बजारमा पाउन अलि मुस्किल नै देखिए । त्यसैले अध्ययनको समयमा सूचना विभागमा नियमित आएकाहरूमध्येबाट गोला प्रथामार्फत छनोट गरियो । यसो गर्दा घ वर्गका *रोडम्याप, अग्रगामी, जनताको आवाज र कान्तिपुरी नगरी* थिए । अध्ययनमा पत्रिकाको छनोट गर्दा साप्ताहिक भए पनि म्यागेजिनको रूपमा प्रकाशित पत्रिकाहरूलाई भने यो अध्ययनमा समावेश गरिएको छैन ।

सर्वेक्षण नै यस अनुसन्धानको मुख्य विधि थियो । यसरी प्रश्नावली भराइ सर्वेक्षण गर्दा २४ वटा साप्ताहिक पत्रिकामा कार्यरत संवाददातादेखि सम्पादकसम्मका पत्रकारलाई भराइयो । २०६२ साल फाल्गुन महिनामा शोध प्रस्ताव र चैत्र महिनामा प्रश्नावली तयार भए पनि प्रश्नावली भराउनका लागि २०६३ साल जेठ महिना नै पर्खनुपर्‍यो । २०६२ सालको चैत्र महिना र २०६३ सालको वैशाख महिनामा जनआन्दोलन भाग-२ का कारण पत्रकारहरूलाई प्रश्नावली भराउने कार्य सम्भव थिएन । २०६३ सालको जेठ महिनाभरिमा प्रश्नावली भराइयो । अध्ययनका क्रममा उपलब्ध पत्रकारलाई प्रश्नावली भराइएको थियो । पत्रिकाको कार्यालयमा गई भेटिएका पत्रकारलाई तत्कालै र त्यतिखेर कार्यालयमा नभेटिएका पत्रकारहरूलाई प्रश्नावली छोडिएको थियो । दुई सातापछि यी प्रश्नावलीहरू लिन जाँदा कतिपयले भर्न अस्वीकार गरेको जानकारी पाइयो । यसबीचमा टेलिफोनबाट भने पटकपटक ताकेता गरिएको थियो । यसो गर्दा २४ पत्रिकाबाट जम्मा १ सय ८ पत्रकारहरूले प्रश्नावली भरेका थिए । त्यसपछि संकलन गरिएका प्रश्नावलीलाई 'स्टयाटिकल प्याकेज फर सोसल साइन्स' *(एसपीएसएस)* सफ्टवेयरमार्फत तथ्यांकहरूको प्रोसेसिङ् तथा विश्लेषण गरियो । र, तयार भएको तथ्याङ्कलाई *एक्सेल*मार्फत पाइचार्टमा उतार्ने काम गरियो ।

त्यसका अतिरिक्त सामग्री विश्लेषण (Content Analysis) विधि पनि प्रयोग गरियो । सामाग्री विश्लेषणका क्रममा सर्वेक्षणमा सहभागी भएकै मध्येबाट विभिन्न पार्टीका नजिक भनेर भनिँदै/मानिदै आएका चारवटा साप्ताहिक पत्रिकाहरूलाई मात्रै समावेश गरियो । सामग्री विश्लेषणमा *देशान्तर, दृष्टि, तरुण* र *जनभावना*लाई प्रतिनिधि पत्रिकाको रूपमा छनोट गरियो । यसमध्ये *देशान्तर*लाई नेपाली कांग्रेस निकट, *दृष्टि*लाई नेकपा (एमाले) निकट, *तरुण*लाई नेपाली कांग्रेस प्रजातान्त्रिक निकट र *जनभावना*लाई राष्ट्रिय प्रजातन्त्र पार्टी निकट मानिँदै आएको छ । स्वयं सम्बन्धित पत्रिकाका [६]सम्पादकहरूले नै यो कुरालाई स्वीकार गरेकाले पनि यी पत्रिकाहरूले प्रतिनिधित्व गर्न सक्छन् भनेर सामग्री विश्लेषणमा छनोट गरिएको हो ।

---

[६] अध्ययनको क्रममा *देशान्तर*का सम्पादक कविर राणा, *दृष्टि*का सम्पादक शम्भु श्रेष्ठ र *तरुण* साप्ताहिकका सम्पादक परशुराम काफ्लेले आफ्नो दलगत संलग्नता लुकाउन चाहेनन् । *जनभावना*को सवालमा भने बाहिर अनुमान गरिँदै आएको र भनिँदै आएको आधारमा यो पत्रिकाको छनोट गरिएको हो ।

प्रश्नावली भराउने काम जेठ महिनामा गरिएकाले सामग्री विश्लेषणका लागि पनि त्यही अवधिमा प्रकाशित सामग्रीहरूलाई समावेश गरियो । यसरी सामग्री विश्लेषण गर्दा ती साप्ताहिकहरूको प्रथम पृष्ठका समाचार तथा विचार र पत्रिकाको सम्पादकीयलाई मात्रै समावेश गरिएको छ । सामग्री विश्लेषण गर्दा समाचार तथा विचार कुन पार्टीको विषयमा छ ? समाचार तथा विचारमा प्रयोग गरिएका विशेषणहरू कस्ता छन् भन्ने विषयमा ध्यान दिइएको छ । त्यसका अतिरिक्त प्रकाशित सामग्रीमा स्रोतको प्रयोग कसरी भइरहेको छ ? त्यसलाई पनि आधार बनाइएको छ । समग्रमा भन्नुपर्दा सामग्री विश्लेषण गर्दा समाचारको सकारात्मक 'नोसन' र नकारात्मक 'नोसन' मा बढी ध्यान दिइएको छ ।


# अध्याय चार

## ४. परिणाम (Result)

### ४.१ साप्ताहिक पत्रिकाका पत्रकारहरूको स्थिति

अध्ययनको क्रममा २४ वटा पत्रिकाहरूलाई सामेल गराइएको थियो । त्यसमध्ये क वर्गका ८, ख वर्गका ८, ग वर्गका ४ र घ वर्गका ४ वटा पत्रिकाहरू समावेश थिए । ती पत्रिकामा कार्यरत पत्रकारहरूलाई तयार पारिएको प्रश्नावली भराएर अनुसन्धान गरिएको थियो । यसरी सामेल गराइएका पत्रिकाहरूमा क वर्गका ३८, ख वर्गका ३४, ग वर्गका २० र घ वर्गका १६ पत्रकार सहभागी थिए । यस हिसाबले सर्वेक्षणमा क वर्गका ३५ प्रतिशत, ख वर्गका ३१ प्रतिशत, ग वर्गका १९ प्रतिशत र घ वर्गका १५ प्रतिशत पत्रकारहरू सहभागी थिए ।

चार्ट १
पत्रिकाको वर्गीकरण स्थिति





स्रोत : मिडिया सर्वेक्षण २०६३

सर्वेक्षणमा सहभागी भएका पत्रकारहरूमध्ये ३ प्रतिशत १५ देखि २० वर्ष उमेरसमूहका थिए भने २१ देखि १५ वर्ष उमेरसमूहका १५ प्रतिशत थिए । त्यसैगरी २६ देखि ३० वर्ष उमेरसमूहका ३५ प्रतिशत, ३१ देखि ३५ वर्ष उमेरसमूहका २३ प्रतिशत, ३६ देखि ४० वर्ष उमेरसमूहका १० प्रतिशत, ४१ देखि ४५ वर्ष उमेरसमूहका ७ प्रतिशत, ४६ देखि ५० वर्ष उमेरसमूहका ५ प्रतिशत र ५० वर्षदेखि माथिका २ प्रतिशत पत्रकारहरू सर्वेक्षणमा सहभागी थिए । यसरी हेर्दा साप्ताहिक पत्रिकाहरूमा २६ देखि ३० वर्ष उमेरसमूहका पत्रकाहरूको संख्या धेरै देखिन्छ भने त्यसपछि ३१ देखि ३५ वर्ष उमेरसमूहको आउँछ । यो दुवै उमेरसमूहलाई जोड्ने हो भने साप्ताहिक पत्रिकाहरूमा २६ देखि ३५ वर्ष उमेरसमूहका पत्रकारहरूको संख्या ५८ प्रतिशत हुन आउँछ ।

चार्ट २

उमेरको हिसाबले पत्रकारहरूको स्थिति





स्रोत : मिडिया सर्वेक्षण २०६३

लैङ्गिग हिसाबले हेर्ने हो भनेसाप्ताहिक पत्रिकाहरूमा महिला पत्रकाहरूको संख्या अत्यन्त कम देखिन्छ । सर्वेक्षणमा सहभागी पत्रकारहरूमा महिला पत्रकारहरूको संख्या केवल ४ प्रतिशत मात्रै थियो । सर्वेक्षणमा सहभागीमध्ये ९६ प्रतिशत पुरुष पत्रकार हुनुले पनि साप्ताहिक पत्रिकाहरूमा पुरुषको अत्याधिक बाहुल्यता छ भनेर भन्न सकिन्छ ।

सर्वेक्षणका क्रममा तयार पारिएका प्रश्नावलीहरू सम्पादकीय समूहका संवाददातादेखि सम्पादकसम्म सबैलाई भराइएको थियो । प्रधानसम्पादकलाई भने सम्पादककै श्रेणीमा राखिएको थियो । यसरी संवाददातादेखि प्रधान सम्पादकसम्म सबैलाई प्रश्नावली भराउने क्रममा सर्वेक्षणमा सम्पादक १३ प्रतिशत, कार्यकारी सम्पादक ९ प्रतिशत, सहसम्पादक २१ प्रतिशत, प्रमुख संवाददाता ८ प्रतिशत, संवाददाता ३९ प्रतिशत र अन्य १० प्रतिशत सहभागी भएका थिए । अन्य अन्तर्गत प्रशिक्षार्थी पत्रकारदेखि स्टिगर र कोही चाहिं नियमित रूपमा स्तम्भ लेख्ने स्तम्भकारसमेत थिए । त्यसैगरी प्रश्नावलीमा विकल्प नराखिएका पदहरू जस्तै अतिथी सम्पादकले समेत आफूलाई अन्यको श्रेणीमा राखेर प्रश्नावली भरेको पाइयो ।

चार्ट ३


पदीय आधारमा पत्रकारहरूको स्थिति




स्रोत : मिडिया सर्वेक्षण २०६३

शैक्षिक योग्यताको सवालमा चाहिं १२ प्रतिशत स्नातकोत्तर, ५४.६ प्रतिशत स्नातक, २५.९ प्रतिशत प्रमाणपत्र तह उत्तीर्ण र ५.६ प्रतिशत एसएलसी उत्तीर्ण थिए । त्यसैगरी सर्वेक्षणमा सहभागी साप्ताहिक पत्रिकाका १.९ प्रतिशतले आफ्नो योग्यता एसएलसीभन्दा कम रहेको बताएका थिए । यो तथ्याङ्कलाई हेर्ने हो भने साप्ताहिक पत्रिकाहरूमा स्नातक पत्रकारहरूको बाहुल्यता रहेको छ ।

**चार्ट ४**
**योग्यताको आधारमा पत्रकारहरुको स्थिति**





स्रोत : मिडिया सर्वेक्षण २०६३

जातीय हिसाबले हेर्दा चाहिं ५५.६ प्रतिशत ब्राह्मण, ३५.२ प्रतिशत क्षेत्री, ६.५ प्रतिशत नेवार सहभागी थिए भने आफूलाई जनजाति भन्नेहरूको संख्या ०.९ प्रतिशत र अन्य १.९ प्रतिशत मात्रै थिए । यस हिसाबले साप्ताहिक पत्रिकाका पत्रकारहरूमा ब्राह्मणहरूको बाहुल्यता भएको देखिन्छ । त्यसैगरी स्थायी बसोवासको हिसाबले तराई क्षेत्रका १६.७ प्रतिशत, पहाडी क्षेत्रका ८०.६ प्रतिशत र हिमाली क्षेत्रका २.८ प्रतिशत मात्रै सर्वेक्षणमा सहभागी थिए । सर्वेक्षणमा पहाडी क्षेत्रका ८०.६ प्रतिशत हुनुले पनि साप्ताहिक पत्रिकाहरूमा पहाडी क्षेत्रका पत्रकारहरूको अत्यधिक बाहुल्यता रहेको देखाउँछ ।

### ४.२ साप्ताहिक पत्रिकाका पत्रकारहरूको अनुभव

सर्वेक्षणमा सहभागीमध्ये ५ प्रतिशतले पत्रकारिता सुरु गरेको तीन वर्षभन्दा कम मात्रै भएको छ । त्यसैगरी ३ देखि ५ वर्षको अनुभव भएका पत्रकारहरूको संख्या २४ प्रतिशत थियो भने ६ देखि १० वर्ष अनुभव भएकाहरूको संख्या चाहिं ३६ प्रतिशत थियो । त्यसैगरी २२ प्रतिशत पत्रकारहरूले ११ देखि १५ वर्षसम्मको अनुभव बताएका थिए भने १५ वर्षभन्दा बढी अनुभव भएको बताउने पत्रकारहरूको संख्या ११ प्रतिशत थियो । २ प्रतिशत पत्रकारहरूले चाहिं आफ्नो अनुभवको समय खुलाउन चाहेनन् । यसरी हेर्दा साप्ताहिक पत्रिकामा ६ देखि १० वर्ष अनुभव भएका पत्रकारहरू अन्यको तुलनामा अलि बढी देखिए ।

**चार्ट ५**
**पत्रकारितामा अनुभव**




स्रोत : मिडिया सर्वेक्षण २०६३

पत्रिकाको वर्गीकरणको आधारमा भन्ने हो भने क वर्गका ३१.६ प्रतिशतले ३ देखि ५ वर्षसम्मको अनुभव भएको बताए । २८.९ प्रतिशतले ६ देखि १० वर्ष, १८.४ प्रतिशतले ११ देखि १५ वर्ष, १८.४ प्रतिशतले १५ वर्षभन्दा बढी अनुभव भएको बताए । तर, २.६ प्रतिशतले चाहिं भन्न चाहन्न भन्ने जवाफ दिए । ख वर्गका ८.८ प्रतिशतले तीन वर्षभन्दा कम, १४.७ प्रतिशतले ३ देखि ५ वर्ष, ३५.३ प्रतिशतले ६ देखि १० वर्ष, २९.४ प्रतिशतले ११ देखि १५ वर्ष र ८.८ प्रतिशतले १५ वर्षभन्दा बढी काम गरेको बताए भने ख श्रेणीमा कार्यरत २.९ प्रतिशतले चाहिं भन्न चाहन्न भन्ने जवाफ दिए । त्यसैगरी ग श्रेणीका १० प्रतिशतले ३ वर्षभन्दा कम, ३० प्रतिशतले ३ देखि ५ वर्ष, अर्को ३० प्रतिशतले ६ देखि १० वर्ष, २० प्रतिशतले ११ देखि १५ वर्ष र १० प्रतिशतले १५ वर्षभन्दा बढीको अनुभव भएको बताएका थिए । घ श्रेणीमा कार्यरतहरूमा चाहिं १८.८ प्रतिशतले ३ देखि ५ वर्ष, ६२.५ प्रतिशतले ६ देखि १० वर्ष, १८.८ प्रतिशतले ११ देखि १५ वर्षको अनुभव भएको बताए । यस श्रेणीमा ३ वर्षभन्दा कम अनुभव भएका पत्रकार कोही पनि भेटिएनन् । तुलनात्मक रूपमा अध्ययन गर्ने हो भने क वर्गमा ३ देखि ५ वर्ष अनुभव भएका पत्रकारहरूको संख्या अरूको तुलनामा बढी छ भने ख श्रेणीमा ६ देखि १० वर्ष अनुभव भएकाहरूको संख्या धेरै छ । त्यसैगरी ग श्रेणीमा ३ देखि ५ वर्षको अनुभव भएका र ६ देखि १० वर्षको उमेर भएका पत्रकारहरूको संख्या बराबरी छ । घ श्रेणीमा चाहिं ६ देखि १० वर्ष अनुभव भएका पत्रकारहरूको बाहुल्यता रहेको देखिन्छ ।


पत्रकारहरूको पदीय हिसाबले हेर्ने हो भने ५० प्रतिशत पत्रकारहरू १५ वर्षभन्दा बढी अनुभव भएका छन् । त्यस्तै ४२.९ प्रतिशत सम्पादकहरूले ११ देखि १५ वर्षको अनुभव भएको बताए भने बाँकी ७.१ प्रतिशतले चाहिं ६ देखि १० वर्षको अनुभव भएको बताए । यसरी साप्ताहिक पत्रिकाका सम्पादकहरू अनुभवी नै भएको देखिन्छ । यता संवाददाताहरूको तहमा चाहिं ७.३ प्रतिशतले ३ वर्षभन्दा कम, ४१.५ प्रतिशतले ३ देखि ५ वर्ष, ३१.७ प्रतिशतले ६ देखि १० वर्ष, १२.२ प्रतिशतले ११ देखि १५ वर्ष र २.४ प्रतिशतले १५ वर्षभन्दा बढी अनुभव भएको बताए । त्यस्तै ४.९ प्रतिशत संवाददाताहरूले भने आफ्नो अनुभव उल्लेख गर्न

चाहेनन् । यसरी सम्पादकको सवालमा १५ वर्षभन्दा बढी अनुभव भएका पत्रकारहरू ५० प्रतिशतको हाराहारीमा छन् भने संवाददातातिर चाहिं ३ देखि ५ वर्ष अनुभव भएकाहरूको संख्या धेरै छ ।

### ४.३ पत्रकारितामा प्रवेश

सर्वेक्षणमा सहभागी भएकामध्ये २१ प्रतिशत पत्रकारहरूले आफू प्रतिस्पर्धाबाट यस पेसामा प्रवेश गरेको बताए । ६६ प्रतिशतले चिनजानको आधारमा, २ प्रतिशतले भनसुन गरेर, १० प्रतिशतले अन्य माध्यमबाट पत्रकारिता पेसामा प्रवेश गरेको बताए । १ प्रतिशतले चाहिं खुलाउन चाहेनन् । यसले के देखाउँछ भने साप्ताहिक पत्रिकाहरूमा चिनजानको माध्यमबाट पेसामा प्रवेश गर्ने प्रवृत्ति छ । प्रतिस्पर्धाबाट प्रवेश गरेको बताउनेहरूको २१ प्रतिशतको संख्यालाई पनि उल्लेखनीय नै मान्नुपर्छ । झट्ट सुन्दा साप्ताहिक पत्रिकामा पनि प्रतिस्पर्धाबाट प्रवेश गर्ने व्यक्ति होलान् र भन्ने लाग्छ । तर, साप्ताहिक पत्रिकाका पत्रकारहरूले भने चिनजान केही पनि नभएको कुनै पत्रिकामा गई कुराकानी गरेर समाचार लेखी त्यही समाचारको आधारमा आफू जागिरे भएको कुरालाई प्रतिस्पर्धा भएको बताए । प्रश्नावली भराउन जाँदा गरिएको कुराकानीका क्रममा साप्ताहिक पत्रिकाका अधिकांश पत्रकारहरूले प्रतिस्पर्धा भन्नाले त्यही कुरालाई बताएका थिए ।

**चार्ट ६**
**पत्रकारिता पेशामा प्रवेश**




स्रोत : मिडिया सर्वेक्षण २०६३

त्यसमा पनि क श्रेणीको पत्रिकामा कार्यरत ३१.६ प्रतिशत प्रतिस्पर्धाबाट, ४७.४ प्रतिशत चिनजानबाट, १८.४ प्रतिशतले अन्य कारणबाट पत्रकारितामा प्रवेश गरेको बताए । क श्रेणीका पत्रकारहरू भनसुन गरेर पेसामा प्रवेश गरेको देखिएन भने २.६ प्रतिशतले चाहिं आफू कसरी पत्रकारिता पेसामा प्रवेश गरेको भन्ने कुरा खुलाउन चाहेनन् । ख श्रेणीको पत्रिकामा कार्यरत पत्रकारहरूमध्ये १७.६ प्रतिशतले प्रतिस्पर्धाबाट, ७६.५ प्रतिशतले चिनजानबाट, २.९ प्रतिशतले भनसुनबाट र अर्को २.९ प्रतिशतले अन्य कारणबाट पत्रकारितामा प्रवेश गरेको बताए । ग श्रेणीको पत्रिकामा कार्यरत पत्रकारहरूमध्ये २५ प्रतिशतले प्रतिस्पर्धाबाट, ६० प्रतिशतले चिनजानबाट र १५ प्रतिशतले अन्य कारणबाट आफू यस पेसामा प्रवेश गरेको

बताए । त्यस्तै ग श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूमा चाहिं ९३.८ प्रतिशतले चिनजानबाट र ६.३ प्रतिशतले भनसुन गरेर पत्रकारितामा प्रवेश गरेको बताए । घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू कत्ति पनि प्रतिस्पर्धाबाट प्रवेश गरेका छैनन् । ख र ग श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू पनि क श्रेणीमा कार्यरत पत्रकारहरूको तुलनामा प्रतिस्पर्धाबाट कमै प्रवेश गरेका छन् । यसरी अन्य श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूको तुलनामा क श्रेणीमा कार्यरत पत्रकारहरूको धेरै संख्या प्रतिस्पर्धाबाट प्रवेश गरेकाले पनि अन्य श्रेणीका पत्रिकाका पत्रकारहरूको तुलनामा यस श्रेणीका पत्रिकाका पत्रकारहरूमा व्यावसायिकता अलि बढी हुन सक्छ भन्न सकिन्छ ।


पदीय हिसाबले हेर्ने हो भने सम्पादक र संवाददाताको तुलनामा प्रतिस्पर्धाबाट पेसामा प्रवेश गरेको बताउनेहरूमा कार्यकारी सम्पादकहरूको अनुपात धेरै छ । ७.१ प्रतिशत सम्पादकहरूले मात्रै आफू प्रतिस्पर्धाबाट पेसामा प्रवेश गरेको बताए भने त्यस्तो बताउने कार्यकारी सम्पादकहरूको संख्या ४० प्रतिशत थियो । त्यस्तै प्रतिस्पर्धाबाट सेवामा प्रवेश गरेको बताउनेहरूमा सहसम्पादक ८.७ प्रतिशत, प्रमुख संवाददाता ३३.३ प्रतिशत र संवाददाता ३१.७ प्रतिशत रहेका छन् । शैक्षिक योग्यताको हिसाबले पनि स्नातकोत्तर गरेका पत्रकारहरू चाहिं अन्य पत्रकारहरूको तुलनामा प्रतिस्पर्धाबाट सेवामा प्रवेश गरेको देखियो । स्नातकोत्तर गरेका बहुसंख्यक उत्तरदाताहरू (४६.२ प्रतिशत) ले आफू प्रतिस्पर्धाबाट प्रवेश गरेको बताए ।

### ४.४ लेखनमा राजनीति

सर्वेक्षणमा सहभागी भएका पत्रकारहरूमध्ये ४४ प्रतिशतले राजनीतिको विषयमा सधैं लेख्ने गरेको बताए । प्रायः राजनीतिको विषयमा लेख्ने भन्ने पत्रकारहरूको संख्या २३ प्रतिशत, कहिलेकाहीं लेख्नेहरूको संख्या १२ प्रतिशत र राजनीतिको विषयमा लेख्दै नलेख्नेहरूको संख्या २१ प्रतिशत थियो ।

**चार्ट ७**

**राजनीतिक विषयमा लेखन**




स्रोत : मिडिया सर्वेक्षण २०६३


क श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूमध्ये ३९.५ प्रतिशतले राजनीतिमा सधैं लेख्ने गरेको बताए । २३.७ प्रतिशतले प्रायः, १३.२ प्रतिशतले कहिलेकाहीं लेख्ने गरेको बताए भने २३.७ प्रतिशतले आफूले राजनीतिक विषयमा समाचार लेख्ने नगरेको बताए । ख श्रेणीका ३५.३ प्रतिशतले सधैं, ३२.४ प्रतिशतले प्रायः, ८.८ प्रतिशतले कहिलेकाहीं राजनीतिक विषयमा लेख्ने गरेको बताए भने २३.५ प्रतिशतले लेख्दिन भन्ने जवाफ दिए । ग श्रेणीका २० प्रतिशतले सधैं, २५ प्रतिशतले प्रायः, २५ प्रतिशतले कहिलेकाहीं लेख्ने गरेको बताए भने लेख्दिन भन्नेहरू ३० प्रतिशत थिए । घ श्रेणीका पत्रिकाका पत्रकारहरू चाहिं शतप्रतिशतले नै राजनीतिको विषयमा सधैं लेख्ने गरेको जवाफ दिए ।

पत्रकारहरूको पदीय हिसाबका आधारमा हेर्ने हो भने सर्वेक्षणमा सहभागी भएका सम्पादकहरूमध्ये ७१.४ प्रतिशतले राजनीतिका बारेमा सधैं लेख्ने गरेको बताए भने २१.४ प्रतिशतले प्राय र ७.१ प्रतिशतले कहिलेकाहीं लेख्ने जवाफ दिए । तर, यता संवाददाताहरूको तहमा हेर्ने हो भने २९.३ प्रतिशतले सधैं, १७.१ प्रतिशतले प्रायः र १९.५ प्रतिशतले कहिलेकाहीं लेख्ने गरेको जवाफ दिए । त्यस्तै सर्वेक्षणमा सहभागी बहुसंख्यक संवाददाताहरू (३४.१ प्रतिशत) ले आफूले राजनीतिक विषयमा समाचार लेख्ने नगरेको बताए ।

शैक्षिक योग्यताको आधारमा हेर्ने हो भने राजनीतिको विषयमा सधैं लेख्नेहरूमा स्नातकोत्तर गरेका पत्रकारहरू धेरै पर्छन् । स्नातकोत्तर गरेकाहरूमध्ये ५३.८ प्रतिशतले राजनीतिका विषयमा सधैं लेख्ने गरेको बताए भने त्यसो भन्नेहरूमा स्नातक गरेका ४९.२ प्रतिशत र प्रमाणपत्र तह उत्तीर्ण ३५.७ प्रतिशत मात्रै छन् ।


सामाजिक मुद्दाहरूमा चाहिं १४.८ प्रतिशतले सधैं, ३८ प्रतिशतले प्रायः, २५ प्रतिशतले कहिलेकाहीं लेख्ने गरेको बताए । २२.२ प्रतिशतले चाहिं सामाजिक मुद्दाहरूमा आफूले लेख्दै नलेख्ने गरेको बताए । त्यस्तै अर्थ तथा व्यापारको विषयमा ११.१ प्रतिशतले सधैं, १२ प्रतिशतले प्रायः, २५ प्रतिशतले कहिलेकाहीं लेख्ने गरेको बताए भने ५१ प्रतिशतले चाहिं आफूले यस विषयमा नलेख्ने गरेको बताए । साहित्य तथा मनोरञ्जनको क्षेत्रमा ११.१ प्रतिशतले सधैं, १७.६ प्रतिशतले प्रायः, ३०.६ प्रतिशतले कहिलेकाहीं लेखेको बताए भने ४०.७ प्रतिशतले यस विषयमा आफूले लेख्ने गरेको छैन भन्ने जवाफ दिए । प्रहरी र अपराधको विषयमा भने ५.६ प्रतिशतले सधैं, १६.७ प्रतिशतले प्रायः, अर्को १६.७ प्रतिशतले कहिलेकाहीं लेख्ने गरेको बताए भने बाँकी ६१.१ प्रतिशतले आफूले यस विषयमा लेख्दै नलेख्ने बताए ।

साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूले एक हप्ताको समयमा एक वा एकभन्दा धेरै समाचारहरू लेख्ने गरेको देखियो । सर्वेक्षणमा सहभागीमध्ये २.८ प्रतिशतले हप्तामा औसत एकवटा समाचार लेख्ने गरेको बताए । त्यस्तै १४.८ प्रतिशतले प्रतिहप्ता औसतमा दुईवटा, २५ प्रतिशतले तीनवटा, २२.२ प्रतिशतले चारवटा, १५.७ प्रतिशतले पाँचवटा र १९.४ प्रतिशतले चाहिं पाँचवटाभन्दा बढी समाचार लेख्ने गरेको बताए । कतिपय पत्रिकाहरूमा जनशक्तिको अभावका कारण एउटै व्यक्तिले पाँचभन्दा बढी समाचार लेखेको पनि पाइयो ।




### ४.५ पेसाप्रतिको सन्तुष्टि

सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये ५१ प्रतिशतले मात्रै आफू आफ्नो पेसाबाट सन्तुष्ट रहेको बताए । अलिकति सन्तुष्ट छु भन्नेहरूको संख्या १५ प्रतिशत रह्यो भने कत्ति पनि सन्तुष्ट नहुनेहरूको संख्या २९ प्रतिशत रह्यो । ५ प्रतिशतले चाहिं कुनै प्रतिक्रिया दिन चाहेनन् । यसरी ५१ प्रतिशत पत्रकार मात्रै आफ्नो पेसाबाट सन्तुष्ट हुनुले पनि स्पष्ट संकेत गरेको छ, साप्ताहिक पत्रिकाका पत्रकारहरूले आफ्नो पेसाप्रति पूर्ण रूपमा भरोसा गर्न सकेका छैनन् । पेसाप्रति भरोसा नहुँदा निश्चय पनि पेसाप्रतिको प्रतिबद्धता पनि कम हुन जान्छ । यसरी लगभग ५० प्रतिशतकै हाराहारीमा पत्रकारहरू आफ्नो पेसाप्रति उदासीनका साथसाथै सन्तुष्ट नहुनु निश्चय पनि राम्रो संकेत होइन ।




पेसाबाट सन्तुष्ट रहेको बताउनेहरूमा क र ग श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू धेरै छन् । क श्रेणीका ६०.५ प्रतिशत, ख श्रेणीका ४७.१ प्रतिशत र ग श्रेणीका पत्रिकामा कार्यरत ७० प्रतिशत

पत्रकारहरूले आफू पेसाबाट सन्तुष्ट रहेको बताए भने घ श्रेणीका पत्रिकाका १८.८ प्रतिशत पत्रकारहरूले मात्रै आफू पेसाबाट सन्तुष्ट रहेको जवाफ दिएका थिए । यसरी घ श्रेणीका अत्यन्त कम पत्रकारहरू मात्रै आफ्नो पेसाबाट सन्तुष्ट देखिएका छन् ।

उमेरका हिसाबले हेर्ने हो भने ४१ देखि ४५ वर्ष उमेरसमूहका धेरै पत्रकारहरू आफूले गर्दै आएको पत्रकारिता पेसाबाट सन्तुष्ट देखिएका छन् । यो उमेरसमूहका ७५ प्रतिशत पत्रकारहरूले पेसाबाट सन्तुष्ट भएको बताएका छन् । साप्ताहिक पत्रिकाका प्रायः सम्पादकहरूको यही उमेरसमूह भएकाले पनि यस समूहको संख्या उच्च हुन गएको देखिन्छ । पेसाबाट असन्तुष्ट हुनेहरूमा चाहिं २६ देखि ३० वर्ष उमेरसमूह र ३६ देखि ४० वर्ष उमेरसमूहका बढी देखिएका छन् । यो दुवै उमेरसमूहका ३६/३६ प्रतिशत उत्तरदाताहरूले आफूहरू पेसाबाट सन्तुष्ट नरहेको जवाफ दिए । त्यस्तै १५ देखि २० वर्ष उमेरसमूहका पनि ३३ प्रतिशत उत्तरदाताहरूले आफूहरू पेसाबाट सन्तुष्ट नरहेको बताए । यसले के देखाउँछ भने युवाहरू साप्ताहिक पत्रिकामा अभ्यास हुँदै आएको पत्रकारिताबाट सन्तुष्ट छैनन् । अर्कोतिर विभिन्न किसिमका फाइदाहरू पाएका कारण पनि हुन सक्छ, पाका उमेरसमूहका व्यक्तिहरू भने आफूले गर्दै आएको कामबाट सन्तुष्ट देखिएका छन् ।

पदीय आधारमा विश्लेषण गर्दा कार्यकारी सम्पादक सबैभन्दा बढी आफ्नो पेसाबाट सन्तुष्ट देखिन्छन् । सर्वेक्षणमा सहभागी भएकामध्ये ८० प्रतिशत कार्यकारी सम्पादकहरूले आफूहरू पेसाबाट सन्तुष्ट भएको बताए । सर्वेक्षणमा सहभागी भएका ७१.४ प्रतिशत सम्पादकहरूले आफूहरू पेसाबाट सन्तुष्ट रहेको बताए भने ६०.९ प्रतिशत सहसम्पादकहरूले पनि आफू पत्रकारिता पेसाबाट सन्तुष्ट रहेको बताए । तर, संवाददाताहरूको हकमा भने पेसाबाट सन्तुष्ट हुने र नहुनेहरूको संख्या बराबरी देखिएको छ । ३६.६ प्रतिशत संवाददाताहरूले आफूहरू पेसाबाट सन्तुष्ट रहेको बताए भने त्यति नै संख्याले आफ्नो असन्तुष्टि रहेको बताए । बाँकी रहेकामध्ये २२ प्रतिशतले अलिकति सन्तुष्ट रहेको बताए भने ४.९ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए ।

शैक्षिक योग्यताको आधारमा हेर्ने हो स्नातकोत्तर गरेका पत्रकारहरू नै पेसाबाट बढी सन्तुष्ट छन् । त्यसपछि स्नातक गरेका सन्तुष्ट छन् भने त्यसपछि मात्रै प्रमाणपत्र तह उत्तीर्ण गरेका पत्रकारहरू देखिन्छन् । स्नातकोत्तर गरेका ७६.९ प्रतिशत, स्नातक गरेका ५५.९ प्रतिशत, प्रमाणपत्र तह उत्तीर्ण गरेका ४२.९ प्रतिशत र एसएलसी उत्तीर्ण १६.७ प्रतिशतले आफूहरू पेसाबाट सन्तुष्ट रहेको बताए । यसरी जति धेरै योग्यता भयो, त्यति नै पत्रकारहरू आफ्नो पेसाप्रति सन्तुष्ट भएको पाइयो ।


### ४.६ पेसाप्रतिको निरन्तरता

पत्रकारहरूको पेसाप्रतिको निरन्तरताको विषयमा सोधिएको प्रश्नमा ५२ प्रतिशतले भविष्यमा पनि पत्रकारिता नै गर्ने बताए । पेसाप्रति सन्तुष्ट हुनुहुन्छ भन्ने अघिल्लो प्रश्नको जवाफमा ५१ प्रतिशतले मात्रै सन्तुष्ट भएको जवाफ दिएका थिए । यस हिसाबले पेसाबाट असन्तुष्ट हुने एक प्रतिशतले चाहिं आफू पेसाबाट असन्तुष्ट भएपनि भविष्यमा पनि पत्रकारिता पेसामा नै आबद्ध हुन चाहेको देखिन्छ । आधाभन्दा केही कम (४८ प्रतिशत) पत्रकारले भविष्यमा पत्रकारिताको विकल्पमा अन्य पेशा गर्न चाहनुले के देखाएको छ भने

पत्रकारहरु आफनै पेशाप्रति सन्तुष्ट छैनन् । सायद पेशाप्रतिको सुरक्षा र यो पेशाबाट जीवन धान्न अप्ठयारो देखेकै कारण पनि उनीहरुले संभावित नयाँ पेशाको छनौट गरेका हुनसक्छन् ।

भविष्यमा राजनीतितिर लाग्छु भन्नेहरूको संख्या १५ प्रतिशत र व्यापारमा लाग्ने भन्नेहरूको संख्या चाहिं १ प्रतिशत थियो । त्यसैगरी २६ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिए भने ६ प्रतिशतले कुनै प्रतिक्रिया नै दिएनन् । थाहा छैन भन्ने र कुनै पनि प्रतिक्रिया नदिनेहरूको संख्या जोड्ने हो भने उदासीन रहनेहरूको यो संख्या ३२ प्रतिशत हुन आउँछ । साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूमध्ये १५ प्रतिशतले भविष्यमा राजनीति गर्ने लक्ष्य राखेकाले पनि पत्रकारहरूको राजनीतिक झुकाव झल्किन्छ ।

**चार्ट १०**
**भविष्यमा तपाईंले गर्न चाहने सम्भावित पेशा**




स्रोत : मिडिया सर्वेक्षण २०६३

पत्रिकाहरूको वर्गीकरणको आधारमा हेर्ने हो भने क श्रेणीका पत्रिकामा कार्यरत ५२.६ प्रतिशत, ख श्रेणीमा कार्यरत ५२.९ प्रतिशत, ग श्रेणीमा कार्यरत ८० प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत १८.८ प्रतिशत पत्रकारहरूले पत्रकारितालाई निरन्तरता दिने बताए । त्यस्तै क श्रेणीका १३.२ प्रतिशत, ख श्रेणीका ५.९ प्रतिशत, ग श्रेणीका १५ प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत ३७.५ प्रतिशत पत्रकारहरूले भविष्यमा राजनीतितिर लाग्ने बताए । यसरी हेर्दा क र ख श्रेणीको तुलनमा ग र घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूको संख्या राजनीतितिर बढी आकर्षित भएको देखियो । यसले ग र घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूले पत्रकारितालाई राजनीति गर्ने भऱ्याङको रूपमा प्रयोग गर्न खोजेको देखिन्छ । पेसाप्रतिको अन्योल पनि घ श्रेणीका पत्रकारहरूमा नै बढी देखियो । घ श्रेणीका पत्रिकामा कार्यरत ४३.८ प्रतिशत पत्रकारहरूले भविष्यमा गर्ने पेसाको विषयमा थाहा छैन भन्ने जवाफ दिए जबकि क श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूमा यो संख्या १८.४ प्रतिशत मात्रै रहेको छ । यसले घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू आफ्नै पेसाप्रति विश्वस्त नभएको पनि देखाउँछ । जब पेसाप्रति नै आश्वस्त हुन सकिंदैन, तब पेसागत मर्यादामाथि पनि संकट आउन सक्छ ।

पदीय हिसाबले हेर्ने हो भने भविष्यमा राजनीति गर्न चाहनेहरूमा सम्पादक र संवाददाताबीचको संख्यामा खासै ठूलो भिन्नता देखिंदैन । २१.४ प्रतिशत सम्पादकहरूले भविष्यमा आफूले राजनीति गर्ने बताए


भने १९.५ प्रतिशत संवाददाताहरूले पनि आफू भविष्यमा राजनीतिमा नै आउने बताए । यसले साप्ताहिक पत्रिकामा कार्यरत सम्पादकहरू मात्रै होइन, संवाददाताहरूमा पनि राजनीतिप्रतिको अभीष्ट उत्तिकै भएको संकेत गरेको छ । सहसम्पादक र प्रमुख संवाददताको सवालमा राजनीतिमा आउन चाहने संख्या कम छ । ८.७ प्रतिशत सहसम्पादक र ११.१ प्रतिशत प्रमुख संवाददाताले मात्रै आफूहरूले भविष्यमा राजनीति गर्ने कुरा सर्वेक्षणका क्रममा बताएका थिए ।

शैक्षिक योग्यताका आधारमा हेर्दा भविष्यमा राजनीति गर्छु भन्नेहरूमा प्रमाणपत्र तह उत्तीर्ण गरेका पत्रकारहरू धेरै छन् । त्यसपछि स्नातक तह उत्तीर्ण छन् भने त्यसपछि मात्रै स्नातकोत्तर उत्तीर्ण गरेका पत्रकारहरू देखिन्छन् । प्रमाणपत्र तह उत्तीर्ण गरेका २८.६ प्रतिशत, स्नातक गरेका ११.९ प्रतिशत र स्नातकोत्तर गरेका ७.७ प्रतिशत पत्रकारहरूले मात्रै आफूहरूले भविष्यमा राजनीतिमा आउने चाहना राखेको बताए । यसले के देखाएको छ भने कम पढेका व्यक्तिहरू राजनीतितिर बढी आकर्षित भएका छन् भने धेरै शैक्षिक योग्यता भएका व्यक्तिहरू पत्रकारितालाई नै निरन्तरता दिन चाहन्छन् ।

### ४.७ पत्रकारिता : मिसन कि व्यावसायिक ?

सर्वेक्षणमा सहभागीमध्ये ४५ प्रतिशतले आफूले गर्दै आएको पत्रकारितालाई व्यावसायिक पत्रकारिताको संज्ञा दिए भने ४९ प्रतिशतले चाहिं मिसन पत्रकारिता । व्यावसायिक र मिसन दुवै भन्नेहरूको संख्या चाहिं ६ प्रतिशत रहृयो । यसरी बहुसंख्यक पत्रकारहरूले आफूले गर्दै आएको पत्रकारितालाई मिसन पत्रकारिता भन्नुले पनि साप्ताहिक पत्रिकामा अझै पनि व्यावसायिक पत्रकारिताको अभाव झल्किएको देखिन्छ ।

चार्ट ११
पत्रकारिताप्रतिको दृष्टिकोण




स्रोत : मिडिया सर्वेक्षण २०६३

क श्रेणीका पत्रिकामा कार्यरत ६८.४ प्रतिशत, ख श्रेणीका ४४.१ प्रतिशत, ग श्रेणीका ४० प्रतिशत पत्रकारले मात्रै आफूले गर्दै आएको पत्रकारितालाई व्यावसायिक पत्रकारिता बताए । घ श्रेणीका पत्रिकामा कार्यरत कुनै पनि पत्रकारले सर्वेक्षणको क्रममा आफूले गर्दै आएको पत्रकारितालाई व्यावसायिक पत्रकारिता बताएनन् । यसले के देखाउँछ भने घ श्रेणीको तुलनामा ग श्रेणीमा, ग श्रेणीको तुलनामा ख श्रेणीमा र ख श्रेणीको तुलनामा क श्रेणीमा कार्यरत पत्रकारहरूमा व्यावसायिकता धेरै भएको पाइयो । यसको ठीक उल्टो

मिसन पत्रकारिता चाहिं क को तुलनामा ख, ख को तुलनामा ग र ग को तुलनामा घ श्रेणीमा कार्यरत पत्रकारहरूमा बढी भएको पाइयो । घ श्रेणीका पत्रिकामा कार्यरत ९३.८ प्रतिशत पत्रकारहरूले आफूले मिसन पत्रकारिता गरेको बताए भने ग श्रेणीका ६० प्रतिशत र ख श्रेणीका पत्रिकामा कार्यरत ५० प्रतिशत पत्रकारहरूले आफूले मिसन पत्रकारिता गरिरहेको बताए । जबकि क श्रेणीमा यो संख्या २३.७ प्रतिशत मात्रै रहेको छ ।

उमेरका हिसाबले हेर्ने हो भने २१ देखि २५ वर्ष उमेरसमूहका पत्रकारहरू बढी व्यावसायिक देखिए भने ४६ देखि ५० वर्ष उमेरसमूहका धेरै पत्रकारहरूले मिसन पत्रकारिता गरेको देखियो । २१ देखि २५ वर्ष उमेरसमूहका ६८.८ प्रतिशत पत्रकारहरूले आफूले व्यावसायिक पत्रकारिता गरेको बताए भने ४६ देखि ५० वर्ष उमेरसमूहका ८० प्रतिशत पत्रकारहरूले आफूहरूले मिसन पत्रकारिता गरिरहेको बताए । ४१ देखि ४५ वर्ष उमेरसमूहका ७५ प्रतिशत, ३६ देखि ४० वर्ष उमेरसमूहका ७२.७ प्रतिशत पत्रकारहरूले पनि आफूले मिसन पत्रकारिता गरिरहेको बताए । यता व्यावसायिक पत्रकारिता गरिरहेको बताउनेहरू चाहिं कम उमेरसमूहका पत्रकारहरू रहेका छन् । यसले के देखाउँछ भने कम उमेरसमूहका पत्रकारहरूले भन्दा बढी उमेरसमूहका पत्रकारहरू कम व्यावसायिक र मिसनमा बढी विश्वास गर्ने खालका छन् ।

७८.६ प्रतिशत सम्पादकहरूले आफूले मिसन पत्रकारिता गरिरहेको बताए भने संवाददाताको तहमा यसो भन्नेहरू ३४.१ प्रतिशत मात्रै रहेका छन् । त्यस्तै ४० प्रतिशत कार्यकारी सम्पादक, ६०.९ प्रतिशत सहसम्पादकहरू र ४४.४ प्रतिशत प्रमुख संवाददाताहरूले पनि आफूले मिसन पत्रकारिता गरिरहेको बताए । आफूले गरिरहेको पत्रकारितालाई व्यावसायिक भन्नेहरूमा सम्पादकहरू २१.४ प्रतिशत, कार्यकारी सम्पादक ५० प्रतिशत, सहसम्पादक ३४.८ प्रतिशत, प्रमुख संवाददाता ५५.६ प्रतिशत र संवाददाता ६१ प्रतिशत रहेका छन् । यसरी सर्वेक्षणले संवाददाताहरूको तुलनामा सम्पादकहरू बढी मात्रामा मिशन पत्रकारितामा संलग्न रहेको देखाएको छ ।


मिसन पत्रकारिता गरिरहेको बताउनेहरूमा स्नातकोत्तर गरेका र प्रमाणपत्र तह उत्तीर्ण गरेकाहरूको संख्या उस्तै छ । स्नातकोत्तर गरेका ४६.२ प्रतिशत र प्रमाणपत्र तह उत्तीर्ण गरेका ४६.४ प्रतिशत पत्रकारहरूले आफूले मिसन पत्रकारिता गरिरहेको बताएका थिए । स्नातक तह उत्तीर्ण गरेकाहरूमा चाहिं यसो भन्नेहरू स्नातकोत्तर र प्रमाणपत्र तह उत्तीर्ण गरेकाहरूभन्दा केही बढी थिए । सर्वेक्षणमा सहभागी भएका स्नातक गरेका ५०.८ प्रतिशत पत्रकारहरूले आफूले गरिरहेको पत्रकारितालाई मिसन पत्रकारिताको रूपमा परिभाषित गरेका थिए । नेपाली साप्ताहिक पत्रिकाहरूको मिसन भन्नेबित्तिकै जहिले पनि राजनीतिसँग जोडिएको वा सम्बन्ध रहेको हुन्छ ।

### ४.८ राजनीतिक दलसँगको आबद्धता

त्यसो त सर्वेक्षणमा सहभागीमध्ये ५२ प्रतिशतले आफूले कुनै न कुनै राजनीतिक दलको साधारण सदस्यता लिएको बताए । ४८ प्रतिशतले भने आफू कुनै पनि राजनीतिक दलको साधारण सदस्य नरहेको बताए । राजनीतिक दलमा आबद्ध हुनेहरू चाहिं घ श्रेणीको तुलनामा ग श्रेणी, ग को तुलनामा ख र ख को तुलनामा क श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू बढी छन् । क श्रेणीका ५५.३ प्रतिशत, ख श्रेणीका ५२.९

प्रतिशत, ग श्रेणीका ५० प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत ४३.८ प्रतिशत पत्रकारहरूले आफू राजनीतिक दलको साधारण सदस्य रहेको बताएका थिए ।

**चार्ट १२**
**साधारण सदस्यको रुपमा राजनीतिक दलमा आबद्ध**




स्रोत : मिडिया सर्वेक्षण २०६३


उमेरका हिसाबले ४६ देखि ५० वर्ष उमेरसमूहका धेरै पत्रकारहरू राजनीतिक दलको साधारण सदस्य रहेको पाइयो भने सबैभन्दा कम १५ देखि २० वर्ष उमेरसमूहका देखिए । ४६ देखि ५० वर्ष उमेरसमूहका ८० प्रतिशत पत्रकारहरूले आफू राजनीतिक दलको साधारण सदस्य रहेको बताएका थिए भने १५ देखि २० वर्ष उमेरसमूहका चाहिं ३३.३ प्रतिशत पत्रकारहरूले मात्रै आफू राजनीतिक दलको साधारण सदस्य रहेको बताए । २१ देखि २५ वर्ष उमेरसमूहका र २६ देखि ३० वर्ष उमेरसमूहका पत्रकारहरूको राजनीतिक आबद्धता चाहिं उस्तै देखियो । २१ देखि २५ वर्ष उमेरसमूहका ४३.८ प्रतिशत र २६ देखि ३० वर्ष उमेरसमूहका ४२.१ प्रतिशत पत्रकारहरूले आफू राजनीतिक दलको साधारण सदस्य रहेको बताए । लैङ्गिक हिसाबले भन्ने हो भने महिलाको तुलनामा पुरुष पत्रकारहरू बढी मात्रामा राजनीतिक दलमा आबद्ध भएका छन् । सर्वेक्षणको क्रममा ५२.९ प्रतिशत पुरुष पत्रकारहरूले आफू राजनीतिक दलमा आबद्ध रहेको बताए भने यसो भन्ने महिला पत्रकारहरूको संख्या २५ प्रतिशत मात्रै थियो ।

त्यस्तै ८५.७ प्रतिशत सम्पादक, ६० प्रतिशत कार्यकारी सम्पादक, ५६.५ प्रतिशत सहसम्पादक, ५५.६ प्रतिशत प्रमुख संवाददाता र ३६.६ प्रतिशत संवाददाताहरूले आफू राजनीतिक दलको साधारण सदस्य रहेको बताए । संवाददाताको तुलनामा सम्पादकहरू अत्यधिक मात्रामा राजनीतिक दलसँग आबद्ध भएको पाइयो । पढाइको आधारमा हेर्ने हो भने स्नातकोत्तर र प्रमाणपत्र तह उत्तीर्ण गरेका पत्रकारहरूको तुलनामा स्नातक गरेका पत्रकारहरू राजनीतिमा बढी आबद्ध भएको देखिन्छ । स्नातक गरेका ६२.७ प्रतिशत पत्रकारहरूले आफू राजनीतिक दलको साधारण सदस्य रहेको बताए भने स्नातकोत्तर गरेका ५३.८ प्रतिशत र प्रमाणपत्र तह उत्तीर्ण गरेका २८.६ प्रतिशत पत्रकारहरूले मात्रै आफू राजनीतिक दलको साधारण सदस्य रहेको बताएका थिए ।

सर्वेक्षणमा सहभागीमध्ये ८ प्रतिशतले आफू नेपाली कांग्रेसको साधारण सदस्य रहेको बताए । त्यस्तै २५ प्रतिशतले एमाले, .६ प्रतिशतले नेपाली कांग्रेस प्रजातान्त्रिक, १ प्रतिशतले राप्रपा र ६ प्रतिशतले अन्य

पार्टी भनेका छन् । १३ प्रतिशतले चाहिं कुनै पनि प्रतिक्रिया दिन चाहेनन् । ४१ प्रतिशतले चाहिं आफू कुनै पनि राजनीतिक दलमा आबद्ध नभएको दोहोऱ्याए ।


**चार्ट १३**
**राजनीतिक दलमा आवद्ध**




स्रोत : मिडिया सर्वेक्षण २०६३

राजनीतिक दलहरूको सक्रिय सदस्यता लिने पत्रकारहरूको स्थिति चाहिं अलिकति फरक छ । साधारण सदस्य भएर केही बर्ष पार्टीको सेवा गरिसकेपछि मात्रै सक्रिय सदस्यता दिने गरिन्छ । त्यसैकारण पनि साधारण सदस्यको तुलनामा पार्टीको सक्रिय सदस्य नै हुने पत्रकारहरूको संख्या केही कम छ । सर्वेक्षणमा सहभागीमध्ये ४७ प्रतिशतले आफू राजनीतिक दलको सक्रिय सदस्यसमेत रहेको बताए । ५२ प्रतिशतले चाहिं आफू राजनीतिक दलको सक्रिय सदस्य नरहेको बताए भने १ प्रतिशतले कुनै प्रतिक्रिया दिन चाहेनन् ।

**चार्ट १४**
**सक्रिय सदस्यको रुपमा राजनीतिक दलमा आबद्ध**




स्रोत : मिडिया सर्वेक्षण २०६३

सक्रिय सदस्यता लिनेहरूमा चाहिं क र ख श्रेणीका पत्रकारहरूको स्थिति उस्तै छ । दुवै श्रेणीका ५०/५० प्रतिशत पत्रकारहरूले आफू राजनीतिक दलको सक्रिय सदस्य रहेको बताए । त्यस्तै ग श्रेणीका


पत्रिकामा कार्यरत ४० प्रतिशत र घ श्रेणीका ४३.८ प्रतिशत पत्रकारहरूले आफू राजनीतिक दलको सक्रिय सदस्य रहेको बताएका थिए । राजनीतिक दलको साधारण सदस्यता लिएका घ श्रेणीका सबै पत्रकारहरूले दलहरूको सक्रिय सदस्यता पनि लिएको देखियो । उमेरका हिसाबले १५ देखि २० वर्ष उमेरसमूहका ३३.३ प्रतिशत, २१ देखि २५ वर्ष उमेरसमूहका ३१.३ प्रतिशत, २६ देखि ३० वर्ष उमेरसमूहका ३६.८ प्रतिशत, ३१ देखि ३५ वर्ष उमेरसमूहका ६० प्रतिशत, ३६ देखि ४० उमेरसमूहका ७२.७ प्रतिशत, ४१ देखि ४५ वर्ष उमेरसमूहका ५० प्रतिशत, ४६ देखि ५० उमेरसमूहका ६० प्रतिशत र ५० वर्ष उमेरसमूहका ५० प्रतिशत पत्रकारहरूले आफूहरू राजनीतिक दलको सक्रिय सदस्य रहेको बताए । यसले के देखाउँछ भने अन्य उमेरसमूहका भन्दा ३६ देखि ४० वर्ष उमेरसमूहका पत्रकारहरू राजनीतिमा बढी सक्रिय छन् । ३१ देखि ३५ र ४६ देखि ५० वर्ष उमेरसमूहका पत्रकारहरूको दलप्रतिको आबद्धता उस्तै देखियो । दुवै उमेरसमूहका ६०/६० प्रतिशत पत्रकारहरूले आफूले राजनीतिक दलको सक्रिय सदस्यता लिएको बताए । लैङ्गिक हिसाबले ४८.१ प्रतिशत पुरुष र २५ प्रतिशत महिला पत्रकारहरूले आफूले राजनीतिक दलको सक्रिय सदस्यता लिएको बताए ।

पदीय हिसाबले हेर्दा ५७.१ प्रतिशत सम्पादक, ६० प्रतिशत कार्यकारी सम्पादक ५२.२ प्रतिशत सहसम्पादक, ४४.४ प्रतिशत प्रमुख संवाददाता र ४१.५ प्रतिशत संवादाताहरूले आफूले राजनीतिक दलको सक्रिय सदस्यता लिएको बताए । साधारण सदस्यता लिनेको संख्यामा सक्रिय सदस्यता लिनेहरूको संख्या कम भए पनि कार्यकारी सम्पादकको सवालमा भने साधारण सदस्यता लिएका सबैले सक्रिय सदस्यता पनि लिएको देखियो । दुवै सदस्यता लिने यस्ता कार्यकारी सम्पादकहरूको संख्या ६० प्रतिशत रहेको छ । सम्पादकको सवालमा भने ८५.७ प्रतिशत पत्रकारहरूले साधारण सदस्यता लिए पनि सक्रिय सदस्यता लिनेहरूको संख्या ५७.१ प्रतिशत मात्रै देखियो । शैक्षिक योग्यताको आधारमा अन्यको तुलनामा स्नाकोत्तर गरेका पत्रकारहरूले राजनीतिक दलको सक्रिय सदस्यता बढी लिएको देखियो । सर्वेक्षणमा सहभागी भएकामध्ये सबैभन्दा बढी स्नातकोत्तर गरेका ५३.८ प्रतिशत र सबैभन्दा कम प्रमाणपत्र तह उत्तीर्ण गरेका ४२.९ प्रतिशत पत्रकारहरू राजनीतिक दलको सक्रिय सदस्य भएको पाइयो ।

आफू राजनीतिक दलको सक्रिय सदस्य भएको बताउनेहरूमा ६.५ प्रतिशत नेपाली कांग्रेस, १८.४ प्रतिशत एमाले, ४.६ प्रतिशत नेपाली कांग्रेस प्रजातान्त्रिक, १ प्रतिशत राप्रपा र ५.६ प्रतिशत अन्य पार्टीका थिए । १३ प्रतिशतले चाहिं कुनै प्रतिक्रिया दिन चाहेनन् । सर्वेक्षणमा सहभागी भएकामध्ये झन्डै १३ प्रतिशतले आफू विगतमा राजनीतिक दलमा आबद्ध भए पनि अहिले आएर त्यो आबद्धता छाडेको बताएका थिए । यसमध्ये एमाले छाड्नेहरूको संख्या धेरै रहेको छ । ६.५ प्रतिशतले एमाले छाडेको बताए भने नेपाली कांग्रेस, नेपाली कांग्रेस प्रजातान्त्रिक र अन्य पार्टी छाडेको बताउनेहरू १/१ प्रतिशत थिए । ३.५ प्रतिशतले चाहिं आफूले आबद्धता तोडेको पार्टीको नाम उल्लेख गर्न चाहेनन् ।

पार्टीनीतिसँग असहमत भएर आबद्धता तोडेको बताउनेहरूको संख्या ८ प्रतिशत थियो भने पेसामा असर पुग्ने देखेर छाडेको बताउनेहरूको संख्या ३ प्रतिशत थियो । एक प्रतिशतले अन्य कारणले भन्ने जवाफ दिए भने अर्को १ प्रतिशतले चाहिं कुनै प्रतिक्रिया दिएनन् ।

चार्ट १५
विगतमा आवद्ध भएर छाड्नुको कारण





स्रोत : मिडिया सर्वेक्षण २०६३

अहिले राजनीतिक दलको साधारण सदस्य रहनेहरूको संख्या र विगतमा राजनीतिक दलमा आबद्ध भएर त्यस्तो आबद्धता तोडनेहरूको संख्या जोड्दा राजनीतिमा संलग्न संख्या झन्डै ६६ प्रतिशतको हाराहारीमा पुग्छ । यस हिसाबले सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये अहिलेसम्म कुनै पनि राजनीतिक दलमा कहिल्यै पनि आबद्ध नभएकाहरूको संख्या ३४ प्रतिशत हुन आउँछ । यसरी ठूलो संख्यामा पत्रकारहरू राजनीतिक दलप्रति आबद्ध हुनुले पनि साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको दलीय संलग्नता झल्किन्छ ।

५ प्रतिशतले राजनीतिमा लाग्ने उपयुक्त वातावरण नपाएर त्यतातिर नलागेको बताए भने २२ प्रतिशतले स्वतन्त्र हुन चाहेर र ४ प्रतिशतले पेसामा असर पर्ने देखेर राजनीतिमा नलागेको बताए । ३ प्रतिशतले चाहिं कारण खुलाउन चाहेनन् । बाँकी ६६ प्रतिशतले राजनीतिमा आबद्ध भएकाले यो प्रश्नको उत्तर दिन आवश्यक ठानेनन् । उपयुक्त अवसर नपाएर भन्नेहरू ग श्रेणीमा बढी छन् भने स्वतन्त्र हुन चाहेर भन्नेहरू ख श्रेणीमा धेरै छन् ।

चार्ट १६
पार्टीमा आवद्ध नहुनुको कारण





स्रोत : मिडिया सर्वेक्षण २०६३

### ४.९ राजनीतिक आबद्धता र फाइदा

सर्वेक्षणमा सहभागी भएकामध्ये २४ प्रतिशतले आफूले राजनीतिमा भएबापत फाइदा लिएको बताए भने ४१ प्रतिशतले लिएको छैन भने । त्यस्तै ६ प्रतिशतले बताउन चाहेनन् भने २९ प्रतिशतले राजनीतिक दलमा कहिल्यै आबद्ध नभएकाले यस प्रश्नको जवाफ दिन उचित ठानेनन् ।

चार्ट १७
राजनीतिक रुपमा आवद्ध हुनुका फाइदाहरु




स्रोत : मिडिया सर्वेक्षण २०६३


फाइदा लिएको बताउनेहरूमा घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू धेरै छन् । घ श्रेणीका ६२.५ प्रतिशत, ग श्रेणीका १५ प्रतिशत, ख श्रेणीका १७.६ प्रतिशत र क श्रेणीका पत्रिकामा कार्यरत १८.४ प्रतिशत पत्रकारहरूले फाइदा लिएको बताए । उमेरको आधारमा हेर्दा ४१ देखि ४५ वर्ष उमेरसमूहका धेरै पत्रकारहरूले राजनीतिक आबद्धताको फाइदा लिएको देखियो । त्यसपछि ३६ देखि ४० वर्ष उमेरसमूहका ५४.५ प्रतिशत, ४६ देखि ५० वर्ष उमेरसमूहका ४० प्रतिशत, २६ देखि ३० वर्ष उमेरसमूहका २१.१ प्रतिशत

र ३१ देखि ३५ वर्ष उमेरसमूहका २० प्रतिशत पत्रकारहरूले आफूले राजनीतिमा आबद्ध भएबापत फाइदा लिएको बताए ।

पदीय हिसाबले हेर्ने हो भने राजनीतिक दलमा आबद्ध भएबापत सबैभन्दा बढी फाइदा लिनेहरूमा सम्पादकहरू नै छन् । ४२.९ प्रतिशत सम्पादक, ३० प्रतिशत कार्यकारी सम्पादक, ३४.८ प्रतिशत सहसम्पादक, ११.१ प्रतिशत प्रमुख संवाददाता र १२.२ प्रतिशत संवाददाताहरूले राजनीतिक रूपमा आबद्ध भएबापत फाइदा लिएको बताए । सर्वेक्षणले सम्पादक र सहसम्पादकमा कार्यरत व्यक्तिहरूले राजनीतिक आबद्धताको फाइदा धेरै लिएका छन् भने उनीहरूको तुलनामा अत्यन्तै कम संवाददाताहरूले मात्रै राजनीतिक आबद्धताको फाइदा लिएको पाइयो । शैक्षिक योग्यताको हिसाबले चाहिं प्रमाणपत्र तह उत्तीर्ण गरेका पत्रकारहरूले धेरै फाइदा लिएको देखियो । स्नातक गरेका २२ प्रतिशत र स्नातकोत्तर गरेका २३.१ प्रतिशत पत्रकारहरूले राजनीतिमा आबद्धताको फाइदा लिएको बताएका छन् ।

सर्वेक्षणमा सहभागीमध्ये ६ प्रतिशतले लाभको पद, १ प्रतिशतले आर्थिक फाइदा, १९ प्रतिशतले संस्थागत फाइदा र २ प्रतिशतले अन्य किसिमका फाइदाहरू लिएको बताए । ५ प्रतिशतले चाहिं आफूले लिएको फाइदाको किसिम उल्लेख गर्न चाहेनन् । ६७ प्रतिशतले चाहिं कुनै किसिमको फाइदा नलिएको जवाफ दिए ।

**चार्ट १८**
**फाइदाका प्रकारहरु**





स्रोत : मिडिया सर्वेक्षण २०६३

क श्रेणीका पत्रिकामा कार्यरत ७.९ प्रतिशत पत्रकारहरूले लाभको पदको फाइदा लिएको बताए भने यसो भन्नेहरू ख श्रेणीमा २.९ प्रतिशत, ग मा ५ प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत ६.३ प्रतिशत पत्रकारहरू थिए । घ श्रेणीका पत्रिकामा कार्यरत ६.३ प्रतिशत पत्रकारहरूले आर्थिक फाइदा लिएको बताए भने अन्य श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूले आर्थिक फाइदा लिएको कुरा उल्लेख गरेनन् । त्यस्तै क

श्रेणीका १०.५ प्रतिशत, ख श्रेणीका २०.६ प्रतिशत, ग श्रेणीका १० प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत ५० प्रतिशत पत्रकारहरूले संस्थागत फाइदा लिएको बताए । त्यसैगरी क श्रेणीका २.६ प्रतिशत र ख श्रेणीका पत्रिकामा कार्यरत २.९ प्रतिशत पत्रकारहरूले अन्य फाइदा लिएको बताए । तर, क श्रेणीका १०.५ प्रतिशत र ग श्रेणीका पत्रिकामा कार्यरत ५ प्रतिशत पत्रकारहले चाहिं आफूले कस्तो किसिमको फाइदा लिएको विषयमा बताउन चाहन्न भन्ने जवाफ दिए । लाभको पदको फाइदा लिनेहरूमा सम्पादकहरू बढी छन् भने संस्थागत फाइदा दिएको बताउनेहरूमा सहसम्पादकहरूको संख्या धेरै छ । २१.४ प्रतिशत सम्पादकहरूले लाभको पदको  फाइदा लिएको बताए भने ३४.८ प्रतिशत सहसम्पादकले संस्थागत फाइदा लिएको कुरा सर्वेक्षणका क्रममा बताएका थिए । उमेरका हिसाबले ४१ देखि ४५ वर्ष उमेरसमूहका धेरै पत्रकारहरूले राजनीतिक आबद्धताको फाइदा उठाएको बताए । यसो भन्नेमा यस उमेरसमूहका ६२.५ प्रतिशत पत्रकारहरू थिए ।

आफूनिकटको राजनीतिक दल सत्तामा गएपछि फाइदा लिन्छु भन्नेहरू ५ प्रतिशत भेटिए भने ५३ प्रतिशतले त्यस्तो आकांक्षा नराखेको बताए । त्यस्तै भन्न सक्दिन भनेर जवाफ दिनेहरू १६ प्रतिशत थिए भने २६ प्रतिशतले आफू राजनीतिक दलसँग आबद्ध नभएकाले यस सवालमा जवाफ दिन आवश्यक ठानेनन् ।

चार्ट १९
पार्टी शक्तिमा पुगेपछि फाइदाको अपेक्षा




स्रोत : मिडिया सर्वेक्षण २०६३


सर्वेक्षणमा सहभागी भएकामध्ये क श्रेणीका ७.९ प्रतिशत, ग श्रेणीका ५ प्रतिशत र घ श्रेणीका ६.३ प्रतिशत पत्रकारहरूले आफूनिकटको पार्टी सत्तामा गएको स्थितिमा फाइदा लिने अपेक्षा राखेको बताए । त्यस्तो अपेक्षा राख्नेहरू ख श्रेणीमा भेटिएनन् । तर, यस प्रश्नको जवाफमा भन्न चाहन्न भन्नेहरू धेरै भेटिए । क श्रेणीका १५.८ प्रतिशत, ख श्रेणीका १४.७ प्रतिशत, ग श्रेणीका ५ प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत ३१.३ प्रतिशत पत्रकारहरूले भन्न सक्दिन भन्ने जवाफ दिएका थिए । उमेरका हिसाबले ४१ देखि ४५ वर्ष उमेरसमूहका पत्रकारहरूले राजनीतिक आबद्धताको फाइदा लिन खोजेको देखियो । फाइदा लिन चाहनेहरूमा चाहिं सम्पादकको तुलनामा कार्यकारी सम्पादक र सहसम्पादक बढी देखिएका छन् । १० प्रतिशत कार्यकारी सम्पादक, ८.७ प्रतिशत सहसम्पादक र ७.१ प्रतिशत सम्पादकहरूले भविष्यमा फाइदा लिने आकांक्षा राखेको बताए । शैक्षिक योग्यताको आधारमा हेर्दा चाहिं अन्यको तुलनामा एलएलसी मात्रै पास गरेका पत्रकारहरूको फाइदा लिने आकांक्षा धेरै देखियो । एसएलसी मात्रै पास गरेका १६.७ प्रतिशत पत्रकारहरूले आफूनिकटको दल सत्तामा पुग्दा फाइदा लिने अपेक्षा राखेको बताए भने स्नातक गरेका ५.१

प्रतिशत र स्नातकोत्तर गरेका ७.७ प्रतिशत पत्रकारले मात्रै यस्तो जवाफ दिएका थिए । एसएलसी मात्रै पास गरेका पत्रकारहरूले फाइदाको अपेक्षा बढी राख्नुले पनि कम योग्यता भएका पत्रकारहरूमा व्यावसायिकता कम हुँदोरहेछ भन्ने संकेत गरेको छ ।

### ४.१० लेखनमा प्रभाव

सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये ५० प्रतिशतले आफ्नो राजनीतिक निकटता/आस्थाले लेखनमा प्रभाव पारेको बताए भने ४४ प्रतिशतले पार्दैन भन्ने जवाफ दिए । ६ प्रतिशतले चाहिं भन्न सक्दिन भन्ने जवाफ दिए ।

**चार्ट २०**
**राजनीतिक निकटता/आस्थाका प्रभाव**




स्रोत : मिडिया सर्वेक्षण २०६३


राजनीतिक आबद्धताले लेखनमा प्रभाव पारेको महसुस गर्नेहरू घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू अत्यधिक रहेका छन् जबकि राजनीतिक दलको सदस्यता लिनेमा चाहिं अन्य श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूको तुलनामा यस श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू कम थिए । यस श्रेणीका पत्रिकामा कार्यरत ४३.८ प्रतिशत पत्रकारहरूले मात्रै राजनीतिक दलको सदस्यता लिएका थिए । तर, यस श्रेणीको पत्रिकामा कार्यरत ९३.८ प्रतिशत पत्रकारहरूले आफ्नो राजनीतिक निकटताले लेखनमा प्रभाव पारेको महसुस गरे । यस हिसाबले राजनीतिक दलको सदस्यता नलिए पनि आस्थाकै कारण पनि लेखनमा प्रभाव पार्ने कुरा सर्वेक्षणले देखाएको छ । त्यस्तै ग श्रेणीका ४० प्रतिशत, ख श्रेणीका ३२.४ प्रतिशत र क श्रेणीका पत्रिकामा कार्यरत ३६.८ प्रतिशत पत्रकारहरूले आफ्नो राजनीतिक निकटताले लेखनमा प्रभाव पारेको बताएका थिए ।

उमेरका हिसाबले हेर्दा ४१ देखि ४५ वर्ष उमेरसमूहका धेरै पत्रकारहरूले राजनीतिक निकटताले लेखनमा प्रभाव पारेको महसुस गरेका छन् । त्यस उमेरसमूहका ८७.५ प्रतिशत पत्रकारहरूले राजनीतिक निकटताका कारण लेखनमा प्रभाव पारेको बताएका थिए । त्यसपछि ३६ देखि ४० वर्ष उमेरसमूहका ७२.७ प्रतिशत र ४६ देखि ५० वर्ष उमेरसमूहका ६० प्रतिशत पत्रकारहरूले राजनीतिक निकटताले लेखनमा प्रभाव पारेको बताए । पदीय आधारमा हेर्दा अन्यको तुलनामा सहसम्पादकहरूले राजनीतिक निकटताका कारण लेखनमा बढी प्रभाव परेको महसुस गरेका छन् । ६५.२ प्रतिशत सहसम्पादकहरूले आफ्नो राजनीतिक निकटताको प्रभाव लेखनमा झल्किएको महसुस गरे । यस्तो महसुस गर्नेहरूमा सम्पादक ५७.१ प्रतिशत,

कार्यकारी सम्पादक ५० प्रतिशत, प्रमुख संवाददाता ३३.३ प्रतिशत र संवाददाता २९.३ प्रतिशत रहेका छन् । शैक्षिक योग्यताको आधारमा हेर्दा एसएलसी नै पास नगरेका पत्रकारहरूले बढी मात्रामा राजनीतिक निकटता झल्किएको महसुस गरे । सर्वेक्षणका क्रममा यस्तो संख्या ५० प्रतिशत देखियो । प्रमाणपत्र तह उत्तीर्ण र स्नातक गरेका पत्रकारहरूको स्थितिचाहिं उस्तै रहेको छ । स्नातक गरेका ४७.५ प्रतिशत र प्रमाणपत्र तह उत्तीर्ण ४६.४ प्रतिशत पत्रकारहरूले आफ्नो राजनीतिक निकटताको प्रभाव लेखनमा झल्किएको महसुस गरे भने त्यस्तो भन्नेमा स्नातकोत्तर गरेकाको संख्या चाहिं ३८.५ प्रतिशत रहेको छ ।

राजनीतिक निकटता र आस्थाको अतिरिक्त राजनीतिक आबद्धताले चाहिं लेखनमा प्रभाव पारेको महसुस गर्नुभएको छ ? भनी सोधिएको थियो । यसमा ४९ प्रतिशत पत्रकारहरूले राजनीतिक आबद्धताले लेखनमा प्रभाव पारेको बताए भने ४४ प्रतिशतले प्रभाव परेको महसुस गरेनन् । त्यस्तै ७ प्रतिशतले चाहिं भन्न चाहन्न भन्ने जवाफ दिए ।

**चार्ट २१**
**राजनीतिक आवद्धताले लेखनमा प्रभाव**





स्रोत : मिडिया सर्वेक्षण २०६३

त्यसमा पनि १९ प्रतिशतले आफूले लेखेको समाचारमा राजनीतिक आग्रह/पूर्वाग्रह झल्किने बताए । ७९ प्रतिशतले चाहिं आफू राजनीतिक रूपमा आबद्ध भएपनि अआफनो लेखमा राजनीतिक पूर्वाग्रह नआउने उल्लेख गरे । त्यस्तै २ प्रतिशतले चाहिं भन्न चाहन्न भन्ने जवाफ दिए । आग्रह र पूर्वाग्रहका आधारमा समाचार लेख्नेहरूमा घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू अत्याधिक देखिए । घ श्रेणीमा कार्यरत पत्रकारहरूमध्ये ७५ प्रतिशतले समाचार लेखनमा आफनो राजनीतिक आग्रह/पूर्वाग्रह आउने बताए । यस्तो बताउनेहरूमा क श्रेणीका १०.५ प्रतिशत, ख श्रेणीका ११.८ प्रतिशत र ग श्रेणीका पत्रिकामा कार्यरत ५ प्रतिशत पत्रकारहरू रहेका थिए । उमेरको आधारमा विश्लेषण गर्दा ४१ देखि ४५ वर्ष उमेरसमूहका पत्रकारहरूको लेखनममा राजनीतिक आग्रह धेरै भएको पाइयो । यस उमेरसमूहका ६२.५ प्रतिशत पत्रकारहरूले आफनो लेखनममा राजनीतिक पूर्वाग्रह झल्किने बताएकाले पनि त्यही देआउछ । २१ देखि २५ वर्ष उमेरसमूहका १२.५ प्रतिशत, २६ देखि ३० वर्ष उमेरसमूहका २१.१ प्रतिशत, ३१ देखि ३५ वर्ष उमेरसमूहका १२ प्रतिशत र ३६ देखि ४० वर्ष उमेरसमूहका २७.३ प्रतिशत पत्रकारहरूले पनि आफनो लेखनमा राजनीतिक आग्रह/पूर्वाग्रह झल्किने बताएका थिए ।

पदीय हिसाबले हेर्दा राजनीतिक आग्रहका आधारमा समाचार लेख्नेहरूमा सहसम्पादकहरू धेरै देखिए । ३४.८ प्रतिशत सहसम्पादकहरूले राजनीतिक आग्रहको आधारमा समाचार लेख्ने गरेको बताए । यसो भन्नेहरूमा सम्पादकहरू २१.४ प्रतिशत, कार्यकारी सम्पादक १० प्रतिशत र संवाददाता १९.५ प्रतिशत थिए । योग्यताको आधारमा चाहिं प्रमाणपत्र तह उत्तीर्ण गरेका पत्रकारहरूले राजनीतिक आग्रहको आधारमा बढी समाचार लेख्ने गरेको पाइयो । प्रमाणपत्र तह उत्तीर्ण ३२.१ प्रतिशत पत्रकारहरूले राजनीतिक आग्रहको आधारमा समाचार लेख्ने गरेको बताए । यसो भन्नेहरूमा एसएलसी पास गरेका १६.७ प्रतिशत, स्नातक गरेका १५.३ र स्नातकोत्तर गरेका १५.४ प्रतिशत पत्रकारहरू रहेका छन् ।

सर्वेक्षणमा सहभागी भएकामध्ये ३० प्रतिशतले आफ्ना प्रकाशक तथा सम्पादकहरूले ने राजनीतिक आग्रहका आधारमा समाचार लेख्न दबाब दिने गरेको बताए भने ४८ प्रतिशतले चाहिं प्रकाशक तथा सम्पादकबाट त्यस्तो दबाब आउँदैन भन्ने जवाफ दिए । २२ प्रतिशतको जवाफ चाहिं भन्न चाहन्न भन्ने थियो ।

**चार्ट २२**
**राजनीतिक पूर्वाग्रहको आधारमा सम्पादक/प्रकाशकको दबाब**




स्रोत : मिडिया सर्वेक्षण २०६३

राजनीतिक आग्रहको आधारमा समाचार लेख्ने संख्या अन्यको तुलनामा घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूमा धेरै देखियो । यसो हुनुपछाडि प्रकाशक तथा सम्पादकहरुको दवाव पनि महत्वपूर्ण रहेको छ किनकी यो श्रेणीका पत्रिकाका सम्पादकहरूले आग्रहका आधारमा समाचार लेख्न धेरै दबाब दिएको देखिन्छ । यो अध्ययनले पनि त्यही देखाएको छ । घ श्रेणीका पत्रिकामा कार्यरत ६८.८ प्रतिशत पत्रकारहरूले सम्पादक तथा प्रकाशकहरूले नै आग्रहको आधारममा समाचार लेख्न दबाब दिएको खुलासा गरे । यसो भन्नेहरूमा क श्रेणीका २८.९ प्रतिशत, ख श्रेणीका ८.८ प्रतिशत र ग श्रेणीका पत्रिकामा कार्यरत ३५ प्रतिशत पत्रकारहरू रहेका छन् । यसबारेमा भन्न नचाहनेहरूको संख्या ख श्रेणीमा धेरै रहेको छ भने घ श्रेणीका पत्रकारहरूको संख्या पनि उल्लेख्य छ । ख श्रेणीका पत्रिकामा कार्यरत २९.४ प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत २५ प्रतिशत पत्रकारहरूले यसबारेमा भन्न चाहन्न भन्ने जवाफ दिएका थिए ।

उमेरका हिसाबले २१ देखि २५ वर्ष उमेरसमूहकाले सम्पादक तथा प्रकाशकको दबाब धेरै भोगेको पाइयो । यस उमेरसमूहका ३७.५ प्रतिशत पत्रकारहरूले राजनीतिक आग्रअका आधारमा समाचार लेख्न प्रकाशक तथा सम्पादकहरूले दबाब दिएको बताए । यस्तो बताउनेहरूमा २६ देखि ३० वर्ष उमेरसमूहका ३४.२ प्रतिशत, ३१ देखि ३५ वर्ष उमेरसमूहका २४ प्रतिशत, ३६ देखि ४० वर्ष उमेरसमूहका ३६.४ प्रतिशत, ४१ देखि ४५ वर्ष उमेरसमूहका २५ प्रतिशत र ४६ देखि ५० वर्ष उमेरसमूहका २० प्रतिशत पत्रकारहरू रहेका छन् । यसबारेमा बताउन नचाहनेहरूमा चाहिं १५ देखि २० वर्ष उमेरसमूहका अत्यधिक छन् । यस उमेरसमूहका ६६.७ प्रतिशत पत्रकारहरूले केही बताउन चाहेनन् ।

यो प्रश्न सम्पादकदेखि संवाददाता सबैलाई सोधिएको थियो । कतिपय पत्रिकामा सम्पादक र प्रकाशक एउटै व्यक्ति भए पनि सम्पादकको धारणासमेत बुझ्नका लागि यो प्रश्न सबैलाई सोधिएको थियो । पदीय हिसाबले हेर्दा सबैभन्दा बढी दबाब संवाददाताहरूले नै भोगेको देखियो । ४१.५ प्रतिशत संवाददाताहरूले सम्पादक तथा प्रकाशकले आग्रह/पूर्वाग्रहका आधारमा समाचार लेख्न दबाब दिने गरेको कुरा खुलासा गरे । कार्यकारी सम्पादक र सहसम्पादकको स्थिति चाहिं उस्तै देखिएको छ । ३० प्रतिशत कार्यकारी सम्पादक र ३०.४ प्रतिशत सहसम्पादकहरूले प्रकाशक तथा सम्पादकहरूबाट पूर्वाग्रहका आधारमा समाचार तयार पार्न दबाब आएको बताए । यसो भन्नेहरूमा सम्पादकहरू १४.३ प्रतिशत र प्रमुख संवाददाता ११.१ प्रतिशत रहेका छन् । यसबाट चाखलाग्दो नतिजा देखिएको छ, त्यो के भने भन्न चाहन्न भन्नेहरूमा सबैभन्दा बढी सम्पादकहरू नै देखिए । ३५.७ प्रतिशत सम्पादकहरूले प्रकाशक तथा सम्पादकहरुले दिने दवावको विषयमा सोधिएको प्रश्नमा भन्न चाहन्न भन्ने जवाफ दिएका थिए ।


योग्यताको हिसाबले सबैभन्दा बढी दबाबको महसुस गर्नेहरूमा प्रमाणपत्र तह उत्तीर्ण गरेका पत्रकारहरू देखिए । प्रमाणपत्र तह उत्तीर्ण गरेका ४६.४ प्रतिशत पत्रकारहरूले प्रकाशक तथा सम्पादकबाट पूर्वाग्रही भएर समाचार तयार पार्नका लागि दबाब आउने गरेको बताए । यसो भन्नेहरूमा स्नातकोत्तर गरेका ३०.८ प्रतिशत, स्नातक २३.७ प्रतिशत र एसएलसी उत्तीर्ण गरेका १६.७ प्रतिशत रहेका छन् ।

**४.११ सम्पादनमा राजनीतिक पूर्वाग्रह**

सर्वेक्षणमा सहभागीमध्ये ३८ प्रतिशत पत्रकारहरूले आफूले लेखेका समाचारहरू राजनीतिक पूर्वाग्रहका आधारमा सम्पादन हुने र ५६ प्रतिशतले चाहिं त्यस्तो नहुने बताए । त्यस्तै ६ प्रतिशतले चाहिं भन्न चाहन्न भन्ने जवाफ दिए ।

चार्ट २३

राजनीतिक पूर्वाग्रहका आधारमा समाचार सम्पादन




स्रोत : मिडिया सर्वेक्षण २०६३

आफूले लेखेको समाचार राजनीतिक पूर्वाग्रहका आधारमा सम्पादन हुने गरेको बताउनेहरूमा घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूको संख्या अत्यधिक रहेको छ । यस श्रेणीका ८१.३ प्रतिशत पत्रकारहरूले आफूले तयार पारेको समाचार राजनीतिक पूर्वाग्रहका आधारमा सम्पादन हुने गरेको बताए । त्यस्तै ग श्रेणीका ४५ प्रतिशत, ख श्रेणीका ११.८ प्रतिशत र क श्रेणीका पत्रिकामा कार्यरत ३९.५ प्रतिशत पत्रकारहरूले आफूले तयार पारेको समाचार राजनीतिक पूर्वाग्रहका आधारमा सम्पादन हुने गरेको बताए । भन्न नचाहनेहरू पनि घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू नै धेरै छन् । यस समूहका १२.५ प्रतिशत पत्रकारहरूले आफ्नो समाचार राजनीतिक पूर्वाग्रहको आधारमा सम्पादन हुने विषयमा भन्न चाहन्न भन्ने जवाफ दिए ।

उमेरका हिसावले हेर्दा राजनीतिक पूर्वाग्रहका आधारमा समाचार सम्पादन भएको बताउनेहरूमा ४६ देखि ५० वर्ष उमेरसमूहका पत्रकारहरू धेरै रहेका छन् । यस उमेरसमूहका ६० प्रतिशत पत्रकारहरूले राजनीतिक पूर्वाग्रहको आधारमा समाचार सम्पादन हुने गरेको बताए । त्यस्तै ५० वर्षमाथिका ५० प्रतिशत, ४१ देखि ४५ वर्ष उमेरसमूहका २५ प्रतिशत, ३६ देखि ४० वर्ष उमेरसमूहका ३६.४ प्रतिशत, ३१ देखि ३५ वर्ष उमेरसमूहका २४ प्रतिशत, २६ देखि ३० वर्ष उमेरसमूहका ४७.४ प्रतिशत र २१ देखि २५ वर्ष उमेरसमूहका ४३.८ प्रतिशत पत्रकारहरूले आफूले तयार पारेको समाचार राजनीतिक आग्रहको आधारमा सम्पादन हुने गरेको बताए ।

सबैभन्दा चाखलाग्दो कुरा त के छ भने स्वयं सम्पादकहरूले नै राजनीतिक पूर्वाग्रहको आधारमा समाचारहरू सम्पादन हुने गरेको बताएका छन् । १४.३ प्रतिशत सम्पादकहरूले राजनीतिक आग्रह/पूर्वाग्रहका आधारमा समाचार सम्पादन हुने गरेको बताए । कतिपयले आफनै समाचारहरू समेत प्रकाशकको आग्रहअनुरूप पूर्वाग्रही रूपमा सम्पादन गरिएको खुलासा गरे । उनीहरूले प्रश्नावलीमा अतिरिक्त टिप्पणी लेखेर यस्तो कुराको खुलासा गरेका थिए । राजनीतिक आग्रहको आधारमा समाचार सम्पादन हुने गरेको बताउनेहरूमा कार्यकारी सम्पादक ५० प्रतिशत, सहसम्पादक ४७.८ प्रतिशत, प्रमुख संवाददाता ११.१ प्रतिशत र संवाददाता ४६.३ प्रतिशत रहेका छन् । यसमा भन्न चाहन्न भन्नेमा पनि सम्पादकहरू नै बढी


देखिएका छन् । १४.३ प्रतिशत सम्पादकहरूले भन्न चाहन्न भन्ने जवाफ दिएका थिए, जुन संख्या राजनीतिक आग्रहका आधारमा समाचार सम्पादन हुने गरेका छन् भन्ने सम्पादकहरूको संख्यासँग बराबरी छ ।

शैक्षिक योग्यताको आधारमा हेर्दा प्रमाणपत्र तह उत्तीर्ण गरेका धेरै पत्रकारहरूले आफ्नो समाचार राजनीतिक पूर्वाग्रहको आधारमा सम्पादन हुने गरेको बताए । यस समूहका ५७.१ प्रतिशत पत्रकारहरूले राजनीतिक पूर्वाग्रहको आधारमा समाचार सम्पादन हुने गरेको बताएका थिए । राजनीतिक पूर्वाग्रहका आधारमा समाचार सम्पादन हुने गरेको बताउनेहरूमा स्नातकोत्तर गरेका ३०.८ प्रतिशत, स्नातक ३३.९ प्रतिशत र एसएलसी उत्तीर्ण गरेका १६.७ प्रतिशत पत्रकारहरू रहेका छन् ।

### ४.१२ साप्ताहिक पत्रिका र पत्रकारबारेको धारणा

साप्ताहिक पत्रपत्रिकाहरूमा कत्तिको राजनीतिक प्रभाव झल्किएको पाउनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा २९ प्रतिशतले ‘ज्यादै’, ३९ प्रतिशतले ‘धेरै’, २७ प्रतिशतले ‘ठीक्क’, ४ प्रतिशतले ‘कम’ झल्किने बताए भने ‘कत्ति पनि झल्किंदैन’ भन्नेहरूको संख्या १ प्रतिशत मात्रै छ ।

चार्ट २४
साप्ताहिक पत्रपत्रिकाहरुमा राजनीतिक प्रभाव




स्रोत : मिडिया सर्वेक्षण २०६३


साप्ताहिक पत्रपत्रिकाहरूमा कत्तिको राजनीतिक पूर्वाग्रह झल्किएको पाउनुहुन्छ ? भनी सोधिएको प्रश्नमा ज्यादै भन्नेमा क श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू धेरै रहेका छन् । क श्रेणीका ३९.५ प्रतिशत पत्रकारहरूले ज्यादै भन्ने जवाफ दिएका थिए जबकि यो संख्या ख श्रेणीमा २३.५ प्रतिशत, ग श्रेणीमा १५ प्रतिशत र घ श्रेणीमा ३१.३ प्रतिशत रहेको छ । साप्ताहिक पत्रिकाका समाचारहरूमा राजनीतिक पूर्वाग्रह धेरै झल्किन्छ भन्नेहरूमा घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू अत्यधिक रहेका छन् । यस श्रेणीका पत्रिकामा कार्यरत ६८.८ प्रतिशत पत्रकारहरूले राजनीतिक पूर्वाग्रह धेरै झल्किने गरेको बताए । यसो भन्नेहरूमा ग श्रेणीमा ५० प्रतिशत, ख श्रेणीमा २९.४ प्रतिशत र क श्रेणीका पत्रिकामा कार्यरत ३१.६ प्रतिशत पत्रकार रहेका छन् । साप्ताहिक पत्रिकाका समाचारहरूमा ठीकै मात्रामा राजनीतिक पूर्वाग्रह झल्किएको बताउनेहरूमा क श्रेणीका २३.७ प्रतिशत, ख श्रेणीका ३८.२ प्रतिशत र ग श्रेणीका पत्रिकामा कार्यरत ३५ प्रतिशत पत्रकारहरू रहेका छन् । यसो भन्नेहरू घ श्रेणीमा फेला परेनन् । ‘कम’ झल्किएको बताउनेहरू चाहिं क

श्रेणीमा २.६ प्रतिशत र ख श्रेणीका ८.८ प्रतिशत रहेका छन् भने ग र घ श्रेणीमा यसो भन्ने पत्रकारहरू फेला परेनन् । त्यस्तै कत्ति पनि झल्किंदैन भन्नेमा चाहिं क श्रेणीका पत्रिकामा कार्यरत थोरै पत्रकार मात्र भए । यो संख्या २.६ प्रतिशत मात्रै रहेको छ । उमेरका हिसाबले धेरै पूर्वाग्रह झल्किएको बताउनेहरूमा ४१ देखि ४५ वर्ष उमेरसमूहका छन् । यस समूहका ३७.५ प्रतिशत पत्रकारहरूले साप्ताहिक पत्रिकाहरूमा ज्यादै मात्रामा राजनीतिक पूर्वाग्रह झल्किने गरेको बताए ।

साप्ताहिक पत्रिकाका समाचारहरूमा धेरै राजनीतिक आग्रह/पूर्वाग्रह पाउनेहरूमा प्रमुख संवाददाताहरूको संख्या धेरै रहेको छ । ४४.४ प्रतिशत प्रमुख संवाददाताहरूले साप्ताहिक पत्रिकाको समाचारहरूमा राजनीतिक पूर्वाग्रह ज्यादै रहेको बताए । यस्तो बताउनेहरूमा सम्पादक २८.६ प्रतिशत, कार्यकारी सम्पादक १० प्रतिशत, सहसम्पादक ३०.४ प्रतिशत र संवाददाता २४.४ प्रतिशत रहेका छन् । राजनीतिक पूर्वाग्रह धेरै पाइन्छ भन्नेहरूमा सहसम्पादकको संख्या धेरै रहेको छ भने ठीकै पाइन्छ भन्नेहरूमा कार्यकारी सम्पादकको संख्या धेरै देखिन्छ ।

तपाईंले चिनेका साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूमा राजनीतिक आस्था कत्तिको पाउनुभएको छ ? भन्ने प्रश्नको जवाफमा २१ प्रतिशतले ज्यादै, ५४ प्रतिशतले धेरै, २० प्रतिशतले ठीक्क, ३ प्रतिशतले कम भन्ने जवाफ दिए । १ प्रतिशतले कत्तिपनि छैन भन्ने जवाफ दिए भने अर्को १ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिएका थिए ।

**चार्ट २५**
**साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरुमा राजनीतिक आस्था**





स्रोत : मिडिया सर्वेक्षण २०६३

यसमा क श्रेणीका १८.४ प्रतिशतले ज्यादै, ६३.२ प्रतिशतले धेरै, १३.२ प्रतिशतले ठीक्क किसिमको राजनीतिक आस्था रहेको बताएका थिए । २.६ प्रतिशतले चाहिं कत्ति पनि राजनीतिक आस्था फेला नपारेको बताएका थिए भने अर्को २.६ प्रतिशतले चाहिं भन्न चाहन्न भन्ने जवाफ दिएका थिए । ख श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूमा राजनीतिक आस्थाको विषयमा ज्यादै, धेरै, ठीक्क, कम भन्नेहरूको संख्या क्रमशः १४.७, ४७.१, २९.८ र ८.८ रहेको छ । ग श्रेणीका ३० प्रतिशतले ज्यादै, ३५ प्रतिशतले धेरै र अर्को ३५

प्रतिशतले ठीक्क मात्रामा पाएको बताए । त्यस्तै घ श्रेणीमा कार्यरत ३१.३ प्रतिशतले ज्यादै र ६८.८ प्रतिशतले साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको राजनीतिक आस्था धेरै मात्रामा पाएको बताए ।

पत्रकारहरूको राजनीतिक आबद्धताले उनीहरूको लेखनमा कत्तिको प्रभाव पार्छ भन्ने लाग्छ ? भन्ने प्रश्नको जवाफमा २०.४ प्रतिशतले ज्यादै, ५४.६ प्रतिशतले धेरै, १९.४ प्रतिशतले ठीक्क र ५.६ प्रतिशतले कम भन्ने जवाफ दिए । कत्ति पनि पार्दैन भन्ने पत्रकार सर्वेक्षणका क्रममा भेटिएनन् ।

**चार्ट २६**
**पत्रकारहरुको राजनीतिक आवद्धताले लेखनमा पार्ने प्रभावको स्थिति**




स्रोत : मिडिया सर्वेक्षण २०६३


क श्रेणीका २६.३ प्रतिशत, ख श्रेणीका ८.८ प्रतिशत, ग श्रेणीका २० प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत ३१.३ प्रतिशतले पत्रकारहरूको राजनीतिक आबद्धताले लेखनमा पार्ने असरको विषयमा ज्यादै भन्ने जवाफ दिए । त्यस्तै क श्रेणीका ५२.६ प्रतिशत, ख श्रेणीका ५८.८ प्रतिशत, ग श्रेणीका ५० प्रतिशत र घ श्रेणीका ५६.३ प्रतिशतले धेरै भन्ने जवाफ दिएका थिए । क श्रेणीका १८.४ प्रतिशत, ख श्रेणीका २०.६ प्रतिशत, ग श्रेणीका २५ प्रतिशत र घ श्रेणीका १२.५ प्रतिशतले ठीक्क प्रभाव पार्ने बताए भने क श्रेणीका २.६ प्रतिशत, ख श्रेणीका ११.८ प्रतिशत र ग श्रेणीका ५ प्रतिशतले कम प्रभाव पर्ने कुरा बताए । कम प्रभाव पर्छ भन्नेमा घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू फेला परेनन् ।

पत्रकारहरूको राजनीतिक आबद्धताले लेखनमा ज्यादै प्रभाव पार्छ भन्नेमा प्रमुख संवाददाताहरूको संख्या धेरै देखियो । ४४.४ प्रतिशत प्रमुख संवाददाताहरूले पत्रकारहरूको राजनीतिक आबद्धताले उनीहरूको लेखनमा ज्यादै प्रभाव पार्ने बताएका थिए । यसो भन्नेहरूमा सम्पादक २१.४ प्रतिशत, कार्यकारी सम्पादक २० प्रतिशत, सहसम्पादक २६.१ प्रतिशत, संवाददाता ९.८ प्रतिशत थिए । राजनीतिक आबद्धताले लेखनमा धेरै प्रभाव पार्छ भन्नेमा चाहिं संवाददाताहरूको संख्या अत्यधिक रहेको छ । ७०.७ प्रतिशत संवाददाताहरूले पत्रकारको राजनीतिक आबद्धताले लेखनमा धेरै असर पार्ने बताएका थिए । २८.६ प्रतिशत सम्पादक, ६० प्रतिशत कार्यकारी सम्पादक, ४७.८ प्रतिशत सहसम्पादक र ३३.३ प्रतिशत प्रमुख संवाददाताले पनि पत्रकारहरूको राजनीतिक आबद्धताले लेखनमा धेरै प्रभाव पार्ने बताएका थिए । कम प्रभाव पार्छ भन्नेमा चाहिं सम्पादक र कार्यकारी सम्पादक भेटिएनन् भने ४.३ प्रतिशत सहसम्पादक, ११.१ प्रतिशत प्रमुख संवाददाता र ७.३ प्रतिशत संवाददाताहरू देखिए ।

साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूले राजनीतिक पूर्वाग्रहको आधारमा समाचार लेख्छन् ? भन्ने प्रश्नमा ८९.८ प्रतिशतले 'लेख्छन्' भन्ने जवाफ दिए भने बाँकी १०.२ प्रतिशतले मात्रै लेख्दैनन् भन्ने जवाफ दिए ।

**चार्ट २७**

**समाचार लेखनमा पूर्वाग्रह**





स्रोत : मिडिया सर्वेक्षण २०६३

यसरी पूर्वाग्रही रूपमा समाचार लेख्नुमा ३८.९ प्रतिशतले राजनीतिक आबद्धताप्रतिको प्रतिबद्धता झल्काउन भन्ने जवाफ दिए । त्यस्तै १६.७ प्रतिशतले व्यक्तिगत फाइदाका लागि साप्ताहिक पत्रिकाका पत्रकारहरूले पूर्वाग्रहको आधारमा समाचार लेख्ने बताए भने अर्को १६.७ प्रतिशतले प्रकाशक तथा सम्पादकको इच्छा पूरा गर्न पूर्वाग्रही हुने गरेको बताए ।

**चार्ट २८**

**पूर्वाग्रही समाचार लेखनका कारणहरु**




स्रोत : मिडिया सर्वेक्षण २०६३

साप्ताहिक पत्रिकाका पत्रकारहरूले व्यक्तिगत फाइदाका लागि पूर्वाग्रही भएर समाचार लेख्छन् भन्नेमा घ श्रेणीका पत्रकारहरू धेरै देखिए । क श्रेणीका २६.३ प्रतिशत, ख श्रेणीका २.९ प्रतिशत, ग श्रेणीका १० प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत ३१.३ प्रतिशत पत्रकारहरूले साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूले व्यक्तिगत फाइदाका लागि पूर्वाग्रही समाचार लेख्ने गरेको बताए । त्यस्तै क श्रेणीका ५.३

प्रतिशत, ख श्रेणीका ८.८ प्रतिशत र ग श्रेणीका पत्रिकामा कार्यरत २० प्रतिशत पत्रकारहरूले चाहिं आर्थिक फाइदाका लागि साप्ताहिक पत्रिकाका पत्रकारहरूले पूर्वाग्रही भएर समाचार लेख्ने गरेको बताए । घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू भने यसो भन्ने फेला परेनन् ।

तालिमको अचाव भन्नेहरूमा चाहिं क श्रेणीका ५.३ प्रतिशत, ख श्रेणीका ८.८ प्रतिशत र घ श्रेणीका पत्रिकामा कार्यरत ४३.८ प्रतिशत पत्रकार भेटिए । ग श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू भने कसैले पनि यो कारण उल्लेख गरेनन् । यसरी तालिमको अभावका कारण साप्ताहिक पत्रिकाका पत्रकारहरू पूर्वाग्रही भएर समाचार लेखेको बताउनेहरूमा घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरू अत्यधिक देखिए । क श्रेणीका १३.२ प्रतिशत, ख श्रेणीका २६.५ प्रतिशत र ग श्रेणीका पत्रिकामा कार्यरत २० प्रतिशत पत्रकारहरूले सम्पादक तथा प्रकाशकको इच्छा पूरा गर्न साप्ताहिक पत्रिकाका पत्रकारहरूले पूर्वाग्रही भएर समाचार लेख्ने गरेको बताए । यसो भन्ने पत्रकारहरू घ श्रेणीमा फेला परेनन् । धेरैजसोले चाहिं राजनीतिक आस्थाप्रतिको प्रतिबद्धताकै कारण साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूले पूर्वाग्रही भएर समाचार लेख्ने गरेको बताए । यसो भन्नेहरूमा क श्रेणीका ४७.४ प्रतिशत, ख श्रेणीका ३८.२ प्रतिशत, ग श्रेणीका ३५ प्रतिशत र घ श्रेणीका २५ प्रतिशत पत्रकारहरू रहेका छन् । क श्रेणीका २.६ प्रतिशत पत्रकारले चाहिं अन्य कारण भन्ने जवाफ दिएका थिए । यसो भन्नेहरू अन्य श्रेणीमा देखिएनन् ।

उमेरका हिसावले हेर्दा व्यक्तिगत फाइदाको लागि भन्नेहरूमा ४६ देखि ५० वर्ष उमेरसमूहका पत्रकारहरू धेरै देखिएका छन् । यो संख्या ४० प्रतिशत रहेको छ । त्यस्तै आर्थिक फाइदाका लागि पूर्वाग्रही भएको बताउनेहरूमा २१ देखि २५ वर्ष उमेरसमूहका धेरै छन् । यस उमेरसमूहका १८.८ प्रतिशत पत्रकारहरूले आर्थिक फाइदाका लागि साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरू पूर्वाग्रही भएको बताएका थिए । त्यस्तै तालिमको अभावले पूर्वाग्रही भएको बताउनेहरूमा ४१ देखि ४५ वर्ष उमेरसमूहका धेरै पत्रकारहरू देखिएका छन् ।

# अध्याय पाँच

## ५. विषयवस्तु विश्लेषण (Content Analysis)

### ५.१ समाचार सामग्री विश्लेषण


साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको राजनीतिक आबद्धताले लेखनमा पारेको प्रभाव हेर्नका लागि चारवटा साप्ताहिक पत्रिकाहरूको सामग्री विश्लेषण गर्ने काम गरिएको थियो । सामग्री विश्लेषणका क्रममा जेठ महिनाभरि प्रकाशित *देशान्तर, दृष्टि, तरुण र जनभावना*मा प्रकाशित सम्पादकीय र प्रथम पृष्ठमा छापिएका समाचारहरूलाई समावेश गरियो । प्रथम पृष्ठमा छापिएकै भए पनि लेख, अन्तर्वार्तालाई चाहिं समावेश गरिएको थिएन । त्यसैगरी एक कोलममा प्रकाशित भएका समाचारहरूलाई पनि अध्ययनका क्रममा समावेश गरिएन । यसो गर्दा जेठ महिनामा *देशान्तर* साप्ताहिकको प्रथम पृष्ठमा प्रकाशित २० वटा समाचार, *दृष्टि*को २५ वटा, *तरुण*को ३६ वटा र *जनभावना*को ३८ गरी १ सय १९ वटा समाचारहरू समावेश गरियो । त्यसैगरी हरेक पत्रिकाको ५/५ वटा गरी २० वटा सम्पादकीयलाई पनि अध्ययनको क्रममा समावेश गरियो ।

समाचार तथा सम्पादकीयको विषयवस्तुअनुसार पहिलो चरणमा त्यसको विषयक्षेत्र छुट्याइयो । त्यसमा विभिन्न राजनीतिक दलहरूलाई अलगअलग विषयक्षेत्र छुट्याइयो । माओवादीलाई पनि राजनीतिक दलकै श्रेणीमा राखी त्यसका लागि पनि भिन्दै विषयक्षेत्र निर्धारण गरियो । त्यसका अतिरिक्त सेना र राजा तथा राजदरबारका विषयमा समेत समाचारहरू प्रकाशित भएकाले त्यसका लागि पनि अलगअलग विषयक्षेत्र निर्धारण गरियो । सरकारका विषयमा चाहिं संयुक्त मन्त्रिमण्डल भएकाले दलीय संलग्नता छुट्याउन अलि गाह्रो पर्‍यो । तैपनि समाचार प्रकाशित भएको मन्त्रालयमा जुन दलको प्रतिनिधि छ, त्यस समाचारलाई त्यही दलअन्तर्गत राखियो । उदाहरणका लागि गृह मन्त्रालयको बारे कुनै समाचार प्रकाशित भएको छ भने त्यो मन्त्रालय नेपाली कांग्रेसले सम्हालेका कारण त्यसलाई नेपाली कांग्रेसअन्तर्गतको विषयक्षेत्रमा राखियो । राजनीतिक दल र राजनीतिक दलका केन्द्रीय सदस्यहरूको बारेमा लेखिएको समाचारलाई राजनीतिक विषयमा राखियो । तर, राजनीतिक दलकै भए पनि केन्द्रीय सदस्य नभएका तथा सरकारी कर्मचारीहरूको विषयमा लेखिएको व्यक्तिकेन्द्रित विषयहरूलाई भने गैरराजनीतिको श्रेणीमा राखियो ।

समाचारक्षेत्र छुट्याइसकेपछि समाचारको सकारात्मक र नकारात्मक 'नोसन' छुट्याइयो । यसका लागि विवादको विषय उल्लेख गरिएको, आलोचना गरिएको, नकारात्मक अर्थ लाग्ने 'रहस्यमय', 'शंकास्पद' जस्ता शब्दावलीहरूलाई प्रयोग गरेर लेखिएको समाचारलाई नकारात्मक 'नोसन' को समाचार भनेर आधार बनाइयो । त्यस्तै, कुनै पार्टीको निर्णय, प्रशंसा र कसैको विषयमा लागेको आक्षेपको खण्डन तथा बचाउ गर्दै लेखिएको समाचारलाई सकारात्मक 'नोसन' को समाचार भन्ने आधार बनाइयो । यही आधारमा रहेर नकारात्मक र सकारात्मक 'नोसन' भनी समाचारको वर्गीकरण गरियो । यसरी वर्गीकरण गर्दा विशेष गरी समाचार आमुखमा उल्लेख गरिएको कुरालाई विशेष ध्यान दिइएको थियो । सम्पादकीयलाई पनि त्यसैगरी सकारात्मक र नकारात्मक 'नोसन' का भनी दुई किसिममा वर्गीकरण गरियो । यसरी वर्गीकरण गर्दा सकारात्मक 'नोसन' का समाचार जनभावनामा ६, तरुणमा ७, दृष्टिमा ३ र देशान्तरमा १३ वटा गरी जम्मा

२९ वटा थिए भने नकारात्मक 'नोसन' का जनभावनामा ३२, तरुणमा २९, दृष्टिमा २२ र देशान्तरमा ७ गरी जम्मा ९० वटा समाचार पाइए । चारवटा पत्रिकाममा प्रकाशित भएका समाचारहरूलाई सकारात्मक र नकारात्मक 'नोसन' का आधारमा केलाउँदा ती पत्रिकाहरूमा २४ प्रतिशत सकारात्मक र ७६ प्रतिशत नकारात्मक 'नोसन' का समाचारहरू प्रथम पृष्ठमा प्रकाशित भएको पाइन्छ । यसरी ७६ प्रतिशत समाचारहरू नकारात्मक 'नोसन' का छापिनुले पनि साप्ताहिक पत्रिकाहरूले नकारात्मक किसिमका समाचारहरूलाई प्राथमिकता दिएको पाइन्छ ।

चार्ट २९
चारवटा पत्रिकामा प्रकाशित समाचारको स्थिति




माघ १९ को शाही कदमपश्चात् निरंकुशताविरुद्ध संघर्ष गर्ने क्रममा अधिकांश साप्ताहिक पत्रिकाहरूको साझा लक्ष्य पूर्ण लोकतन्त्र स्थापना र प्रेस स्वतन्त्रता बनेको थियो । त्यसैले करिब १५ महिना लामो अवधिमा साप्ताहिक पत्रिकाहरूले यो वा त्यो पक्षधरता खासै देखाएका थिएनन् । तिनीहरू सबैको एउटै पक्षधरता थियो, लोकतन्त्र । तर, केही साप्ताहिक पत्रिकाहरू भने शाही शासनको समर्थनमा पनि देखिएका थिए । यो अध्ययन गरेको बखत लोकतन्त्र भर्खरै स्थापना भएको थियो । जसरी त्यतिखेर राजनीतिक दलहरूमा खासै फाटो आइसकेको थिएन, त्यसैगरी साप्ताहिक पत्रिकाहरू पनि दलीय राजनीतिमा त्यतिसारो उत्रिसकेका थिएनन् । तैपनि यी साप्ताहिक पत्रिकाहरूमा नकारात्मक समाचारकै बाहुल्यता रहेको छ ।

साप्ताहिक पत्रिकाहरूले जहिले पनि नकारात्मक कुरालाई मात्रै प्राथमिकता दिने गर्छन् भन्ने आरोप लाग्दै आएको छ । त्यस्तै साप्ताहिक पत्रिकाहरूले अनावश्यक मुद्दालाई उछाल्ने र प्राथमिकता दिनुपर्ने मुद्दाप्रति ध्यान दिँदैनन् भन्ने आरोप त विज्ञहरूबाटै लागेको पाइन्छ । "आफ्नो माध्यमलाई पत्रिका र आफूलाई पत्रकार भनिसकेपछि अपनाउनुपर्ने तदनुरूपको गम्भीरता, संवेदनशीलता र उत्तरदायित्वको अभाव पनि साप्ताहिक र तिनका संचालकमा पाइन्छ । महत्त्व र प्राथमिकता दिनुपर्ने विषय र मुद्दालाई उपेक्षा गरिएको र साधारण एवं महत्त्वहीन विषयवस्तुलाई स्थान दिइएको प्रशस्त अनुभव छ ।" (लोकतन्त्र, ०६२ : १२) साप्ताहिक पत्रिकाका समाचार तथा समाचार शीर्षकमै प्रयोग गरिएका भाषाप्रति पनि बेलाबखत प्रश्न उठ्दै आएको छ । कुनै निहित

उद्देश्यले जानीजानी कसैको चरित्र हत्या गर्ने वा उसको सामाजिक मान सम्मानमा आघात पुऱ्याउने किसिमका शब्दावलीहरू प्रयोग भएको पाइन्छ ।

> मुलुकको जिम्मेवार हैसियतमा रहेका नेता, सांसद, मन्त्री, अधिकारीहरूको आलोचना गर्दा डाँकु, विदेशी दलाल, देश बेचुवा, चण्डाल, पातकी जस्ता अमर्यादित शब्दको शीर्षकमै पनि हुने गरेको पाइन्छ । यो असावधानी होइन, उत्ताउलोपना हो । सीमित पत्रिकाबाट हुने गरेका यस्ता गैरजिम्मेवारपूर्ण कार्यले सिँगो प्रेसजगत् खासगरी साप्ताहिक पत्रपत्रिकाहरूको छवि, प्रतिष्ठा र विश्वसनीयतामा गम्भीर आघात पुग्ने गरेको छ, (लोकतन्त्र ८-९) ।

अध्ययनका क्रममा समावेश गरिएका समाचार तथा सम्पादकीयमा यस्ता किसिमका शब्दावलीहरू त खासै देखिएनन् । तैपनि मुद्दागत आधारमा कुन पत्रिकाले कस्तो समाचारलाई प्राथमिकता दिएका छन् भन्ने कुरा अध्ययनको क्रममा हेरियो । यसरी हेर्दा साप्ताहिक पत्रिकाहरू मुद्दागत आधारमा विभाजित भएको देखियो । जेठ १ गतेको अंकमा *तरुण* र *जनभावना* दुवै पत्रिकाले प्रतिनिधिसभाले गर्न लागेको बहुप्रचारित घोषणालाई मुख्य समाचार बनाएका थिए । दुवैले ब्यानर शीर्षक दिएर प्रस्तुत गरेको त्यस समाचारको प्रस्तुतिमा भने धेरै भिन्नता थियो । *तरुण* साप्ताहिकले 'राजालाई ठेगान लगाउने क्रम तीव्र, अब अग्निपरीक्षामा माओवादी' शीर्षकमा तयार पारिएको समाचारमा संसद्ले गर्न लागेको घोषणाले राजाको अधिकार कटौती गर्न लागेको अनुमान गर्दै त्यसलाई 'क्रान्तिकारी राजनीतिक घोषणा' को संज्ञा दिएको थियो । त्यसैगरी *जनभावना* साप्ताहिकले पनि अनुमानकै आधारमा त्यस समाचारलाई प्रस्तुत गरेको थियो । 'सबै निर्णय संसद्ले गर्ने भए संविधानसभा किन ?' शीर्षकको समाचारमा संसद्ले गर्न लागेको घोषणाप्रति असन्तुष्टि पोखिएको थियो ।

त्यही दिनको *जनभावना* मा 'सुरक्षा निकायको मनोबलमाथि धावा', 'जनसेनाको खर्च सात दलले जुटाइदिने' जस्ता समाचार शीर्षकअन्तर्गतका समाचारमा सात दलको आलोचना गरिएको थियो । "सुरक्षा निकायका प्रमुख र उपप्रमुखलाई निसाना बनाएर हालै गरिएको निलम्बनको कारबाहीलाई शाही सेना र प्रहरी सेवाको अनुभव सँगालेर सेवानिवृत्त भएका धेरैले स्वाभाविक मानेका छैनन् ।" सुरक्षाविद् भनेर उद्धृत गरिए पनि ती सुरक्षाविद् को हुन् भन्नेबारे समाचारमा केही पनि खुलाइएको छैन । यता सोही दिनको *तरुण* साप्ताहिकले शाही शासनकालमा भएको भ्रष्टाचारसम्बन्धी समाचारलाई 'राज्यको सम्पत्तिमा यत्रो लुट' शीर्षकको समाचार तयार पारेको छ । यतिसम्म कि यो समाचारमा मतियार, भिजिलान्ते, गिरोहका नाइके, गुण्डादलजस्ता शब्दावलीको प्रयोग गरिएको छ ।

यता *जनभावना* साप्ताहिकले 'जनयुद्धका अपराधीलाई दण्डित गर्ने माओवादी घोषणा : कारबाहीको निसाना सात दलतिरै सोझियो' शीर्षकको समाचारमा सात दलप्रति नकारात्मक धारणा राखेको छ । 'कानुनविद्द्वारा सभामुखको आलोचना' शीर्षकको अर्को समाचारमा भनिएको छ, "नवनियुक्त सभामुख सुवास नेम्वाङले परम्परा र मर्यादालाई तोड्दै श्री ५ बाट शपथग्रहण नगरेको विषयमा कानुनविद्हरूले आलोचना गरेका छन् ।" तर, समाचारमा उल्लेख गरिएका कानुनविद्हरू कोको हुन् भन्ने कुरा भने खुलाइएको छैन । त्यसैगरी 'सानो पार्टीको ठूलो झगडा' शीर्षकको दुई कोलमको समाचारमा जनमोर्चाको विवादबारे लखेको छ,

*जनभावना* साप्ताहिकले । यता राष्ट्रिय प्रजातन्त्र पार्टीको चाहिं सँगठन विस्तारसम्बन्धी सकारात्मक समाचारलाई प्रस्तुत गरिएको छ ।

जेठ ८ गतेको *तरुण* साप्ताहिकमा 'खेल त यस्तो पो भएछ' शीर्षकमा नेपाली कांग्रस संसदीय दलको निर्वाचनको विषयलाई समाचार बनाइएको छ । समाचारमा पार्टी सभापति शेरबहादुर देउवाको प्रशंसा र अन्य नेताहरू चिरञ्जीवी वाग्ले, बलबहादुर केसी र विजय गच्छेदारको आलोचना गरिएको छ । यो पत्रिका कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवाप्रति धेरै नै सकारात्मक भएको देखिन्छ । सात दलको शीर्ष नेताहरूको बैठकमा देउवाले संवैधानिक राजतन्त्रको पक्षमा बोलेको कुरा जनमोर्चा नेपालका उपाध्यक्ष लीलामणि पोखरेलले सार्वजानिक गरिदिएपछि यो पत्रिकाले पोखरेलको कटाक्ष र देउवाको प्रतिरक्षा गरेको देखिन्छ । पोखरेललाई शाही सरकारका स्वास्थ्य सहायक मन्त्री निक्ष्यशमशेर राणासँग तुलना गर्दै शीर्षक राखिएको छ, "निक्ष्य र लीलामणिको कुरो एउटै ।" समाचारमा नेता पोखरेललाई 'गैरजिम्मेवार' को संज्ञा दिइएको छ ।

जेठ १५ गतेको *तरुण* साप्ताहिकमा 'सुशील र रामचन्द्र ठण्डाराम' शीर्षकको समाचारको आमुखमा नै लेखिएको छ, "प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई पार्टीको आन्तरिक खिचातानीमा अलमल्याएर संविधानसभा निर्वाचन बिथोल्न खोज्नेहरूको षड्यन्त्रले नेपाली कांग्रेसभित्र मूर्तरूप लिएको छ । उहाँ (प्रधानमन्त्री) को प्रयासले पार्टीभित्रका एउटा पनि गुट खुशी छैनन्, बरु सबै गुट-उपगुटमा असन्तुष्टि फैलिएको छ । विगतमा शैलजाविरुद्ध जेहाद छेड्दै आएकी प्रधानमन्त्री कोइरालापुत्री सुजातालाई रामचन्द्र पौडेलविरुद्ध खन्याउन सफल भएका जोशीलाई सिध्याउन नरहरि आचार्यहरू कर्तुन लिएर अघि सरेका छन् ।" समाचारमा अलापविलाप, दुश्मन, चुरीफुरीजस्ता नकारात्मक अर्थ लाग्ने शब्दावलीहरू प्रयोग भएका छन् । दुई कोलमको समाचारमा सातपटक गुट र तीनपटक उपगुट शब्दको प्रयोग गरिएको छ, जसले पनि समाचारको नकारात्मक पक्षलाई संकेत गर्छ ।

जेठ २२ गतेको अंकमा *तरुण* साप्ताहिकले 'मन्त्री उद्घाटनमा, पीए मस्तीमा' शीर्षकको समाचारमा गृहमन्त्री कृष्ण सिटौला, कृषिमन्त्री महन्त ठाकुर र अर्थमन्त्री रामशरण महतको आलोचना गरिएको छ । यी तीनै जना मन्त्रीहरू नेपाली कांग्रेस सम्बद्ध हुन् । यता नेका प्रजातान्त्रिकको बैठक शीर्षकको समाचारमा चाहिं सो पार्टीको सकारात्मक कुराहरूलाई समावेश गरिएको छ । जेठ २९ गते 'संसद् विघटन होइन स्थगनमा सहमति' शीर्षकको मुख्य समाचारमा संसद् विघटनको माओवादी मागलाई रहस्यमय भन्दै *तरुण* साप्ताहिकले लेखेको छ, "संसद् विघटनबाहेक माओवादीले अघि सारेका सम्पूर्ण कुरा पूरा गर्न राजनीतिक दलहरू तयार हुँदाहुँदै संसद् विघटनलाई नै माओवादीले प्रमुख मुद्दा बनाउनु रहस्यमय मानिएको थियो ।"

*जनभावना* साप्ताहिकले जेठ ८ गतेको मुख्य समचारमा 'सात दल र माओवादीबीच के के कुरा मिलेन' शीर्षकको ब्यानर समाचारमा नकारात्मक कुरालाई मात्रै समावेश गरिएको छ । पत्रिकाको त्यो अंकमा प्रतिनिधिसभाको घोषणाको विरोधमा मात्रै दुई कोलमको तीनवटा र तीन कोलमको दुईवटा समाचार प्रकाशित छ । त्यसैमध्येको 'कानुन व्यवसायीहरूको ठहर : न्यायालयको अस्तित्व र विधिको शासन धरापमा' शीर्षकको

एउटा समाचारमा कानुन व्यवसायीहरूले घोषणाको विरोध गरेको कुरा उल्लेख छ । तर, कोको कानुन व्यवसायीले विरोध गरेको भन्ने कुरा समाचारमा उल्लेख छैन ।

त्यसैगरी जेठ १५ को अंकमा *जनभावना* साप्ताहिकले 'सात दललाई अत्याउन माओवादीको शक्ति प्रदर्शन' शीर्षकको मुख्य समाचारमा लेखेको छ, "माओवादी पक्ष अहिलेसम्म पनि संसद् र सरकार विघटन तथा अन्तरिम विधान र अन्तरिम सरकारको मागबाट सैद्धान्तिक रूपमा पछि हटेको छैन ।" त्यसैगरी 'सात दलसँग करण सिंह क्रुद्ध', 'लोभीपापीहरूको भीडमा निष्ठाको राजनीति टिक्ला ?', 'आन्दोलनको म्याण्डेट अन्धाले हात्ती छामेजस्तो', 'स्थानीय निकाय पुनर्बहालीको कुरा मिलेन' र 'परिवर्तनको यो कस्तो मानसिकता ?' जस्ता समाचारहरूमा सात दलको आलोचना गर्ने काम गरिएको छ । 'यसकारण फुट्यो जनमोर्चा' भन्ने समाचार शीर्षकअन्तर्गत जनमोर्चा विवादको विषयलाई उल्लेख गरिएको छ ।  जेठ २२ को अंकमा *जनभावना* साप्ताहिकले 'गिरिजाको भारत भ्रमण अचानक हुनुको रहस्य' शीर्षकको मुख्य समाचारमा भ्रमणको आलोचना गरेको छ । समाचारमा 'आश्चर्यचकित', 'भयभीत', 'आतंकित' र 'अप्रत्याशित' जस्ता नकारात्मक अर्थ लाग्ने खालका शब्दहरू प्रयोग भएका छन् । त्यसैगरी प्रधानमन्त्रीको भारत भ्रमणकै विषयमा अर्को समाचार लेखिएको छ, 'आशाभन्दा आशंका बढी' शीर्षकमा । यस समाचारमा पनि 'आशंका', 'रहस्यमय', 'दलबल' जस्ता नकारात्मक अर्थ लाग्ने शब्दावलीको प्रयोग भएका छन् । *जनभावना* साप्ताहिकको यही अंकमा 'कर्मचारीको सरुवा बढुवा पार्टी कार्यालयबाट' र 'संसद्ले झनै विवाद चर्कायो' शीर्षकका समाचार पनि प्रकाशित भएका छन् । अघिल्लो समाचारमा पर्यटनमन्त्री प्रदीप ज्ञवाली र उनको पार्टी एमालेको विरोध गरिएको छ भने दोस्रो समाचारमा सात दलकै आलोचना गरिएको छ ।

जेठ २९ गतेको *जनभावना*को स्थिति पनि उस्तै छ । 'संसदीय सर्वोच्चता कि लोकतान्त्रिक निरंकुशता ?' शीर्षकको मुख्य समाचारमा संसद्को आलोचना गरिएको छ । शंका, रहस्यजस्ता नकारात्मक अर्थ लाग्ने शब्दहरू समाचारको आमुखमा नै प्रयोग गरिएको छ । समाचारको आमुखमा भनिएको छ, "प्रतिनिधिसभाले संसदीय सर्वोच्चताको ऐतिहासिक घोषणा गरेको वर्तमान स्थितिमा कानुन व्यवसायीदेखि न्यायिक क्षेत्रसँग आबद्ध व्यक्तिहरू सन्तुष्ट छैनन् ।" तर, ती कानुन व्यवसायी र न्यायिक क्षेत्र आबद्ध व्यक्तिहरू कोको हुन् ? भन्ने कुरा समाचारमा उल्लेख छैन ।

'सात दलको हठप्रति माओवादी संशकित' शीर्षकको अर्को समाचारमा पनि सात दलकै आलोचना गरिएको छ । "सात दल सम्मिलित लोकतान्त्रिक सरकारले निष्पक्ष ढंगले निःसर्त रूपमा संविधानसभाको निर्वाचन सम्पन्न गराउने कुरामा माओवादी पार्टी विश्वस्त हुन सकिरहेको छैन," समाचारमा उल्लेख छ । समाचारमा 'नियत', 'शंका' जस्ता नकारात्मक अर्थ लाग्ने शब्दहरू पनि पटकपटक प्रयोग भएका छन् । 'दुई कांग्रेस मिलाउन भारतीयहरूको पहल' शीर्षकको अर्को समाचारमा 'दबाब' शब्द आठपटक दोहोरिएको छ भने त्यस समाचारमा सूत्रलाई उद्धृत गरिएको छ । समाचारमा सूत्र शब्द चारपटक उल्लेख गरिएको छ । तर, त्यो 'सूत्र' कस्तो हो भन्नेबारे केही उल्लेख छैन ।

यता *देशान्तर* ले जेठ ७ गतेको अंकमा घोषणापछि नेपालमा नवयुगको प्रारम्भ शीर्षकको मुख्य समाचारको आमुखमै लेखेको छ, "कति दिनपछि हो तर अन्ततः त्यो एक दिन आयो नै र सबै सर्ल्यापसुर्लुप नै

पाऱ्यो । २३७ वर्षको पर्खाल भत्कियो । पर्खालभित्रका शासक नाङ्गिए । केही दिनअघिसम्म जनतालाई मुठीका माखा मान्नेहरू आफैं मुठीभित्र मिचिए । नेपाली जनताको अदम्य साहस संसारभरिका लागि उदाहरण बन्यो । हिमालको फेदमा रहेको यो एउटा सानो देश नेपाल विश्व इतिहासमा दोस्रो नेपाली 'म्याग्नाकार्टा' का रूपमा दर्ज भयो । त्यो दिन हो प्रतिनिधिसभाको घोषणाको जेठ ४, ०६३ । यो घोषणासँगै मुलुकमा नवयुग प्रारम्भ भएको छ ।"

*तरुण* साप्ताहिकले नेपाली काङ्ग्रेस प्रजातान्त्रिकले गरेको निर्णयलाई सकारात्मक रूपमा प्रस्तुत गरेजस्तै यस पत्रिकाले चाहिं नेपाली कांग्रेसले गरेको निर्णयलाई त्यसैगरी प्रकाशित गरेको छ । कांग्रेसको ताजा निर्णय शीर्षकको समाचारमा लेखिएको छ, "नेपाली कांग्रेसले सरकारलाई माओवादीसँग शीघ्र चन्दा संकलन गर्ने, सम्पत्ति हरण गर्ने र हतियार प्रर्दशन गर्नेजस्ता कार्य तत्काल बन्द गर्न आग्रह गरेको छ । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा शनिबार प्रधानमन्त्री निवासमा बसेको बैठकले उक्त निर्णय गरेको हो ।"

जेठ १४ गतेको अंकमा *देशान्तर* साप्ताहिकले 'प्रतिगामी हिन्दूले हेपे, सांसदलाई चुनौती' शीर्षकको अर्को समाचारमा लेखेको छ, "नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिएपछि यसबाट असन्तुष्ट भई हिन्दू धर्म जोगाउने नाममा अराजक गतिविधिमा संलग्न हिन्दू अतिवादी भरतकेशर सिंह समुहले भित्रभित्रै ठूलो 'ग्र्याण्ड डिजायन' बनाएको रहस्य खुलेको छ । सो समूहले नेपालमा छिट्टै ठूलो हिन्दूत्वको लागि प्रदर्शन गर्न भारतका केही अतिवादी हिन्दू नेताको सहयोगसमेत मागेको छ ।" सिंह राजा ज्ञानेन्द्रका मानार्थ शाही पार्श्ववर्ती हुन् ।

मन्त्रीको कमाउने धन्दा शीर्षकको अर्को समाचारमा भनिएको छ, "संयुक्त वाममोर्चाका तर्फबाट भूमिसुधार तथा व्यवस्थामन्त्री बनेका 'वामपन्थी नेता' प्रभुनारायण चौधरीले मण्डलेहरूसँग साँठगाँठ र मिलोमतो गरी जनआन्दोलनबाट बनेको सरकारको छवि धमिल्याउने काम गरेका छन् । 'वामपन्थी नेता' चौधरीले गरेको व्यवहारले हाल राजनैतिक वृत्त र कर्मचारी संयन्त्र चकित परेको छ । कर्मचारीवृत्तबाट मन्त्री चौधरीलाई तत्काल हटाउनुपर्ने आवाजसमेत उठिरहेको छ ।" प्रजातान्त्रिक खेमा त्यसमा पनि नेपाली कांग्रेस निकट भनेर मानिंदै आएको देशान्तरको यो समाचार वामपन्थी नेताको आलोचनामा केन्द्रित छ । साथै उनी वामपन्थी नेता हुँदाहुँदै पनि त्यो शब्दावलीलाई उद्धरणमा राखेर नकारात्मक सन्देश दिन खोजिएको छ ।

जेठ २१ को अंकमा *देशान्तर* साप्ताहिकले 'संसद् नियमावलीले सबैलाई व्यवस्थित गर्ने' शीर्षकमा मुख्य समाचार लेखेको छ । "पुनःस्थापित प्रतिनिधिसभाबाट एउटा अर्को महत्त्वपूर्ण निर्णय हुँदैछ । यसअघि प्रतिनिधिसभामा पेश भएका र यसबाट भएका घोषणाले आजै मूर्त रूप पाउने भएको छ," समाचारमा भनिएको छ । 'कोइराला भ्रमण १२ अर्बको प्रस्ताव' शीर्षकको समाचारमा कोइरालाको भ्रमणलाई 'ऐतिहासिक' भन्दै त्यसैलाई पुष्टि गर्न खोजिएको छ, "यो भ्रमण यसकारण पनि ऐतिहासिक हो, जो यसअघि नेपालमा यति शक्तिसम्पन्न प्रधानमन्त्री थिएनन् । यो पटकदेखि वास्तवमै नेपाल र भारतका प्रधानमन्त्रीहरू समकक्षी भएका छन् । पहिले प्राविधिक रूपमा समकक्षी थिए ।" त्यसको दुई दिनपछि प्रकाशित *दृष्टि* साप्ताहिकले जेठ २३ को अंकमा त्यही विषयलाई लिएर प्रधानमन्त्रीको कडा आलोचना गरेको छ । 'अचानक प्रमको दिल्ली भ्रमण किन ?' शीर्षक समाचारको आमुखमा लेखिएको छ, "प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एकदमै छोटो तयारीमा

आजदेखि भारतको चारदिने 'सद्भावना' भ्रमण गर्दै हुनुहुन्छ । जनआन्दोलनको सफलतापछि गठित नेपाल सरकारका प्रधानमन्त्रीको भारत भ्रमणका एजेण्डाबारे सार्वभौम नेपाली जनता, पुनःस्थापित प्रतिनिधिसभा र सात दललाई समेत सरकारले कुनै जानकारी नगराउनुले अनेक आशंकाहरू उठेका छन् । स्वास्थ्य उपचारका लागि बैंकक जाने पूर्वनिर्धारित कार्यक्रम रोकेर चार दिनअघि मात्र हतारहतारमा भारत भ्रमण तय गरिनु र भ्रमणका एजेन्डा पारदर्शी नहुनुले पनि प्रधानमन्त्री कोइरालाको यो भ्रमण रहस्यमय बनेको छ ।" सद्भावना भ्रमणलाई उद्धरणमा राखिएको छ, जसले पनि नकारात्मक धारणा राखेको कुरालाई संकेत गरेको छ किनभने पत्रिकाको विचारमा त्यो सद्भावना भ्रमण होइन भन्ने अर्थ लागेको छ ।

*देशान्तर* साप्ताहिकले जेठ २८ को अंकमा पनि प्रधानमन्त्रीको भारत भ्रमणको विषयलाई मुख्य समाचार बनाएको छ । 'माओवादीको संसद् विघटनको माग सर्वत्र अमान्य, प्रधानमन्त्री कोइरालाको भ्रमणबाट उपलब्धि नै उपलब्धि' शीर्षकको मुख्य समाचारमा कोइरालाको यति धेरै तारिफ गरिएको छ कि उनलाई जनआन्दोलनका ऐतिहासिक नायक र दक्षिण एसियाका महान् नेता भनी व्याख्या गरिएको छ । भारतीय प्रधानमन्त्री मनमोहन सिंहले यस्ता विशेषण प्रयोग गरेको उल्लेख गर्दै सिंहले भनेजस्तै कोइराला महान् भएको कुरा उल्लेख गरिएको छ । भ्रमणका उपलब्धि भनी विभिन्न १५ वटा बुँदालाई हाइलाइट गरी बक्समा राखिएको छ ।

वामपन्थी खेमानिकट भनेर मानिँदै आएको *दृष्टि* साप्ताहिक भने नेपाली कांग्रेसप्रति आलोचक देखिएको छ । जेठ २ मा *दृष्टि* साप्ताहिकले 'कांग्रेसले खुट्टा कमायो' शीर्षकको समाचारलाई मुख्य समाचारको रूपमा प्रस्तुत गरेको छ । समाचारको सुरुवात नै नकारात्मक वाक्यबाट गरिएको छ, "दुवै कांग्रेसका कारण प्रतिनिधिसभाले हिजो ऐतिहासिक राजनीतिक घोषणा गर्न सकेन ।" नेपाली कांग्रेस र कांग्रेस प्रजातान्त्रिकले ठोस निर्णय गर्न नसक्दा उनीहरूको नियतमाथि नै प्रश्नचिन्ह लाग्न थालेको कुरा समाचारको प्रथम अनुच्छेदमा नै उल्लेख छ । यो वाक्य समाचारको दोस्रो अनुच्छेदमा पनि दोहोरिएको छ । दलहरू खासगरी दुवै कांग्रेसमा दृढ इच्छाशक्ति नभएको पनि समाचारमा उल्लेख गरिएको छ ।

'सरकारी ढुकुटी यसरी रित्याइयो' शीर्षकको अर्को समाचारमा 'ब्रह्मलुट' शब्दको प्रयोग गरिएको छ । 'ओलीको गोली पुरस्कृत' शीर्षकको समाचारमा पनि गृहमन्त्री कृष्ण सिटौलाको आलोचना गरिएको छ । 'मन्त्रीकै मान्छे रंगेहात' पक्राउ शीर्षकको अर्को समाचारमा अर्थमन्त्री रामशरण महतको आलोचना गर्दै लेखिएको छ, "तस्करी र भ्रष्टाचारले बदनाम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा भएको मोबाइल सेट चोरी काण्डमा अर्थमन्त्री डा रामशरण महतको हात रहेको कुरा कर्मचारीहरूबीच व्यापक चर्चा चल्न थालेको छ । मोबाइल सेट चोरी काण्डमा भन्सारका कर्मचारीहरूले डा महतको योजनाअनुरूप काम गरेको पोल खोल्न थालेका छन् ।" तर, समाचारको स्रोत खुलाइएको छैन । गृहमन्त्री सिटौला र अर्थमन्त्री डा महत दुवै नेपाली कांग्रेसका सदस्यहरू हुन् । यसरी मुख्य समाचारलगायत अन्य समाचारहरूमा पनि *दृष्टि* साप्ताहिकले नेपाली कांग्रेस र उसका सदस्यहरूको आलोचना गरेको देखिन्छ ।

'शेरबहादुर देउवा हैरान' शीर्षकको समाचारमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) मा विवाद रहेको उल्लेख गर्दै लेखिएको छ, "(नेपाली कांग्रेस प्रजातान्त्रिक) को विवादका कारण सात दलको सामूहिक निर्णय

प्रभावित हुन थालेको छ ।" समाचारमा 'भ्रष्ट' शब्दको पटक-पटक प्रयोग गरिएको छ । "भ्रष्ट भनेर चिनिएका विजय गच्छेदार, चिरञ्जीवी वाग्ले, बलबहादुर केसी र शरदसिंह भण्डारीको गुटले कि मन्त्री बनाउनुपर्ने कि त पार्टीको पद दिइनुपर्ने अडान राखेर देउवालाई हैरान बनाएका छन्," समाचारमा उल्लेख गरिएको छ । *दृष्टि* साप्ताहिकले कांग्रेससँगै कांग्रेस प्रजातान्त्रिकको पनि आलोचना गरेको देखिन्छ । तर, एक महिनाको अवधिमा एमालेको आलोचना गरिएको समाचार एउटा पनि देखापरेन ।

जेठ ९ गतेको *दृष्टि* साप्ताहिकमा 'माओवादीले हतियार लुकाउँदैछन्' शीर्षकमा लेखिएको छ, "माओवादीका जनसेनाहरूले बोकेका हतियार अहिले प्लाष्टिकले बेरेर खाल्टो र ओडारमा राख्न थालिएको बुझिएको छ ।" समाचारमा स्रोतले बताउँछ भनिएको छ तर सो स्रोतबारे केही उल्लेख गरिएको छैन । जेठ १६ को अंकमा *दृष्टि* साप्ताहिकले 'माओवादीले जेठ १९ नै किन रोज्यो ?' शीर्षकको समाचारमा लेखेको छ, "माओवादीका क्रियाकलापका कारण अझै राजधानीवासी विश्वस्त हुन सकिरहेका छैनन् । कतै उनीहरूले सभा गर्ने बहानामा हतियारसहित दरबारतिर सोझिने त होइन ? भन्नेजस्ता आशंकाहरू पनि उठाइएको छ ।"

'मुनड्रप्स बचाउन आरजुको कसरत' शीर्षकको अर्को समाचारमा भनिएको छ, "प्रतिनिधिसभाको घोषणापछि राज्यसंयन्त्रमा दरबार प्रभावहीन भएपछि मुनड्रप्स यतिखेर सरकारसम्बद्ध व्यक्तिहरूलाई करोडौंको थैली बोकेर प्रभावमा पार्ने प्रयास गरिरहेको छ । यसका लागि आरजु देउवाले पुलको काम गरिरहेकी छन् । राणा परिवारमा जन्मेहुर्केकी आरजु मुनड्रप्सका संचालक प्रसिद्ध राणाको इसारामा श्रम तथा यातायात व्यवस्था राज्मन्त्री रमेश लेखकलाई परिचालन गरिरहेकी छिन् । स्मरण रहोस्, श्रम मन्त्रालय आरजुकै सल्लाहमा कांग्रेस प्रजातान्त्रिकले छानेको थियो ।" आरजु देउवा कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवाको धर्मपत्नी तथा पार्टीको केन्द्रीय सदस्य हुन् । यसरी *दृष्टि* साप्ताहिकले कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय सदस्य तथा त्यस पार्टीका मन्त्रीको आलोचना गरेको देखिन्छ ।

त्यसलगत्तैको जेठ २३ को अंकमा पनि सोही विषयमा *दृष्टि* साप्ताहिकले कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय सदस्य तथा श्रमराज्यमन्त्री रमेश लेखकको नामसँग जोडेर यो समाचारलाई प्रकाशित गरेको छ । 'श्रममन्त्रीको मूल्य कति ?' शीर्षकको समाचारमा लेखिएको छ, "श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री रमेश लेखकलाई मुनड्रप्सका एजेन्टहरू करोडौंको थैली बोकेर किन्न हिंडेका छन् । तर, राज्यमन्त्रीले थैली लिन चाहेका छैनन् । कुर्सीमा खुइय खुइया सिट्टी मार्दै चुरोट तान्दै गरिरहेका छन् । मुनड्रप्सको विवादास्पद फाइलमाथि निर्णय गराउन उनले क्याबिनेटमा प्रस्ताव गर्न खोज्दासमेत आफैं निर्णय गर्नु भन्दै फर्काइयो । त्यसपछि राज्यमन्त्री लेखकको ओठतालु सुकेको छ ।"

जेठ ३० को *दृष्टि* साप्ताहिकमा 'हेलिकोप्टर चढे कमरेड प्रचण्ड' शीर्षक समाचारको आमुखमै लेखिएको छ, "१० वर्षअघि सम्पूर्ण सौखका वस्तुहरू त्यागेर भूमिगत राजनीति सुरु गरेका नेकपा माओवादीका नेताहरू पनि अहिले सोखिन बन्न थालेका छन् । पहिलोपटक नेकपा माओवादीका अध्यक्ष प्रचण्डले पजेरो र हेलिकप्टर चढेर आफ्नो सौखिनताको परिचय दिएका छन् ।"

'महरातिर सोझ्याएर सिटौला टाप' शीर्षकको अर्को समाचारमा लेखिएको छ, "गृहमन्त्री कृष्ण सिटौलाको गैरजिम्मेवारीका कारण राजधानीको शान्ति सुरक्षा कमजोर बन्दै गएको छ । लोकतन्त्रको स्थापना

पछाडि शान्ति सुरक्षामा जसरी परिवर्तन आउनुपर्ने थियो, त्यसरी परिवर्तन आउन नसक्नुको प्रमुख कारण भनेकै गृहमन्त्री सिटौलाको निकम्मापन हो ।" यसरी गृहमन्त्रीलाई आलोचना गर्न 'गैरजिम्मेवार' र 'निकम्मापन' जस्ता नकारात्मक अर्थ लाग्ने शब्दावलीहरू प्रयोग भएको पाइन्छ । यसले पक्कै पनि सन्तुलित पत्रकारितालाई प्रतिनिधित्व गर्दैन । 'यसरी बने अमिक उपप्रम' शीर्षकको अर्को समाचारको आमुखमा भनिएको छ, "आफूलाई अब्बल दर्जाको क्रान्तिकारी ठान्ने जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको चाकरी गरेर र नेकपा माओवादीका अध्यक्ष प्रचण्डलाई गुहारेर अन्ततः उपप्रधानमन्त्री भएका छन् ।"

**५.२ सम्पादकीय सामग्री बिश्लेषण**

अध्ययनमा एक महिनाको अवधिमा चारवटा पत्रिकामा छापिएका २० वटा सम्पादकीयहरू समावेश थिए । त्यसमध्ये सकारात्मक 'नोसन' का ११ र नकारात्मक 'नोसन' का ९ वटा पाइयो । प्रथम पृष्ठमा प्रकाशित समाचारको तुलनामा सम्पादकीय चाहिं सकारात्मक 'नोसन' मा बढी छापिएको पाइयो । अध्ययनमा समावेश गरिएका सम्पादकीयहरूलाई केलाउँदा ५५ प्रतिशत सकारात्मक 'नोसन' का र ४५ प्रतिशत चाहिं नकारात्मक 'नोसन' का पाइएका थिए ।

*तरुण* साप्ताहिकले जेठ १ गतेको अंकमा शाही मन्त्रीहरूको गिरफ्तारीलाई लिएर 'साहसिक निर्णय' शीर्षकमा सम्पादकीय लेखेको छ ।  त्यस्तै जेठ ८ को अंकमा 'देश नयाँ इतिहासमा प्रवेश' शीर्षकको तरुण साप्ताहिकको सम्पादकीयमा लेखिएको छ, "जनताको सम्प्रभुतालाई सर्वोच्च मान्दै गत बिहीबार प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद्मा पेस गर्नुभएको र संसद्ले पास गरेको घोषणाले नेपालको इतिहासलाई नयाँ मोड दिएको छ ।" तर, संसद्ले गरेको त्यही घोषणामा उल्लेख गरिएको धर्म निरपेक्षताको विषयमा भने असन्तुष्टि जनाउँदै सम्पादकीयमा लेखिएको छ, "०६३ को संसद् घोषणाले मुलुकको इतिहासलाई अग्रगामी दिशा दिएको भए पनि धर्म निरपेक्षताको निर्णयले भविष्यमा धार्मिक विद्रोह मच्चिन सक्ने सम्भावना पनि उत्तिकै देखिएको छ ।"जेठ १५ को अंकमा *तरुण* साप्ताहिकले 'आचारसंहिता : कार्यान्वयन र परीक्षण' शीर्षकमा र जेठ २२ को अंकमा 'सफलताका लागि अविश्वासलाई अन्त गरौं' शीर्षकको सम्पादकीय लेखेको छ । यी दुवै सम्पादकीयहरू सात दल र माओवादी सम्बन्धमा केन्द्रित छ । तर, दुवै सम्पादकीयमा सात दलको तुलनामा माओवादीप्रति बढी आशंका गरिएको छ । त्यस्तै जेठ २९ मा 'भारत भ्रमणले चिर्न नसकेको विषय' शीर्षकमा सम्पादकीय लेखिएको छ ।

*देशान्तर* साप्ताहिकले जेठ ७ गतेको अंकमा 'प्रतिनिधिसभाको घोषणा २०६३ : गौरवमय ऐतिहासिक दस्तावेज' शीर्षकमा विशेष सम्पादकीय लेखेको छ, "जनताको उत्सर्ग र बलिदानबाट पुनःस्थापित प्रतिनिधिसभाले जेठ ४ गते गरेको घोषणालाई संसारकै महान् राजनीतिक क्रान्तिले गरेको उपलब्धिभन्दा कम आँक्न सक्निन । १९ दिनको शान्तिपूर्ण आन्दोलनबाट पुनःस्थापित संसद्ले २३८ वर्षको एउटा सामन्ती युगको अवसान गरेको छ भने जनता नै सर्वोपरि भएको नवयुगको प्रारम्भ गरेको छ । जेठ ४ को घोषणालाई बेलायतको मुक्तिको पत्र (म्याग्नाकार्टा) वा अमेरिकाको अधिकार विधेयक (विल अफ राइटस्) को भन्दा पनि पूर्ण मानिएको छ ।" त्यसै दिनको अर्को सम्पादकीय चाहिं माओवादीले संयमता देखाउनुपर्छ शीर्षकमा

लेखिएको छ । प्रतिनिधिसभाको घोषणाको पक्षमा लेखिएको त्यो सम्पादकीयमा सँगै माओवादीलाई अर्ति पनि दिइएको छ, "आम नागरिकले माओवादीबाट पनि अहिले धैर्य र संयम खोजेका छन् । उच्छृंखलताका कुनै साना घटना प्रतिगामीहरूका लागि बारुदको पोको बन्न सक्छ ।"

जेठ १४ को स्थायी शान्तिको प्रक्रिया सुरु शीर्षकको सम्पादकीयमा लेखिएको छ, "यतिखेर हरेक निर्णयहरू दिगो शान्ति स्थापनाको प्रक्रियामा अघि बढिरहेका छन् । शान्तिवार्ताको आह्वान, वार्ताटोलीको गठन, आचारसंहिता निर्माण र वार्ताको थालनी भइसकेका छन् ।" जेठ २१ मा कोइरालाको ऐतिहासिक भ्रमण शीर्षकको सम्पादकीयमा भनिएको छ, "प्रम कोइरालाले पर्सि २३ गतेदेखि ठूलो प्रजातान्त्रिक देश भारतको भ्रमण गर्दै हुनुहुन्छ । कोइरालाको यो भ्रमण औपचारिकता निर्वाह गर्ने मात्र नभएर कतिपय कारणले ऐतिहासिक बन्ने भएको छ ।" जेठ २८ मा देशान्तर साप्ताहिकले 'माओवादी धम्की कसलाई ?' शीर्षकको सम्पादकीय लेखेको छ । सम्पादकीयमा 'संसद् तुरुन्तै विघटन गर नत्र रक्तपात हुन्छ' भन्ने प्रचण्डको भनाईको आलोचना गरिएको छ ।

*जनभावना* साप्ताहिकले जेठ १ गतेको  अंकमा 'स्थानिय निकाय त चाहियो तर कसरी ?' शीर्षकको सम्पादकीयमा एमालेको आलोचना गरेको छ । 'राष्ट्रसंघीय मानवअधिकार आयोगको चिन्ता' शीर्षकको जेठ ८ गतेको सम्पादकीयमा मानवअधिकार उच्चायुक्तको कार्यालयको हवाला दिदै शाही शासनकालका मन्त्रीहरूको प्रतिरक्षा र बचाउ गरिएको छ । जेठ १२ को अंकमा संसद्को घोषणाप्रति असन्तुष्टि व्यक्त गर्दै 'शान्तिका संक्रमणहरू' शीर्षकको सम्पादकीय लेखिएको छ । सम्पादकीयमा भनिएको छ, "प्रतिनिधिसभाको पुनःस्थापनापछि प्रफुल्लित सात दलले प्रतिनिधिसभाबाट धेरै कुरा पारित गरेको छ, जसलाई धेरैले तत्कालको दृष्टिले मौनसम्मति प्रदान गरे पनि ती सम्मतिमा धेरै सहमति चाहिं पक्कै पनि देखापरेको छैन ।" यो साप्ताहिकले जेठ २२ गतेको अंकमा गृहमन्त्रीको आलोचना गर्दै 'गृहमन्त्रीलाई निःशुल्क सल्लाह फरक विचार र अराजकता एउटै होइन' शीर्षकमा सम्पादकीय लेखेको छ । त्यसैगरी जेठ २९ गतेको 'नेपाल-भारत सम्बन्ध विचित्रता र विशेषता' शीर्षकको सम्पादकीयमा यो साप्ताहिकले प्रधानमन्त्रीको भारत भ्रमणको आलोचना गर्दै लेखेको छ, "प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमण सुरु हुनुअगावै प्रतिनिधिसभा र बाहिरबाट माओवादी समेतकाले भारत भ्रमण गर्दा कुनै विशेष सन्धि नगर्न कोइरालालाई चेतावनी दिनु र कोइरालाले पनि त्यसप्रति प्रतिबद्धता व्यक्त गर्नुजस्ता कुरा विश्वकै कुनै पनि राजनीतिक दृश्यावलीमा फेला नपर्ने नेपाल-भारत सम्बन्धको मौलिक विचित्रता हो ।"

*दृष्टि* साप्ताहिकले जेठ २ गते एमाले नेता मदन भण्डारीको स्मरण गर्दै 'मदन भण्डारीको सम्झना' शीर्षकमा सम्पादकीय लेखेको छ । जेठ ९ गते संसद्को घोषणका विषयमा 'ऐतिहासिक घोषणा २०६३' शीर्षकमा घोषणको प्रशंसा गर्दै सम्पादकीय लेखेको छ । साथै माओवादीप्रति भने त्यही सम्पादकीयमा नकारात्मक धारणा राखिएको छ । सम्पादकीयमा लेखएको छ, "प्रतिनिधिसभाको घोषणा समग्रमा माओवादीले समर्थन नगर्नु आश्चर्यलाग्दो छ । यो घोषणा गरेर सात दलले आफूलाई उछिनेको त होइन भन्ने भान माओवादीमा परेको छ । तर, यथार्थ त्यस्तो होइन । सात दलले जनताको मागलाई तत्काल संस्थागत गर्न यो घोषणा गरेका हुन् ।"

सरकार र माओवादीबीच भएको आचारसंहितको विषयलाई *दृष्टि*ले जेठ १६ को अंकको सम्पादकीय विषय बनायो । शुभसंकेत शीर्षकको सम्पादकीयमा लेखिएको छ, "जनआन्दोलनबाट स्थापित नेपाल सरकार र जनआन्दोलनको एउटा सहयोगी पक्ष माओवादीले २५ बुँदे आचारसंहिता बनाएका छन् । आचारसंहिताले मानवअधिकार, नागरिक स्वतन्त्रता, शैक्षिक संस्था तथा औद्योगिक प्रतिष्ठानहरूलाई सुचारु संचालन, भय र त्रासमुक्त वातावरणको निर्माण एवं जनताका आधारभूत सेवा तथा सुविधाको निर्वाध संचालनलगायतका पक्षमा प्रतिबद्धता प्रकट गरेको छ । यो निश्चय पनि सकारात्मक एवं शुभसंकेत हो ।"

जेठ २३ मा स्थानीय निकाय पुनर्बहालीको विषयमा लेखिएको *दृष्टि* साप्ताहिकले सम्पादकीयको शीर्षक दिएको छ, 'कांग्रेसको नियत' । सम्पादकीयमा भनिएको छ, "कांग्रेसले नेकपा माओवादीलाई देखाएर स्थानीय निकाय पुनर्बहालीको मुद्दा पन्छाउन खोजेर सात दलको सामूहिक निर्णयलाई लत्याउन खोजेको छ । समस्या माओवादीको स्वीकारोक्ति वा अस्वीकारोक्ति होइन, कांग्रेसको नियत हो ।" त्यसैगरी माओवादीलाई आलोचना गर्दै भनिएको छ, "स्थानीय निकाय पुनर्बहाली गरिए शान्ति वार्ता भंग हुने माओवादीको धम्की अर्को अराजनीतिक र अशोभनीय तर्क बनेको छ ।" तर, त्यही सम्पादकीयमा एमालेको भने पक्ष लिएको देखिन्छ । "नेकपा एमालेले प्रस्ताव गरेजस्तो स्थानीय निकायमा विभिन्न कारणले हाल रिक्त रहेको २० प्रतिशत स्थानमा सात दल र माओवादीको सहमतिअनुसार सर्वदलीय समिति गठन गर्ने र बाँकीको पुनर्बहाली गर्नु नै विवाद समाधानको उपयुक्त विकल्प हुनसक्छ," सम्पादकीयमा उल्लेख गरिएको छ । यसरी एउटै सम्पादकीयमा कांग्रेस र माओवादीको आलोचना र एमालेको प्रशंसा गरिएको पाइयो । यसबाट पनि पत्रिकाको राजनीतिक झुकाव प्रष्ट रुपमा बुझ्न सकिन्छ ।

जेठ ३० को अंकमो चाहिं *दृष्टि* साप्ताहिकल प्रधानमन्त्रीको भारत भ्रमणका विषयमा सम्पादकीय लेखेको छ । अघिल्लो अंक भारत भ्रमणको विषयमा नकारात्मक समाचार सम्प्रेषण गरेको *दृष्टि*ले सम्पादकीयमा भने सकारात्मक धारणा राखेको पाइयो । "प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको चारदिने भारत भ्रमण राजनीतिक र आर्थिक दृष्टिले उपलब्धिपूर्ण मानिएको छ । जनआन्दोलनको बलमा गठित नेपाल सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पहिलो औपचारिक भ्रमणमा भारतले देखाएको उच्च सम्मान र उदारताले दुई देशबीचको सम्बन्धलाई नयाँ आयम दिन खोजेको संकेत गर्दछ ।"

यसरी साप्ताहिक पत्रिकाहरु एउटै मुद्धामा समाचार तथा सम्पादकीय लेख्दा राजनीतिक दलहरुको नीति , विचार र झुकावअनुसार विभाजित भएको पाइयो । अध्ययनमा समावेश गरिएका *तरुण, जनभावना, दृष्टि र देशान्तर* पनि राजनीतिक आधारमा विभाजित भएको प्रष्टै देखिन्छ । जस्तै प्रतिनिधीसभाको घोषणा २०६३ लाई *दृष्टि, देशान्तर*ले अत्यन्तै प्रशंसा गरेको पाइयो भने *जनभावना*ले विरोध गरेको पाइयो ।

बिशेष गरी साप्ताहिक पत्रिकाहरुले सकारात्मक भन्दा नकारात्मक कुरालाई नै बढी प्राथमिकता दिएको पाइयो । यो अध्ययनमा पनि समावेश गरिएका समाचारहरुमध्ये ७६ प्रतिशत नकारात्मक नोशनका थिए । सकारात्मकभन्दा नकारात्मक नोशनका समाचार तथा सम्पादकीय सामाग्रीले बढी प्राथमिकता पाउनुले पनि त्यही कुरालाई देखाउछ । त्यस्तै कतिपय स्थितिमा उनीहरुले अनावश्यक मुद्धालाई उछालेको पनि पाइयो

भने प्राथमिकता पाउनुपर्ने विषय र मुद्धाहरु ओभ्रेलमा परको पाइन्छ । यसले उनीहरुमा अफै पनि गम्भीरता, संवेदनशीलता र उत्तरदायित्वको कमी रहेको कुरालाई देखाउछ ।

साप्ताहिक पत्रिकाहरुमा प्रयोग गरिएका भाषाले पनि उनीहरुको पक्षधरता झल्किएको देखिन्छ । कतिपय स्थितिमा त साप्ताहिक पत्रिकामा प्रयोग गरिएका भाषहरु आपत्तिजनक नै लाग्ने खालका छन् । जस्तै *तरुण* साप्ताहिकले शाही शासनकालमा भएको भ्रष्टाचारसम्बन्धी 'राज्यको सम्पत्तिमा यत्रो लुट' शीर्षकको समाचारमा मतियार, भिजिलान्ते, गिरोहका नाइके, गुण्डादलजस्ता शब्दावली प्रयोग गरिएको छ । पत्रिकाहरुको यस्तो कार्यले उनीहरुकै विश्वसनियतामा आँच पुग्ने देखिन्छ । साथै पत्रकारिताको छवि र प्रतिष्ठामा पनि धक्का पुग्ने देखिन्छ ।

साप्ताहिक पत्रिकाहरुले कुनै दलविशेषको विचार, नीति, कार्यक्रम तथा राजनीतिक गतिविधिहरूलाई टेवा पुग्ने खालका कामहरु गरिरहेका छन् भन्न सकिन्छ । त्यसैले पनि हुन सक्छ, साप्ताहिक पत्रिकाहरूले राजनीतिक विषयवस्तुलाई बढी नै प्राथमिकता दिने गरेका छन् । यसो हुनुका मुख्य कारण साप्ताहिक पत्रिकाहरूले व्यावसायिक पत्रकारितालाई भन्दा मिसन पत्रकारितालाई जोड दिनु नै हो । मिशन पत्रकारिता भनेपछि राजनीति जोडिएर आईहाल्छ । त्यसो त साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरु पार्टीसँग आबद्ध भएकाले पनि उनीहरुको लेखाईमा केही हदसम्म दलीय स्वार्थ झल्किने गरेको पाइयो । समग्रमा भन्दा साप्ताहिक पत्रिकाहरूको संख्यात्मक बृद्धि भएपनि व्यावसायिकतामा खासै बृद्धि हुन सकेको देखिएन ।

# अध्याय छ

## ६. निष्कर्ष/सुझावहरू (Conclusion and Recommendations)

### ६.१ निष्कर्ष (Conclusion)

साप्ताहिक पत्रिकाहरूमा नवजवान र बूढाहरूको भन्दा युवा पुस्ताको बाहुल्यता रहेको पाइएको छ। २६ देखि ३५ वर्षसम्मका पत्रकारहरूको प्रतिशत नवजवान र बूढाहरूको भन्दा निकै बढी देखिएको छ। पत्रकारितामा नवजवानहरूको चासो त्यतिसारो देखिएन, जुन भविष्यका लागि एउटा डरलाग्दो पक्ष पनि हो। लैङ्गिक हिसाबले हेर्दा साप्ताहिक पत्रिकामा पुरुषभन्दा महिला पत्रकारहरूको संख्या अत्यन्तै न्यून देखियो। अनुसन्धानका क्रममा साप्ताहिक पत्रिकाहरूमा कार्यरत पत्रकारलाई सहभागी गराइएको थियो। तर, पुरुष पत्रकारको तुलनामा महिला पत्रकारको प्रतिशत एकदमै कम पाइयो। नारी पुरुष बराबरीको नारा र लैङ्गिक समानतालाई मध्यनजर गर्दा साप्ताहिक पत्रिकामा महिला पत्रकारको प्रतिशत कम हुनु कदापि राम्रो होइन।

साप्ताहिक पत्रिकामा एसएलसी र प्रवीणता प्रमाणपत्र तहभन्दा स्नातक गरेका पत्रकारको बाहुल्यता पाइयो। स्नातकोत्तर गरेका पत्रकारहरूको संख्या पनि उल्लेख्य रहेको छ। यसले साप्ताहिक पत्रिकाहरूमा पढेलेखेका व्यक्तिहरूको प्रवेश भएको छ भन्ने कुरालाई स्पष्टसँग देखाएको छ। साप्ताहिक पत्रिकाहरूमा शैक्षिक योग्यता भएका व्यक्तिहरूको बाहुल्यता हुनु अत्यन्तै सकारात्मक पक्ष हो। यसले साप्ताहिक पत्रिकाहरूले चाहे भने घटनाको सही विश्लेषण गर्न र सही विचार दिन सक्ने जनशक्ति छन् भन्ने आधार दिएको छ। यद्यपि अहिलेसम्म निष्पक्ष रूपमा यस्तो विश्लेषण गर्ने प्रवृत्ति कमै मात्रामा देखिएको छ।

जातीयताका आधारमा साप्ताहिक पत्रिकाहरूमा बाहमण समुदायका पत्रकारको बाहुल्यता रहेको पाइयो। त्यसपछि मात्र क्षेत्री, नेवार र आफूलाई जनजाति भन्नेहरू रहेको देखियो। भौगोलिक हिसाबले हेर्दा राजधानीमा आएर साप्ताहिक पत्रिकामा काम गर्नेहरूमा पहाडी क्षेत्रका बासिन्दाकै बाहुल्यता रहेको देखियो। पहाडको तुलनामा तराई र हिमाली क्षेत्रमा स्थायी बसोबास भई राजधानी आएर पत्रकारिता गर्नेको संख्या निकै कम देखियो। समावेशी दृष्टिकोणबाट हेर्दा एकै समुदाय र एउटै भौगोलिक क्षेत्रको बाहुल्यता हुनु पक्कै पनि राम्रो कुरो होइन। त्यसो भन्दैमा सबै पक्षको सहभागिता गराउने नाममा पत्रकारितामा चासो नै नरहेका र क्षमता नै नभएका व्यक्तिलाई समावेश गराइनुपर्छ भन्ने चाहिं होइन।

सर्वेक्षणले पाँचदेखि दश वर्षसम्म अनुभव हासिल गरेका पत्रकारहरूको संख्या बढी देखायो। त्यसपछि मात्र एक दशक अनुभव भएका र डेढ दशकभन्दा बढी अनुभव लिएका पत्रकारहरूको संलग्नता पाइयो। पत्रकारितामा तीन वर्षभन्दा कम काम गरेका पत्रकारहरूको संख्या अन्यको तुलनामा निकै कम रहेको पाइयो। बढी अनुभव हासिल गर्नेहरूमा सम्पादकहरू छन् भने कम अनुभव हुनेमा संवाददाता छन्। पत्रकारितामा परिपक्वता आउन अनुभव पनि महत्त्वपूर्ण पक्ष हो। साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरूको अनुभवले यदि चाहे भने साप्ताहिक पत्रिकाका पत्रकारहरूले सही समाचार र विचार सम्प्रेषण गर्न सक्छन् भन्ने आधार देखाएको छ।

साप्ताहिक पत्रिकाहरूमा प्रतिस्पर्धाबाट भन्दा चिनजानेका आधारमा प्रवेश गर्नेहरूको बाहुल्यता रहेको पाइयो । प्रतिस्पर्धाबाट प्रवेश गर्नेको प्रतिशत कम छ । चिनजानेको आधारमा भन्दा भनसुनबाट साप्ताहिक पत्रिकामा प्रवेश गर्नेको प्रतिशत अत्यन्तै न्यून रहेको देखियो । चिनजानेको आधारमा पत्रकारिता पेसामा प्रवेश पाउनु सुखद रूपमा लिन मिल्दैन । प्रतिस्पर्धाका आधारमा व्यक्तिहरू प्रवेश गर्दा दक्ष र सही मान्छे पर्ने सम्भावना हुन्छ भने चिनजानेका आधारमा व्यक्तिले संस्थामा प्रवेश पाउँदा त्यसको परिणाम राम्रो नै आउछ भन्ने छैन । पत्रकारिता नै नबुझेका व्यक्ति यस क्षेत्रमा प्रवेश गर्न सक्ने सम्भावना रहन्छ, जसले गर्दा निश्चित रूपमा सोचेको जस्तो परिणाम नआउन सक्छ । यसले गर्दा पत्रकारिता पेसा मर्यादित र जिम्मेवार हुनुको सट्टा झन् बढी गैरजिम्मेवार हुन सक्ने अवस्था पनि आउन सक्छ ।

साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारमध्ये धेरैले राजनीतिक विषयवस्तुमा आफूहरूले लेख्ने गरेको बताए । त्यसको अनुपातमा प्रायः राजनीतिको बारेमा लेख्ने, कहिलेकाही लेख्ने र राजनीतिक विषयमा लेख्दै नलेख्नेको प्रतिशत कम रहेको पाइयो । पदीय आधारमा सम्पादकहरूले सबैभन्दा बढी राजनीतिक विषयवस्तुमा लेख्ने गरेको देखियो भने संवाददाताहरूले राजनीतिक विषयवस्तुमा कम लेख्ने गरेको देखियो । राजनीतिको आधारमा समाजिक, अर्थ तथा व्यापारका क्षेत्रमा लेख्ने पत्रकारहरूको प्रतिशत कम पाइयो । शैक्षिक आधारमा हेर्दा स्नातकोत्तर तह उर्तीण पत्रकारहरुले राजनीतिमा बढी लेख्ने गरेको देखियो । शैक्षिक रूपले योग्य व्यक्तिहरूले राजनीतिक समाचारमा केन्द्रित हुनु राम्रो पक्ष हो । तर, राजनीतिक तुलनामा साप्ताहिक पत्रिकामा अरू विषयवस्तुमा समाचार लेख्ने पत्रकारहरू कम हुनुलाई भने त्यति राम्रो मान्न सकिंदैन । यसबाट साप्ताहिक पत्रिकामा विषयवस्तुमा विविधता आउने सम्भावना न्यून रहन्छ ।

साप्ताहिक पत्रिकामा कार्यरत धेरै पत्रकारहरूले एक हप्तामा एकभन्दा बढी समाचार लेख्ने गरेको पाइयो । सर्वेक्षणमा सहभागीमध्ये २५ प्रतिशत पत्रकारले हप्तामा औषत तीनवटा समाचार लेख्ने गरेको बताए । त्यसपछि हप्तामा चार, हप्तामा पाँच र दुइटा लेख्ने गरेको देखियो । हप्तामा एक समाचार लेख्नेको प्रतिशत ज्यादै न्यून भएको पाइयो । साप्ताहिक पत्रिकामा आवश्यक रूपमा जनशक्ति छैनन् । केही व्यक्तिको भरमा पत्रिकामा समाचार लेखन तथा सम्पादन हुने गरेको छ । यस्तो अवस्थामा एउटा व्यक्तिले धेरै समाचार लेख्नु बाध्यताजस्तै हो । यद्यपि पत्रिकाका पाना कसरी भर्नेभन्दा पनि स्तरीयता कसरी कायम गर्ने भन्ने पक्षलाई पनि ध्यान दिन जरुरी देखिएको छ ।

साप्ताहिक पत्रिकामा कार्यरत बहुमत पत्रकारहरू पत्रकारिता पेसाप्रति सन्तुष्ट भएको पाइयो । एक तिहाइले कति पनि सन्तुष्टि नरहेको बताए । १५ प्रतिशतले आफ्नो पेसाप्रति अलि अलि सन्तुष्ट रहेको जवाफ दिए । पेसाप्रति सन्तुष्ट, असन्तुष्टबारे केही उल्लेख गर्न नचाहनेको प्रतिशत निकै कम पाइयो । उमेरको आधारमा हेर्दा पाका पत्रकारहरू आफ्नो पेसाप्रति बढी सन्तुष्ट देखिएका छन् भने पेसाबाट असन्तुष्ट देखिएका २६ देखि ४० वर्ष उमेरसमूहका बढी छन् । युवा पुस्ता पेसाबाट असन्तुष्ट हुनु पक्कै पनि राम्रो कुरा होइन । पदीय आधारमा कार्यकारी सम्पादकहरू आफ्नो पेसाप्रति सबैभन्दा बढी सन्तुष्ट देखिए भने संवाददाताहरू सबैभन्दा बढी असन्तुष्ट देखिए । संवाददाताहरू नै पत्रिकाका आधारस्तम्भ हुन् । जब यी आधारस्तम्भ नै असन्तुष्ट छन् भने यसले पक्कै पनि राम्रो कुराको संकेत गरिरहेको छैन । अनुभव हासिल गरिसकेका पत्रकारहरूमा पेसाप्रति असन्तुष्टि आउनु दुःखद् पक्ष हो । यसले यदि अवसर पाए भने अनुभव

हासिल गरिसकेका र पत्रकारितालाई बुझेका पत्रकारहरू पेसा परिवर्तन गर्ने तयारीमा भएको देखिन्छ जसले पत्रकारिताको विस्तार र विकासमा सीधै असर पार्न सक्छ ।

साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारमध्ये बहुमत पत्रकारहरूले भविष्यमा पनि आफूहरूले पत्रकारिता पेसालाई निरन्तरता दिने उल्लेख गरे । सर्वेक्षणमा सहभागीमध्ये ५२ प्रतिशत पत्रकारले भविष्यमा आफूहरू पत्रकारिता पेसामा नै रहिरहने बताए । १५ प्रतिशतले राजनीतिमा लाग्ने बताए भने व्यापारमा लाग्छु भन्नेको प्रतिशत निकै कम पाइयो । एक तिहाइ पत्रकार भने भविष्यमा के गर्ने भन्नेबारे अन्योलमा रहेको पाइयो । वर्गीकरणको आधारमा हेर्दा ग श्रेणीका पत्रिकामा कार्यरत अधिकांश पत्रकारले भविष्यमा पनि पत्रकारिता पेसा गर्ने बताए भने राजनीति गर्छु भन्नेमा घ श्रेणीमा कार्यरत पत्रकारहरु धेरै रहेका छन् । राजनीति गर्न चाहनेमध्ये धेरै सम्पादक, त्यसपछि क्रमशः संवाददाता, प्रमुख संवाददाता र सहसम्पादकहरु छन् । सर्वेक्षणमा सहभागी भएकामध्ये एक तिहाइ पत्रकारहरूले आफ्नो मार्गनिर्देश गर्न नसकेको अवस्था छ । पत्रकारजस्तो व्यक्तिले पनि भविष्यमा के गर्छु भन्ने स्पष्ट हुन नसक्नु र पेसाप्रति चासो नरहीकन काम गर्नुले पत्रकारिता क्षेत्रमा सुधार आउला भनेर आशा गर्न सक्ने भरपर्दो आधार दिंदैन । यद्यपि अधिकांश पत्रकारहरूले यही पेसालाई नै निरन्तरता दिएर अघि बढ्ने बताएका छन्, जुन नेपाली पत्रकारिताका लागि सकारात्मक पक्ष हुन सक्छ ।

सर्वेक्षणमा सहभागीमध्ये धेरै पत्रकारले आफूले गर्दै आएको पत्रकारितालाई मिसन पत्रकारिताको रूपमा उल्लेख गरे । ४९ प्रतिशतले आफूले गर्दै आएको पत्रकारिता मिसन पत्रकारिता र ४५ प्रतिशतले व्यावसायिक पत्रकारिताको रुपमा ब्याख्या गरे । ६ प्रतिशत पत्रकारले भने आफूले गर्दै आएको पत्रकारितालाई मिसन र व्यावसायिक दुवै भएको बताएका थिए । श्रेणीका आधारमा हेर्दा क श्रेणीका पत्रिकामा कार्यरत बहुमतभन्दा बढी पत्रकारले आफूले व्यावसायिक पत्रकारिता गरेको जवाफ दिए भने घ वर्गमा कार्यरत अधिकांश पत्रकारले आफूहरूले मिसन पत्रकारिता गरेको बताए । उमेरका आधारमा २१ देखि २५ वर्षसम्मका पत्रकारहरूले व्यावसायिकतामा बढी विश्वास गरेको पाइयो भने ४६ वर्षदेखि माथिका पत्रकारहरूले मिसन पत्रकारितामा बढी विश्वास गरेको पाइयो । साप्ताहिक पत्रिकाहरू अहिलेसम्म पनि आलोचनाका पात्र भइरहेका छन् । यसो हुनुमा व्यावसायिकताभन्दा पनि मिसन पत्रकारिता हो भन्ने भनाइ पनि रहेको छ । एजेन्डागत रूपमा अघि बढ्दा मिसन भन्नु स्वाभाविक हुन सक्ला । तर, पार्टीको नजिक रहेर काम गरी अघि बढिरहँदा मिसन भन्नु राम्रो होइन । यसले पत्रकारितामा एजेन्डाका आधारमा के सत्य हो या के गल्ती हो भनेर अघि बढ्न बाधा सिर्जना गर्छ । जसले गर्दा पत्रकारहरूले जति राम्रो र सत्य समाचार लेखे पनि पार्टीको लाइनअनुसार समाचार लेखिएका हुन्छन् भन्नेले आलोचना गर्ने स्थान पाइरहन्छन् ।

सर्वेक्षणले साप्ताहिक पत्रिकामा कार्यरत बहुमत पत्रकार कुनै न कुनै राजनीतिक दलसँग आबद्ध रहेको देखाएको छ । सर्वेक्षणमा सहभागी ५२ प्रतिशत पत्रकारले आफूले राजनीतिक दलको सदस्यता लिएको जानकारी दिए भने ४८ प्रतिशत पत्रकारले आफूहरूले कुनै पनि दलको सदस्यता नलिएको उल्लेख गरे । राजनीतिक दलको सदस्यता लिनेमा क श्रेणीमा कार्यरत पत्रकारहरु बढी छन् भने घ श्रेणीका पत्रिकामा कार्यरत पत्रकारहरूले कमले मात्र राजनीतिक दलको सदस्यता लिएका छन् । पदीय आधारमा हेर्दा धेरै सम्पादकले राजनीतिक दलको सदस्यता लिएका छन् भने कम संवाददाताहरूले राजनीतिक दलको सदस्यता

लिएका छन् । सर्वेक्षणमा सहभागीमध्ये १३ प्रतिशतले आफूहरूले विगतमा राजनीतिक दलको सदस्यता लिएको र पछि सदस्यता परित्याग गरेको बताए । यसरी सदस्यता परित्याग गर्नेमध्ये धेरैले पार्टीको नीतिसँग असहमत भएर आफूहरूले सदस्यता त्यागेको बताए ।

बहुदलीय शासन व्यवस्थामा पत्रकारहरू विचारबाट अलग हुन्छन् भनेर परिकल्पना गर्नु राम्रो होइन । उनीहरूको पनि निश्चित विचार र मान्यता हुन्छ । तर, समाचार लेखन तथा सम्पादनमा त्यसको प्रभाव पर्न हुँदैन । अर्को कुरा पत्रकारले राजनीतिक दलको सदस्यता लिनु कुनै पनि दृष्टिकोणले राम्रो मानिँदैन । पार्टीको सदस्यता लिएपछि पार्टीको निर्देशन मान्नुपर्ने अवस्था आउने भएकाले पनि सदस्यता ग्रहणलाई राम्रो रूपमा नलिइएको हो । तर, सर्वेक्षणमा सहभागी पत्रकारहरूले सदस्यता लिएको पाइएको छ । यसले गर्दा पत्रकारले कुन सत्य हो कुन असत्य हो भनेर नियाल्नुभन्दा पार्टीको लाइनअनुसार समाचार लेख्ने र पार्टी लाइनविपरीतका समाचारलाई कम प्राथमिकता दिने अवस्था आउन सक्छ ।

राजनीतिमा आबद्धमध्ये धेरैले विगतमा राजनीतिक फाइदा नलिएको उल्लेख गरेका छन् । सर्वेक्षणमा सहभागीमध्ये ४१ प्रतिशतले आफूहरूको राजनीतिक संलग्नता रहेबापत कुनै पनि किसिमको फाइदा नलिएको बताए । राजनीतिमा आबद्ध भएकामध्ये २४ प्रतिशतले राजनीतिक फाइदा लिएको पाइएको छ । फाइदा लिएको उल्लेख गर्नेहरूमा घ श्रेणीमा कार्यरत पत्रकार बढी छन् ।

पदीय आधारमा राजनीतिक दलमा आबद्ध भएर सबैभन्दा बढी फाइदा लिनेहरूमा सम्पादकहरू नै छन् । त्यसपछि मात्र सहसम्पादक, कार्यकारी सम्पादक, संवाददाता र प्रमुख संवाददाताले राजनीतिक फाइदा लिएको पाइएको छ । फाइदा लिनेहरूमध्येले पनि सबैभन्दा बढी संस्थागत रूपमा फाइदा लिएको बताए । त्यसपछि राजनीतिक नियुक्ति, अन्य फाइदा र आर्थिक फाइदा लिनेहरू रहेको पाइयो ।

पत्रकारिता गरेर त्यसैका आधारमा अन्य क्षेत्रबाट फाइदा लिने अपेक्षा राख्नु दुर्भाग्यपूर्ण अवस्था हो । राजनीतिक रूपमा केही लिन्छु भनेर जब पत्रकारिता गरिन्छ भने त्यसले सबै पक्षको विचार तथा समाचारलाई महत्त्वका साथ स्थान दिन्छ भन्न सकिँदैन । कुनै पक्षको सकारात्मक लेख्ने र कुनै पक्षको लेख्दै नलेख्ने-लेखे पनि नकारात्मक रूपमा लेख्ने प्रवृत्तिले न त पत्रकारिताको पेसागत मर्यादा कायम रहन सक्छ, न त समाजप्रतिको जिम्मेवारी नै निर्वाह गर्न सक्छ ।

आफू निकटको पार्टी सत्तामा गएपछि फाइदाको अपेक्षा राख्नेभन्दा नराख्नेहरू बढी रहेको पाइयो । सर्वेक्षणमा सहभागी ५३ प्रतिशतले पार्टी सत्तामा गए पनि फाइदा लिने अपेक्षा आफूहरूले नगरेको बताए भने ५ प्रतिशतले फाइदा लिने अपेक्षा गरेको बताए । बहुमत पत्रकारहरूले आफू निकटको पार्टी सत्तामा पुगे पनि त्यसबाट केही अपेक्षा नगर्नुले पत्रकारितामा सुधार हुदै आएको संकेत देखा पर्छ । जब केही लिने अपेक्षा हुँदैन भने सत्य समाचार लेख्न कुनै कठिन हुँदैन । समाचार प्रकाशित भइसकेपछि आउने समस्यालाई पनि सहज रूपमा हल गर्न सक्ने देखिन्छ ।

राजनीतिक आस्थाका कारण आफ्नो लेखनमा प्रभाव परेको पत्रकारहरूले उल्लेख गरेका छन् । अनुसन्धानमा सहभागीमध्ये ५० प्रतिशतले राजनीतिक निकटता र आस्थाले लेखनमा असर पारेको बताए । राजनीतिक आस्थाले लेखनमा असर पार्दैन भन्ने पत्रकारको प्रतिशत कम रहेको पाइयो भने ६ प्रतिशत पत्रकारले यसबारे उल्लेख गर्न चाहेनन् । राजनीतिक आबद्धताले लेखनमा असर पार्छ भन्ने पत्रकारमध्ये

श्रेणीका आधारमा घ वर्गमा परेका पत्रकारहरू बढी रहेको पाइयो । पदीय आधारमा सहसम्पादहरू राजनीतिक अवस्थाका कारण प्रभावित भएको पाइयो भने संवाददाताहरू सबैभन्दा कम रहे । ६५.२ प्रतिशत सहसम्पादकहरू राजनीतिक आस्थाबाट प्रभावित भएको पाइयो भने २९.३ प्रतिशत संवाददाताले पनि राजनीतिक आस्थाका कारण आफ्नो लेखन प्रभावित भएको बताए ।

सर्वेक्षणमा सहभागी भएकामध्ये अधिकांश पत्रकारहरूले आग्रह/पूर्वाग्रहका आधारमा समाचार नलेखेको उल्लेख गरेका छन् । ७९ प्रतिशत पत्रकारले राजनीतिक आबद्धता भए पनि पूर्वाग्रहका आधारमा समाचार नलेखेको बताए भने १९ प्रतिशतले आफूहरूको समाचार लेखनमा पूर्वाग्रह झल्किने जवाफ दिएका थिए । बाँकी प्रतिशत भने केही भन्न चाहेन । पदीय हिसाबले हेर्दा आग्रह/पूर्वाग्रहका आधारमा समाचार लेख्नेहरूमा सहसम्पादक बढी रहेको पाइयो । प्रकाशक तथा सम्पादकको दबाबका कारण समाचार लेखनमा आग्रह/पूर्वाग्रह झल्किएको जानकारी पत्रकारहरूले दिएका छन् । ४८ प्रतिशतले प्रकाशक तथा सम्पादकबाट दबाब नआएको उल्लेख गरे भने ३० प्रतिशतले पूर्वाग्रहृकका आधारमा समाचार लेख्न दबाब आउने गरेको बताए । कतिपय साप्ताहिक पत्रिकामा एउटै व्यक्ति प्रकाशक र सम्पादक रहेका छन् । सर्वेक्षणमा सहभागी ३७.७ प्रतिशत सम्पादकले प्रकाशक तथा सम्पादकले पूर्वाग्रही भएर समाचार लेख्न दबाब दिए नदिएकोबारे जवाफ दिन चाहेनन् ।

समाचार लेखनमा मात्र नभै सम्पादनमा समेत राजनीतिक आस्था प्रकट भएको पत्रकारहरूको भनाइ छ । सर्वेक्षणमा सहभागीमध्ये ३८ प्रतिशत पत्रकारले राजनीतिक पूर्वाग्रहीका आधारमा समाचार सम्पादन हुने बताएका छन् । राजनीतिक आस्थाका कारण पूर्वाग्रही भएर समाचार सम्पादन हुन्छ भन्नेमा कार्यकारी सम्पादकहरू सबैभन्दा बढी रहेको पाइयो ।

पूर्वाग्रही समाचार लेखन तथा सम्पादनले पत्रकारिताको सुधार र विस्तारमा कुनै टेवा पुऱ्याउँदैन । आमपाठकबीच विश्वास आर्जन गर्ने त कता हो कता, भएको विश्वासलाई पनि निरन्तरता दिन सकिँदैन । त्यतिमात्र होइन, पत्रकारिताको धर्म र आचारणभन्दा पनि बाहिर जाने स्थिति रहन्छ । जुन कुरा सबैका लागि चिन्ताको विषय हो ।

सर्वेक्षणमा सहभागी धेरै पत्रकारले साप्ताहिक पत्रिकामा राजनीतिक प्रभाव झल्किएको बताएका छन् । यसरी राजनीतिक प्रभाव बढी झल्किन्छ भन्नेहरूमा प्रमुख संवाददाताहरूको प्रतिशत बढी रहेको पाइयो । त्यस्तै सर्वेक्षणमा सहभागी भएकामध्ये धेरैले साप्ताहिक पत्रिकाहरूमा कार्यरत पत्रकारमा राजनीतिक आस्था धेरै रहेको उल्लेख गरे । राजनीतिक पूर्वाग्रहीका आधारमा पत्रकारहरूले समाचार लेख्छन् भन्नेमा अत्यधिक पत्रकारमा एकरूपता पाइयो । ८९.९ प्रतिशत पत्रकारले साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारले राजनीतिक आस्थाका आधारमा समाचार लेख्ने गरेको बताए । पूर्वाग्रही भएर समाचार किन लेख्छन् भन्नेमा धेरै पत्रकारले आफ्नो राजनीतिक आस्था झल्काउन भन्ने जवाफ दिए । व्यक्तिगत फाइदा र सम्पादक तथा प्रकाशकको इच्छा पूरा गर्न भन्नेहरु १७/१७ प्रतिशत रहेको पाइयो । यता एउटै मुद्धामा पनि विभिन्न साप्ताहिक पत्रिकाहरुले विभिन्न खेमाका पार्टी नीति अनुरूप लेखेको पाइयो । आफु निकटको दलको गतिविधीहरुको आलोचना नगर्ने बरु प्रशंसा गर्ने तर आफुनिकट बाहेकका दलहरुको आलोचना मात्रै गर्ने प्रवृति पनि साप्ताहिक पत्रिकाहरुमा पाइयो ।

पार्टीको मुखपत्रमा काम गर्दा पार्टीको हितमा काम गर्नु अनौठो होइन । उनीहरूको आफ्नै लक्ष्य हुन्छ । त्यहाँ व्यावसायिकताको कुरा हुँदैन । तर, पार्टीको मुखपत्रका रूपमा पनि स्वीकार नगर्ने र पार्टीको इसाराभन्दा पनि माथि जान नसक्नाले सबै पत्रिकाहरू यस्तै हुन्छन् भन्ने गुनासो आउने गर्छ । यस्ता आरोपबाट अलग रहन पनि पत्रकारहरूले राजनीतिक आग्रह तथा पूर्वाग्रहबाट माथि उठी बस्तुगत भएर समाचार लेख्नु जरुरी छ ।

## ६.२ सुझावहरू (Recommendations)

- साप्ताहिक पत्रिकाको लक्ष्य स्पष्ट गर्न जरुरी छ । पार्टीको मुखपत्रको रूपमा काम गर्ने या स्वतन्त्र संचार माध्यमको रुपमा विकसित गर्ने ? व्यावसायिकतालाई आधार बनाएर अघि बढ्ने कि विगतदेखि नै व्याख्या हुँदै आएको मिसन पत्रकारिता गर्ने ? साप्ताहिक पत्रिकाका प्रकाशक तथा सम्पादकहरू स्पष्ट हुनुपर्छ । लक्ष्य निर्धारण गरी अघि नबढ्ने हो भने अँध्यारोमा हाम फालेसरहको परिणाम सधैं नै रहिरहन्छ ।
- साप्ताहिक पत्रिकामा नयाँ पुस्ता आर्कषित भएको देखिदैन । यो पत्रिकामा काम गर्छु र आफ्नो पेसागत दक्षता बढ्दै जान्छ भन्ने विश्वास नभएका कारण साप्ताहिक पत्रिकामा नयाँ पुस्ताको आर्कषण नहरेको हो । दीर्घकालीन रूपमा हेर्ने हो भने अहिले युवा पुस्ताको सहभागिता नहुनु खतरनाक पक्ष हो । यसले भविष्यमा साप्ताहिक पत्रिकाको अस्तित्वमाथि नै प्रश्न उठाउन सक्छ । तसर्थ साप्ताहिक पत्रिकाले नयाँ पुस्ता आकर्षित हुने वातावरण सिर्जना गर्न जरुरी छ । उनीहरूमा साप्ताहिक पत्रिकाबाट पनि व्यावसायिकताको विकास गर्न र आर्थिक रूपमा सक्षम हुन सकिन्छ भन्ने विश्वास जगाउने गरी प्रकाशक तथा सम्पादकले काम गर्न जरुरी छ ।
- व्यक्ति तथा संस्था विशेषभन्दा पनि साप्ताहिक पत्रिकाहरू मुद्दाका आधारमा अघि बढ्नुपर्छ । सत्यसँग झुक्ने र गलत कामलाई ढाकछोप गर्ने कार्यलाई पूर्ण रूपमा बन्द गर्नुपर्छ । यसो गर्दै गएमा व्यवसायिकता बढदै जान्छ र आम पाठकको पनि विश्वास जित्न सकिन्छ ।
- आर्थिकलगायत अन्य कुरामा पत्रकारलाई पर्याप्त सुविधा दिने कुरामा बिशेष ध्यान दिनुपर्छ । त्यसो भएमा पत्रकारहरुले केही समय काम गरेर संस्था छाडने परिपाटीमा कमी आउछ । अनुभवी पत्रकारहरु भएको स्थितीमा घटनालाई राम्रोसँग विश्लेषण गर्न सक्ने जनशक्ति संस्थासँग रहन्छ ।
- प्रतिस्पर्धाका आधारमा पत्रकारहरू राख्ने कार्यलाई बढाउनुपर्छ । चिनजानेका आधारमा र भनसुनका भरमा पत्रकारिता क्षेत्रमा प्रवेश गराउनु हुँदैन । पेसाप्रतिको प्रतिबद्धता र उसमा भएको सीपको आधारमा प्रवेश गराए मात्र साप्ताहिक पत्रिकाको सामग्रीमा गुणस्तरीयता कायम हुन सक्छ ।
- पत्रकारहरूले पार्टीको सदस्यता लिने र पार्टीको विभिन्न निकायमा पनि काम गर्ने प्रवृत्तिलाई पूर्ण रूपमा निरुत्साहित गर्नुपर्छ । पत्रकारिता वा राजनीति ? त्यसमध्ये एउटा लक्ष्य बनाएर अघि बढ्न

आवश्यक छ । दुइटा डुङ्गामा खुट्टा राख्ने प्रवृत्तिले पत्रकारिता क्षेत्रमा अपेक्षाकृत सुधार आउन सक्दैन । बरु विकृतिहरू भित्रिरहने सम्भावना रहिरहन्छ ।

- प्रकाशक-सम्पादक, कार्यकारी सम्पादक, सहायक सम्पादक र संवाददाता कसैले पनि चाकडी गरेको भरमा फाइदा लिने अपेक्षा राख्नु हुँदैन । योग्यता र क्षमतालाई आधार बनाएर अघि बढ्नुपर्छ ।
- साप्ताहिक पत्रिकामा महिलाको सहभागिता बढाउन जरुरी छ । महिलालाई पत्रकार बन्न प्रोत्साहन गर्नुपर्छ र उनीहरूलाई आरक्षणका रूपमा भन्दा पनि क्षमताका आधारमा जिम्मेवारी दिनुपर्छ । जसले गर्दा उनीहरू यही पेसालाई निरन्तरता दिन उत्सुक होऊन् ।
- पत्रिकाहरूमा भौगोलिक, जातीयताभन्दा पनि योग्यता र क्षमताका आधारमा प्रवेश गर्ने वातावरण तयार पार्नुपर्छ । उनीहरूको क्षमता, चाहना र पेशाप्रतिको प्रतिवद्धतालाई मुख्य आधार बनाउनुपर्छ ।
- साप्ताहिक पत्रिकामा राजनीतिको तुलनामा अरू विषयमा समाचार लेख्नेहरूको कम पाइएको छ । समाजमा रहेका आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका पक्षमा पनि समाचार लेख्न प्रोत्साहन गर्नुपर्छ । विषयगत आधारमा समाचार संकलन कार्यलाई प्राथमिकताका साथ अघि बढाउन जरुरी छ ।
- साप्ताहिक पत्रिकामा कार्यरत सबै पत्रकारहरू पेसाप्रति पूर्ण रूपमा सन्तुष्ट रहेको पाइँदैन । उनीहरूमा विभिन्न खाले गुनासा र असन्तुष्टि छन् । सोही पेसामा रहनु र असन्तुष्टि प्रकट गर्नु राम्रो पक्ष होइन । यस्तो प्रवृत्तिले पत्रकारिता क्षेत्रलाई दुर्घटनाको सँघारतर्फ उन्मुख गराउँछ । अर्को पेसामा जान खोज्ने, दत्तचित्त भएर काम नगर्ने प्रवृत्तिले पत्रकारितामा स्तरीयता कायम हुन सक्दैन । तसर्थ पत्रकारहरू किन असन्तुष्ट छन् भनेर अनुसन्धान गर्ने, बुझ्ने र समस्यालाई बेलैमा समाधान गर्नेतर्फ कदम चाल्नुपर्छ ।
- सम्पादक तथा प्रकाशकले संवाददातालाई निष्पक्ष तथा बस्तुगत भएर समाचार संकलन गर्न प्रोत्साहित गर्नुपर्छ, न कि आग्रह र पूर्वाग्रहका आधारमा । प्रकाशक तथा सम्पादकले नै वस्तुगत भएर समाचार लेख्न प्रोत्साहित गरेपछि सवांददाताहरुमा रहेको आग्रह/पूर्वाग्रह पनि कम हुँदै जान्छ । सत्य समाचार छ भने जुनसुकै पक्षको दिने र गलत रहेछ भने रोक्ने काम गर्नुपर्छ ।
- सर्वेक्षणमा सहभागी भएका पत्रकारले साप्ताहिक पत्रिकाहरू राजनीतिबाट धेरै प्रभावित भएको, पत्रिकाहरूमा राजनीतिक पूर्वाग्रह झल्किएको बताएका छन् । पत्रकारहरूबाट यस्तो विश्लेषण आउनु व्यावसायिक पत्रकारिताका लागि पक्कै पनि सुखद् कुरा होइन । तसर्थ अरूको बारेमा आलोचना गर्ने र विश्लेषण गर्नुभन्दा आफ्नो पत्रिकाको बारेमा पनि उनीहरूले समिक्षा गर्न जरुरी छ । यसो गर्दा जनताले साप्ताहिक पत्रिकाबाट के चाहेका छन् ? र अहिले के भइरहेको छ भन्ने कुरा बुझ्न सकिन्छ ।
- एउटै मुद्दामा पनि विभिन्न साप्ताहिक पत्रिकाहरुले विभिन्न खेमाका पार्टी नीति अनुरूप लेखेको पाइयो । आफु निकटको दलको गतिविधीहरुको आलोचना नगर्ने बरु प्रशंसा गर्ने तर आफुनिकट बाहेकका दलहरुको आलोचना मात्रै गर्ने प्रवृति पनि साप्ताहिक पत्रिकाहरुमा पाइयो । त्यसैले कुनै

दलविशेषको गुणगान मात्रै गाउने र कुनै दलका विरुद्ध कटाक्ष गर्ने प्रवृति छाडेर साप्ताहिक पत्रिकाहरुलेसन्तुलित र निष्पक्ष ढंगबाट समाचार प्रस्तुत गर्नुपर्छ ।

### ६.३ अनुसन्धानका थप मुद्दाहरू (Subjects matter for further Study)

साप्ताहिक पत्रिकाहरूका विषयमा आगामी दिनमा पनि थप अनुसन्धानका लागि धेरै विषय छन् ।

- साप्ताहिक पत्रिका र त्यहाँ कार्यरत पत्रकारहरूको आर्थिक अवस्था,
- साप्ताहिक पत्रिकामा समाचार प्रवाह शैली,
- साप्ताहिक पत्रिकाको बिक्रीवितरण,
- साप्ताहिक पत्रिकाको समाचारको स्तरीयता,
- साप्ताहिक पत्रिकाको समाचारमा प्रयोग गरिएको भाषाको अवस्था,
- साप्ताहिक पत्रिकामा आचारसंहिताको पालना,
- साप्ताहिक पत्रिकाहरूमा जनशक्तिको अवस्था,
- राजनीतिक परिवर्तनले साप्ताहिक पत्रिकामा पारेको असर,
- साप्ताहिक पत्रिकाहरूमा रहेका सकारात्मक तथा नकारात्मक पक्ष,
- साप्ताहिक पत्रिकाहरूमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था

लगायतका विषयहरूमा अध्ययन अनुसन्धान गर्न सकिन्छ । साप्ताहिक पत्रिकासँग सम्पन्धित यी सबै विषयहरूमा अनुसन्धान गर्दै अघि बढ्ने हो भने साप्ताहिक पत्रिकाको साङ्गोपाङ्गो स्थिति थाहा हुन सक्छ ।

## ७. सन्दर्भ सामग्रीहरू (References)


अधिकारी, ध्रुवहरि । २०५९ । साप्ताहिक पत्रिकाको भावी दिशा । *नेपाल जागरण,* २७ जेठ, पृ ४ ।

कपिल लामिछाने, ऋषिराम भुसाल र पञ्चप्रसाद शर्मा । २०५९ । *पत्रकारिताको रूपरेखा* । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कार्की, विपेन्द्र । २०६० । साप्ताहिक पत्रिकाको अधोगति । *पत्रकारिता,* (असार/साउन) पृ २४-२५ ।

केसी, भुवन । २०६१ । *श्रमजीवी पत्रकार ऐन : कार्यान्वयनको अवस्था र चुनौतीहरू* । अप्रकाशित शोधपत्र । पत्रकारिता तथा आमसंचार केन्द्रीय विभाग ।

खनाल, चिरञ्जीवी । २०५६ । साप्ताहिक समाचारपत्रका चुनौतीहरू । *खबर* (पुष-फागुन) पृ ६-९ ।

खनाल, चिरञ्जीवी । २०५६ । नेपाली साप्ताहिक समाचारपत्रका वर्तमान चुनौतीहरू । *गतिविधि,* १ असोज, पृ ५)

खोज पत्रकारिता केन्द्र । २०६३ । *संकटकालका प्रेस सामग्री* । प्रकाशोन्मुख पुस्तक । ललितपुर : खोज पत्रकारिता केन्द्र ।

गाउँले, शिव । २०५६ । दुब्लाउँदै गएका साप्ताहिक पत्रिकाहरू । *खबर* (पुस-फागुन) पृ ३-५ ।

गौतम, राजाराम र मुकुल हुमागाईं । ०६१ । महान् मिडिया क्रान्ति । *नेपाल* साप्ताहिक, ३ साउन, पृ २४-३१

घिमिरे, सोमनाथ । ०६१ । साप्ताहिक पत्रिकाका समस्या र भविष्य । *पत्रकारिता* ( कार्तिक-मंसिर) पृ २९-३१ ।

ढुङ्गाना, दमननाथ । २०५८ । साप्ताहिक पत्रिकाका चुनौती र सम्भावना । *गतिविधि* , २० जेठ, पृ ३ ।

देवकोटा, गृष्मबहादुर । २०५१ । *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* । काठमाडौं : साझा प्रकाशन ।

नेपाल, किशोर । २०५७ । *जनमतसंग्रहदेखि जनआन्दोलनसम्म* । काठमाडौं : व्यावसायिक पत्रकारिता प्रतिष्ठान ।

नेपाल, प्रदीप । २०५४ । अखबारलाई महाधिवेशन लागेर हुन्छ र ? *दृष्टि,* ३ भदौ, पृ १/८ ।

पाण्डे, युवराज, सं । २०५५ । *नेपाली पत्रकारिताको विकासक्रम* । काठमाडौं : नेपाल प्रेस काउन्सिल ।

प्रेस काउन्सिल नेपाल । ०६२ । *प्रेस काउन्सिल नेपाल ३० औं वार्षिक प्रतिवेदन* । काठमाडौं : प्रेस काउन्सिल नेपाल, असोज ।

*बहुलवादी नेपाली समाजमा आमसंचार*। २०५४। काठमाडौं : पत्रकारिता विभाग त्रिविवि र फेडरिक इवर्ट स्टिफ्टुङ।

रेग्मी, शिव र पी. खरेल। २०५८। *नेपालमा आमसंचारको विकास*। काठमाडौं : नेपाल आमसंचार प्रशिक्षक संघ

वन्त, प्रत्यूष। २००४ (२०६१)। मिडिया र उदार प्रजातन्त्र। *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*। मेरी डेशेन र प्रत्यूष वन्त, सं, पृ ५७५-५९६। काठमाडौं : सोसल साइन्स बहाः।

शर्मा, मुक्तिनाथ। २०५९। नेपालमा साप्ताहिक पत्रिकाको अवस्था। *घटना र विचार,* १२ असार, पृ ६।

साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल। ०६३। *लोकतन्त्र स्मारिका*। काठमाडौं : साप्ताहिक पाक्षिक राष्ट्रिय सञ्जाल, जेठ।

Bhattarai, Binod. 2004. *Nepali Press Under Emergency A Survey of the First Six Months*. Kathmandu. Centre for Investigative Journalism/Himal Books.

Gardner, Janet E. *Writing Research Papers with Literature and It's Writers.* Boston: Bedford Books.

Ghimire, Som Nath. 2000. "Weekly Newspapers Strides over the years". *Media Nepal, 2000*. P. Kharel (ed) P 51-91. Kathmandu : Nepal Press Institute with the support of DANIDA.

Gibaldi, Joseph. 2000. *MLA Handbook for Writers of Research Papers* (5th Edition). New Delhi: East West Press Private Limited.

Gurung, Chun B., 2002. "Fast growing media industry and weeklies". *The Space Time Today.* April 19. P 4.

Khanal, Chiranjibi . 2001. "Weeknesses of Neplese Journalism". *Media Issues in Nepal*. P Kharel (ed). P 111-126. Kathmandu: Nepal Association of Media Educators with support from FES.

Kharel, P. 2002. "Understanding Media Practices". *Media in Society*. P. Kharel (ed). P 1- 17. Kathmandu : Nepal Press Institute (NPI) with the support of DANIDA.

Neuman, W. Lawrance. 2003. "Theory and Research". (Chapter 3) in *Social Research Methods*. Boston, Allyn & Becon. P 41- 67.

Onta, Pratyoush. 2000. "The plight of dogmatic weeklies". *The Kathmandu Post.* September 22, P 4.

Paudyal, Badri. 1995. "Political News or news about politics *?". Ideas and Reflections*. Mukti Rijal & Badri Paudyal (ed). P 21- 24. Kathmandu : Seminar Group Mass Media and Democracy.

Spurr, David. 1996. *The Rhetoric of Empire Colonial Discorse in Journalism, Travel Writing and Imperial Adminstration.* London : Duke University Press.

Srivastava, Vinaya Kumar (ed). 2004. "Character of Social Research" in *Methodology and Field Work.* Oxford. P 51-56.

# ८. अनुसूचीहरू

## ८.१ प्रश्नावली

## ८.२ अनुसन्धानमा सहभागी साप्ताहिकहरूको नाम

**प्रेस काउन्सिलको वर्गीकरणअनुसार पत्रिकाको श्रेणी**

क श्रेणी

ख श्रेणी

ग श्रेणी

घ श्रेणी

## प्रश्नावली

**पत्रकारिता तथा आमसञ्चार केन्द्रिय विभाग अन्तर्गत स्नाकोत्तरतहको शोधपत्रको लागि यो सर्वेक्षण गर्न लागेको जानकारी गराउछु। यो कार्यलाई सफल बनाउन यहाँको भूमिका निकै महत्वपूर्ण हुनेछ। यहाँको परिचय गोप्य रहने भएकाले सत्य/तथ्य सूचना उपलब्ध गराई सहयोग गरिदिनुहुनेछ भन्ने अपेक्षा राखेको छु। साथै, यहाँले दिनुभएको उत्तरहरु केवल शैक्षिक प्रयोजनको लागि मात्रै प्रयोग हुने जानकारी गराउन पनि चाहन्छु। - तिलक पाठक, रत्नराज्यलक्ष्मी क्याम्पस, प्रर्दशनी मार्ग काठमाण्डौ।**

**उमेर :**

**लिङ्ग :**

**पद :**

| | |
|---|---|
| सम्पादक | |
| कार्यकारी सम्पादक | |
| सह सम्पादक | |
| प्रमुख संवाददाता | |
| संवाददाता | |
| अन्य | |

**शैक्षिक योग्यता :**

| | |
|---|---|
| स्नाकोत्तर | |
| स्नातक | |
| प्रमाण पत्र | |
| एसएलसी | |
| एसएलसीभन्दा कम | |

**समुदाय :**

| | |
|---|---|
| ब्राम्हण | |
| क्षेत्री | |
| नेवार | |
| जनजाति ( खुलाउनुहोला) | |
| अन्य | |

**मूल वासस्थान :**

| | |
|---|---|
| तराई | |
| पहाड | |
| हिमाल | |

**१. तपाईले पत्रकारिता सुरु गर्नुभएको कति वर्ष भयो ?**

| | |
|---|---|
| ३ वर्षभन्दा कम | |
| ३ देखी ५ बर्ष | |
| ६ देखी १० बर्ष | |
| ११ देखी १५ बर्ष | |
| १५ बर्षभन्दा माथि | |
| भन्न चाहन्न | |

**२. तपाई पत्रकारिता पेशामा कसरी प्रवेश गर्नुभयो ?**

| | |
|---|---|
| प्रतिस्पर्धाबाट | |
| चिनजानबाट | |
| भनसुन गरेर | |
| अन्य | |
| भन्न चाहन्न | |

**३ तपाई कुन विषयमा लेख्नुहुन्छ ?**

| | सधै | प्राय | कहिलेकाँही | लेख्दिन |
|---|---|---|---|---|
| राजनीति | | | | |
| सामाजिक | | | | |
| अर्थ/ब्यापार | | | | |
| साहित्य/मनोरञ्जन | | | | |
| प्रहरी/अपराध | | | | |
| अन्य( खुलाउनुहोला) | | | | |

**४. तपाई प्रति अंक औषतमा कतिवटा समाचार लेख्नुहुन्छ ?**

| | |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ५ भन्दा बढी | |

**५. तपाई आफनो पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?**

| | |
|---|---|
| छ | |
| छैन | |
| अलिकति | |
| केही भन्न सक्दिन | |

**६. यदि सन्तुष्ट हुनुहुन्न भने भविष्यमा के गर्न चाहनुहुन्छ ?**

| | |
|---|---|
| पत्रकारिता नै गर्छु | |
| राजनीतिमा लाग्छु | |
| थाहा छैन | |
| अन्य क्षेत्र (खुलाउनुहोला) | |
| भन्न चाहन्न | |

**७ आफुले गर्दै आएको पत्रकारितालाई कसरी ब्याख्या गर्नुहुन्छ ?**

| | |
|---|---|
| ब्यवसायिक पत्रकारिता | |
| मिसन पत्रकारिता | |
| दुवै | |

**८. तपाई कुनै राजनीतिक दलको साधारण सदस्य हुनुहुन्छ कि ?**

| | |
|---|---|
| छ | |
| छैन | |
| भन्न चाहन्न | |

**९. कुन पार्टीमा आवद्ध हुनुहुन्छ ?**

| | |
|---|---|
| नेपाली काग्रेस | |
| एमाले | |
| नेका प्रजातान्त्रिक | |
| राप्रपा | |
| अन्य(खुलाउनुहोला) | |
| भन्न चाहन्न | |

**१०. तपाई कुनै राजनीतिक पार्टीको सक्रिय सदस्य हुनुहुन्छ ?**

| | |
|---|---|
| छु | |
| छैन | |
| भन्न चाहन्न | |

**११. यदि हुनुहुन्छ भने कुन पार्टीमा आवद्ध हुनुहुन्छ ?**

| | |
|---|---|
| नेपाली काग्रेस | |
| एमाले | |
| नेका प्रजातान्त्रिक | |
| राप्रपा | |
| अन्य(खुलाउनुहोला) | |
| भन्न चाहन्न | |

**१२ यदि अहिले हुनुहुन्न भने विगतमा हुनुहुन्थ्यो ?**

| | |
|---|---|
| थिए | |
| थिइन | |
| भन्न चाहन्न | |

**१३. यदि भएमा कुन पार्टीमा हुनुहुन्थ्यो ?**

| | |
|---|---|
| नेपाली काग्रेस | |
| एमाले | |
| नेका प्रजातान्त्रिक | |
| अन्य | |
| भन्न चाहन्न | |

**१४ यदि विगतमा आवद्ध भएर छाडनुभएको हो भने किन ?**

| | |
|---|---|
| पार्टीको नीतिसंग असहमत भएर | |
| चाहेको पद नपाएर | |
| पेशामा असर पर्ने भएर | |
| अन्य(खुलाउनु होला) | |

| | |
|---|---|
| भन्न चाहन्न | |

१५. यदि अहिलेसम्म कुनै पनि पार्टीमा आवद्ध हुनुहुन्न भने किन ?

| | |
|---|---|
| उपयुक्त वातावरण नमिलेर | |
| स्वतन्त्र हुन चाहेर | |
| पेशामा असर पुग्ने भएर | |
| अन्य(खुलाउनु होला) | |

१६. यदि राजनीतिक रुपमा आवद्ध हुनुहुन्छ भने त्यसको फाईदा लिनुभएको छ ?

| | |
|---|---|
| छ | |
| छैन | |
| केही भन्न चाहान्न | |

१७. यदि फाईदा लिनुभएको छ भने कस्तो किसिमको फाईदा लिनुभएको छ ?

| | |
|---|---|
| लाभको पद | |
| आर्थिक लाभ | |
| संस्थागत लाभ | |
| अन्य(खुलाउनु होला) | |
| भन्न चाहन्न | |

१८. पार्टी शक्तिमा पुगेपछि केही फाइदा लिने अपेक्षा राख्नुभएको छ ?

| | |
|---|---|
| छ | |
| छैन | |
| भन्न सक्दिन | |

१९. तपाईको राजनीतिक निकटता/आस्थाले तपाईको लेखनमा प्रभाव पारेको महसुस गर्नु भएको छ ?

| | |
|---|---|
| छ | |
| छैन | |

२०. तपाईको राजनीतिक आवद्धताले लेखनमा प्रभाव पारेको लाग्छ ?

| | |
|---|---|
| पार्छ | |
| पारदैन | |
| ग) केही भन्न सक्दिन | |

२१. राजनीतिक आस्थाका कारण तपाई पुर्वाग्रही भएर समाचार लेख्नु हुन्छ ?

| | |
|---|---|
| लेख्छु | |
| लेख्दिन | |
| भन्न चाहन्न | |

२२. तपाईको सम्पादक/प्रकाशकले तपाईलाई राजनीतिक पुर्वाग्रहीका आधारमा समाचार लेख्न दवाव दिन्छन ?

| | |
|---|---|
| दिन्छन | |
| दिदैनन | |
| केही भन्दिन | |
| अन्य | |

२३. तपाईले लेखेका समाचार राजनीतिक पूर्वाग्रहका आधारमा सम्पादन हुन्छन ?

| | |
|---|---|
| हुन्छन | |
| हुदैनन | |
| भन्न चाहन्न | |

२४.साप्ताहिक पत्रपत्रिकाहरुमा कत्तिको राजनीतिक प्रभाव झल्किएको पाउनु हुन्छ ?

| | |
|---|---|
| ज्यादै | |
| धेरै | |
| ठिक्क | |
| कम | |
| कत्तिपनि झल्किदैन | |

२५. तपाईले चिनेका साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरुमा राजनीतिक आस्था कत्तिका पाउनु भएको छ ?

| | |
|---|---|
| ज्यादै | |
| धेरै | |
| ठिक्क | |
| कम | |
| कत्तिपनि छैन | |

२६. अन्य साप्ताहिक पत्रिकाहरुको समाचार पढदा कत्तिको पूर्वाग्रही पाउनुहुन्छ ?

| | |
|---|---|
| ज्यादै | |
| धेरै | |
| ठिक्क | |
| कम | |
| कत्तिपनि पाउदिन | |

२७. पत्रकारहरुको राजनीतिक आवद्धताले उनीहरुको लेखनमा कत्तिको प्रभाव पार्छ भन्ने लाग्छ ?

| | |
|---|---|
| ज्यादै | |
| धेरै | |
| ठिक्क | |
| कम | |
| कत्तिपनि पार्दैन | |

२८. साप्ताहिक पत्रिकाका पत्रकारहरुले राजनीतिक रुपमा पूर्वाग्रही भएर समाचार लेख्छन् ?

| | |
|---|---|
| लेख्छन् | |
| लेख्दैनन् | |
| भन्न चाहन्न | |

२९. यदि लेख्छन् भने किन पूर्वाग्रही भएर समाचार लेख्छन् ?

| | |
|---|---|
| व्यक्तिगत लाभका लागि | |
| आर्थिक फाइदाका लागि | |
| तालिमको अभाव भएर | |
| सम्पादक/प्रकाशकको इच्छा पुरा गर्न | |
| आस्थाप्रतिको प्रतिवद्धता झल्काउन | |
| अन्य(खुलाउनुहोला ) | |
| भन्न चाहन्न | |

सहयोगका लागि धन्यवाद ।

अनुसुचि २

## सर्वेक्षणमा समावेश गरिएका पत्रिकाहरु

**क श्रेणी**

देशान्तर - आइतवार
दृष्टि - मंगलवार
वुधवार - वुधवार
जनआस्था - वुधवार
पिपल्स रिभ्यु - विहिवार
नेपाली पत्र - विहिवार
विमर्श - शुक्रवार
जनशत्ता - शनिवार

**ख श्रेणी**

घटना र विचार - वुधवार
छलफल - आइतवार
वुधवार - वुधवार
जन्मभूमि - शनिवार
जनधारणा - विहिवार
तरुण - सोमवार
प्रकाश - सोमवार
युगसम्वाद - मंगलवार
हाँक - वुधवार

**ग श्रेणी**

जनएकता - सोमवार
जनप्रहार - मंगलवार
ताजा खबर - मंगलवार
श्रम बुलेटिन -सोमवार

**घ श्रेणी**

रोडम्याप - विहिवार
अग्रगामी - सोमवार
जनताको आवाज - मंगलवार
कान्तिपुरी नगरी - शनिवार

अनुसुचि ३

## सामाग्री विश्लेषणमा सहभागी पत्रिकाहरु

**देशान्तर – आइतवार**
**जनभावना – सोमवार**
**तरुण – सोमवार**
**दृष्टि – मंगलवार**